# प्रहरी PRAHARI

ISSN 0266-1616

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ     वर्ष ६२,  अङ्क  २ असार - साउन   २०७७




विभिन्न उद्धारकार्यमा संलग्न नेपाल प्रहरी ।

## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६० वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा Phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काँटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमुलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागतयोग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका नेपाल प्रहरीको वेबसाइट : www.nepalpolice.gov.np र nepol.cd मा २०७७ बैशाख-जेठ अंकदेखि राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक

हिउँद वर्षा, दिन रात प्रहरीकै साथ,
नागरिक र प्रहरी मिलाऊ हातमा हात ।      - नेपाल प्रहरी ।

**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

# प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन

वर्ष : ६१ अङ्क : २ २०७५ असार-साउन



प्रमुख सल्लाहकार

प्र.ब.उ. कुबेर कडायत

सल्लाहकार

प्र.उ. मधुसुधन लुइटेल

प्र.उ. रमेश थापा

प्रधान सम्पादक

प्र.ना.उ. चन्चला श्रेष्ठ

सम्पादक

प्र.नि. होमबहादुर थापा

प्र.ना.नि.सरस्वाती बुढाथोकी

कम्प्युटर

प्र.नि.कल्पना अधिकारी

प्र.ना.नि.संगीता कार्की

आवरण

अनुराग

प्रकाशक

प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## नयाँ प्रहरी नेतृत्व र अपेक्षा

कुनै आलोचना वा विवाद नआउने गरी नेपाल सरकारले नेपाल प्रहरीको २८औं प्रहरी महानिरीक्षकमा शैलेश थापा क्षेत्रीलाई नियुक्त गरेपछि प्रहरी कर्मचारीहरू थप उत्साहित भएका छन् । संगठनले आफ्नो गरिमा कायम गर्न सफल भएको छ । वि.सं २०१२ सालमा विधिवत गठन भई गौरवमय इतिहास कायम राख्दै आएको नेपाल प्रहरीले वर्तमान संगठन प्रमुखको रूपमा विगतमाभैं फेरि एकपटक विवादरहित, जुझारु र सक्षम नेतृत्व पाएको छ ।

राष्ट्र र नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने नेपाल प्रहरी संगठन प्रमुखको नियुक्ति आम नागरिकको चासो र चर्चाको विषय हुने गरेको छ । त्यस्तो चासो र चर्चा भइरहँदा संगठन प्रमुख नियुक्तिमा सम्भावित उम्मेदवारहरूबाट प्रस्तुत भएको मर्यादित, स्वच्छ र शालीन व्यवहारको सर्वत्र प्रशंसा भयो । जुन अत्यन्तै सराहनीय र भावी पुस्ताका लागि अनुकरणीय रह्यो । यस सन्दर्भमा नवनियुक्त प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले आफ्नो दर्ज्यानी चिन्ह सुशोभन समारोहमा मन्तव्य व्यक्त गर्ने क्रममा राष्ट्र, नागरिक र सरकारको निस्वार्थ सेवा गर्ने प्रण गर्दै भन्नुभएको छ, “संविधान, ऐन, नियमले निर्दिष्ट गरेको सिमाभित्र रहेर नेपाल सरकार, गृहमन्त्रालयको निर्देशनमा सिंगो प्रहरी संगठनलाई साथ लिएर आफ्नो क्षमता र विवेकले भ्याएसम्म निस्वार्थ रूपमा

जनअपेक्षा पूरा गर्न खरो उत्रने इमानदार प्रयास गर्नेछु ।

यस अभिव्यक्तिबाट नेपाल प्रहरी निश्चय पनि इतिहासको सम्मान गर्दै वर्तमानमा नयाँ इतिहास रच्न तल्लीन रहने अपेक्षा राख्न सकिन्छ । संगठनमा सम्पूर्ण सदस्यहरूको सहकार्य, राज्यको तर्फबाट प्राप्त हुने सहयोग र समन्वय अनि उपलब्ध साधन स्रोतको उचित व्यवस्थापनमा नेतृत्वको सफलता निर्भर रहन्छ । उचित निर्देशन, भरपर्दो सहयोगी र स्वस्थ्य आलोचना पनि नेतृत्वलाई सफल पार्ने तत्व हुन् । राष्ट्र तथा नागरिकको अपेक्षा अनुरूप शान्ति सुरक्षा अमनचयन कायम राख्ने, अपराध नियन्त्रणमा अझ कौशलता प्रदर्शन गर्ने, प्रविधिमैत्री अनुसन्धान पद्धतिलाई अगाडि बढाउने, नागरिककै साथीको रूपमा प्रहरीलाई अझ क्रियाशील तुल्याउने, नागरिकप्रति प्रहरीको सम्मानलाई अझ उच्च बनाउने र प्रहरी संगठनलाई नागरिकबाट प्राप्त हुने इज्जत, मर्यादा, अपनत्व तथा विश्वास बढाउने कुरामा वर्तमान नेतृत्वलाई पूर्व सफलता प्राप्त हुने अपेक्षा गरिएको छ । नयाँ नेतृत्वबाट नवीन योजनासहित हुने वजनदार भूमिकाबाट संगठन अझ बढी सम्झनलायक हुने विश्वास आम नागरिकमा छ । साथै आन्तरिक सुरक्षा र नागरिकको हकहित संरक्षणको अहम् भूमिकामा प्रश्न उठ्ने छैन भन्ने विश्वास पनि छ ।

सबै अपेक्षा, विश्वास र भूमिका पूरा गर्न हरेक प्रहरी कार्यमा उच्च दृढता, सेवा प्रवाहमा स्तरवृद्धि, संगठनको सुदृढिकरण र आन्तरिक मूल्याङ्कन व्यवस्थामा प्रणालीगत प्रयोग आवश्यक छ । संगठनको स्वरूपले सबैलाई एकताबद्ध र एक अर्काप्रति आश्रित बनाएको सन्दर्भमा कुनै एक पक्ष कमजोर भए अन्य पक्षलाई असर गर्ने हुनाले आपसी अन्तरसम्बन्ध जति पारस्परिक र सुदृढ हुन्छ त्यति सफलता नजिक आउँछ भन्ने तथ्यलाई हृदयङ्गम गरी अगाडि बढ्नु श्रेयस्कर हुने देखिन्छ । संगठनको श्रीवृद्धिका लागि जीवन उत्सर्ग गर्ने वीर अमर प्रहरीले देखाएको कर्तव्यपरायणता र अतुलनीय योगदान थप उर्जा बन्न सक्छ । यी सबैको समायोजनका साथै कर्म क्षेत्रमा थप जोश, जाँगर र उमङ्गकासाथ क्रियाशीलताको उपज निश्चय पनि नकारात्मक हुने छैन ।

हरेक नयाँ नेतृत्वसँगै अपेक्षा पनि नयाँ हुन्छन् । वर्तमान नेतृत्वबाट राष्ट्र, नागरिक, प्रहरी संगठन र यसका सदस्यहरूले राखेका अपेक्षा पूरा हुने र ६५ वर्षे गौरवमय इतिहास बोकेको प्रहरी संगठनले नयाँ गति लिने विश्वास गर्न सकिन्छ । साथै नवनियुक्त प्रहरी महानिरीक्षकज्यूलाई 'प्रहरी द्वैमासिक परिवार' हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


♦ फौजदारी कसूरको अनुसन्धान सनाखत... ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी १
♦ चुप लाग्न पाउने अधिकार ✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी ७
♦ अपराधीको प्रकार ✍ पूर्व प्र व उ विक्रम गुरुङ १८
♦ पुरातत्व फरेन्सीक आर्कियोलोजी र प्रहरी ✍ देवेन्द्र भट्टराई ३०
♦ राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय.. ✍ प्र ना उ ई गण शेखर श्रेष्ठ ४५
♦ नेपाली समाज र नारी ✍ शशी श्रेष्ठ ५९
♦ नेपालको सन्दर्भमा प्रि मनसुन तथा... ✍ प्रनाउ भुवनेश्वर तिवारी ६३
♦ विभागिय कारबाही र व्यावसायीक धर्म ✍ प्रनानि सुरेश कुमार हायु ७५
♦ शान्ति ✍ कन्हैया प्रसाद यादव ८९
♦ गर्विलो इतिहास बोकेको नेपाल प्रहरी ✍ प्र ज उमेश अवस्थी १०४


## साहित्य / विविध


♦ भक्ति योगको महत्व ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत १२
♦ हजुरआमाको कथा ✍ घन बहादुर थापा १९
♦ बधाई ✍ पुरुषोतम बास्कोटा २३
♦ झिँगाको थोप्ले विष्ठा ✍ युवराज नयाँघरे २४
♦ पाप धर्म ✍ गोपाल चन्द्र भट्टराई ३५
♦ रैनक फेरिएको जात्रा ✍ मिम बहादुर लामा ५०
♦ पुजामा शरीरको प्रयोग ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' ५४
♦ सँगै बस्ने रहर ✍ हरिप्रसाद भण्डारी ५७
♦ महान दार्शनिक सुकरात ✍ राजेशमान के सी ६१
♦ सङ्घार नाघ्दै गर्दा ✍ यशु श्रेष्ठ ७३
♦ रहस्यबाट उदाएकी आशा ✍ पुजा मिश्र ८१

♦ सुनको सिक्री ✍ रामकुमार पण्डित क्षेत्री ९४
♦ रित्तो घर ✍ नन्दलाल आचार्य ९६

## गीत / कविता / गजल

♦ फर्केर आऊ घर ✍ बेनी बहादुर थापा ६
♦ पाखा पखेरा भरि नाँच्न पाऊ ✍ टीकाराम ढुलाल ११
♦ मानवताको एउटै नातामा ✍ मनिष प्रयत्न १७
♦ आफ्नै भाग्य ✍ सुर्यदीप थापा ४९
♦ मातृत्व ✍ सरिता पौडेल गुरागाई ५३
♦ सत्य हो ✍ नर बहादुर बि सी ५८
♦ उर्वशी ✍ शान्ति सापकोटा ६२
♦ गजल ✍ खेमराज खनाल ७४
♦ रक्षार्थ तिम्रो बालीको ✍ भावना सापकोटा ९५
♦ छिमेक ✍ दीपक शर्मा समीर १०९

## स्थायी स्तम्भ

♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी सङ्कलन : प्र ना नि संगिता कार्की ११०
♦ रसबस सङ्कलन : प्र ह शरणजंग भण्डारी ११०
♦ इतिहासको पानाबाट १११
♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु सङ्कलनः प्र स नि जनक आचार्य ११२

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# फौजदारी कसूरको अनुसन्धानमा सनाखत र यस सम्बन्धी कानूनी व्यवस्था



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

## १.सनाखत

कुनै पनि फौजदारी कसूर वा घटनासँग सम्बन्धित वस्तु वा व्यक्ति पहिचान वा एकीन गर्ने कार्य सनाखत हो । प्रचलित कानूनले अनुसन्धान वा अन्य कुनै प्रयोजनका लागि सनाखत गराउनु पर्ने अवस्था भएमा मात्र सनाखत गराउनुपर्ने व्यवस्था गरेको छ । सनाखतले मानिस वा वस्तु पहिचान गर्न मद्धत गर्दछ । कुनै घटनामा हत्या भएको वा आत्महत्या गरेको वा अन्य कुनै कारणले मरेको व्यक्ति यही हो भनेर पत्ता लगाउन सनाखत गराउनुपर्ने हुन्छ र त्यस्तो व्यक्तिलाई नजिकको आफन्त वा नातेदार वा चिन्न सक्ने व्यक्तिबाट सनाखत गराउनु पर्दछ भने कतिपय घटनामा शंकित वा संलग्न व्यक्ति एकीन गर्न वा पत्ता लगाउन पनि सनाखत गर्नुपर्ने हुन्छ । सनाखत अन्तर्गत व्यक्तिको पहिचानका लागि गरिने सनाखत र कसूरसँग सम्बन्धित दशी वा वस्तुको सनाखत गर्ने कार्य पर्दछन् । सनाखत गर्ने व्यक्तिले सनाखत हुने व्यक्ति वा वस्तुलाई चिन्न वा थाहा पाउन सक्ने अवस्था हुनुपर्छ । मानिस देखेको वा निजको हुलिया देखेको आधारमा वा कुनै वस्तु देखेको, थाहा पाएको वा पहिचान गर्न सक्ने अवस्था भएको व्यक्तिबाट मात्र सनाखत गर्न सकिन्छ । चोरीको घटनामा फेला परेको सामान चोरी भएको धनीबाट सनाखत गराउन सकिन्छ भने घटनामा प्रयोग भएको साधन वा वस्तु सम्बन्धित प्रयोगकर्ता वा धनी वा देख्ने व्यक्तिबाट सनाखत गराउन सकिन्छ ।

## २.सनाखत गराउनुपर्ने अवस्था

फौजदारी मुद्धा वा देवानी मुद्धाका सन्दर्भमा कतिपय अवस्थामा व्यक्ति, वस्तु वा लिखत पहिचान गर्नु पर्ने अवस्था पर्दछ । फौजदारी मुद्धामा शंकित वा पक्राउ परेको व्यक्ति वा अन्य कुनै व्यक्ति कसूरमा संलग्न व्यक्ति हो होइन भन्ने एकीन गर्नु पर्ने अवस्था पर्दछ । कसूर गरेको वा कसूर गरी भाग्दै गर्दा वा कसूर गर्न आउदा जाँदा

देख्ने वा थाहा पाउने व्यक्तिले विभिन्न आधारमा त्यस्तो व्यक्ति पहिचान गर्न सक्ने हुँदा सनाखत गराउनु पर्ने आवश्यकता पर्दछ । व्यक्ति पहिचान गर्दा वास्तविक र सही व्यक्ति नै पहिचान गर्न सकियोस भन्ने उद्धेश्यले सनाखत गरिन्छ । मानिस सनाखत गर्दा सनाखत गर्ने व्यक्ति घटना देखेको, निज घटनाको पीडित रहेको वा सनाखत हुने व्यक्तिलाई पहिले देखेको वा चिनेको वा नातेदार भएको वा हुलिया थाहा पाएको भएमा सनाखत गर्नसक्छ । वस्तु वा दशीको हकमा सनाखत गर्ने व्यक्ति सो वस्तु वा चीजको सम्बन्धित धनी, प्रयोगकर्ता, देख्ने थाहा पाउने व्यक्ति हुनसक्छ ।

**३. सनाखत सम्बन्धी कानूनी व्यवस्था**

प्रमाण ऐन, २०३१ को दफा २२ ले साक्षीले अदालत समक्ष सनाखत गरेको मुद्दासँग सम्बन्धित जुनसुकै दशी वा चीज वस्तु प्रमाणमा लिन हुने व्यवस्था गरेको हुँदा सनाखत गरेको दशी वा चीजवस्तु प्रमाण योग्य मानिन्छ । साविक मुलुकी ऐन अदालती बन्दोबस्त महलको नं १७३ न.मा मानिस सनाखत गराउने कार्यविधि सम्बन्धमा कानूनी व्यवस्था गरिएको थियो । उक्त व्यवस्था अनुसार मुद्दामा मानिस सनाखत गर्दा सनाखत गर्नुपर्ने मानिसलाई देख्न हेर्न नपाउने मानिसलाई सनाखत गराउने ठाँउमा राखी जुन मानिसलाई सनाखत गराउनु पर्छ सो मानिस जस्तै किसिमका उमेर, वर्ष, वर्ण पहिरन मिल्ने कम्तिमा चार जनामा नघटाई अरू मानिसहरू ल्याई यथासम्भव सबैलाई एकनास गराई निजहरूका साथमा उभ्याई राखी सनाखत गर्ने प्रत्येक मानिस छुट्टा छुट्टै ल्याई सनाखत गराउने व्यवस्था रहेको थियो । सो गराउदा चिनेमा चिनेको व्यहोरा र चिन्न नसकेमा नसकेको व्यहोरा लेखी मिसिल सामेल राख्नुपर्ने व्यवस्था थियो ।

साविक सरकारी मुद्धा सम्बन्धी ऐन, २०४९ को दफा १६ मा कुनै मुद्धामा अभियुक्तको सनाखत गराउनुपर्ने भएमा प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले प्रचलित कानूनको रीत पुराई सनाखत गराउन सक्ने व्यवस्था थियो । मानिस सनाखत गराँउदा प्रहरी वा अनुसन्धानकर्ताले अ.ब. १७३ नं को कानूनी प्रकृया अवलम्बन गर्नुपर्ने हुन्थ्यो । यसैगरी मुद्धासँग सम्बन्धित दशी वा चीजवस्तुलाई प्रहरी कर्मचारीले तोकिए बमोजिम रीत पुराई सनाखत गराउन सक्दथ्यो ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २४ ले कुनै मुद्धामा कुनै व्यक्तिको सनाखत गराउनु पर्ने भएमा कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले

सनाखत गराउनु पर्ने व्यवस्था गरेको छ । यसैगरी मुद्धासँग सम्बन्धित दसी वा चीज वस्तुलाई प्र.ना.नि. दर्जाको प्रहरी कर्मचारीले सनाखत मुचुल्का खडा गरी सनाखत गराउन सक्छ । सनाखत नगराएकै कारणबाट मात्र मुद्धाको काम कारबाहीमा कुनै तात्विक असर नपर्ने व्यवस्था रहेको हुँदा यो अनिवार्य हुँदैन । तथापी सनाखतले कसूरको अनुसन्धान र न्यायिक प्रकृयामा प्रमाणिक महत्व भने राख्दछ । संहिताको व्यवस्थाले मानिस सनाखत र वस्तु वा दशी सनाखत गर्ने व्यवस्था गरेको देखिन्छ ।

**३.१ मनिस सनाखत गराउने कार्यविधि**

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा २४ ले मानिस सनाखत गराउने कार्यविधि तोकेको छ । जस अनुसार मानिस सनाखत गराउँदा सनाखत गर्नु पर्ने व्यक्तिलाई देख्न र हेर्न नपाउने ठाउँमा राख्नु पर्ने हुन्छ । त्यस्तो व्यक्तिसँग मिल्दाजुल्दो उमेर, वर्ण वा शारीरिक स्वरूप भएको कम्तीमा चार जना व्यक्तिलाई सम्भव भएसम्म एकै किसिमको पहिरन गराई राख्ने र निजहरूलाई सनाखत गर्नु पर्ने व्यक्तिबाट प्रत्येक व्यक्तिलाई छुट्टाछुट्टै सनाखत गराउनु पर्ने हुन्छ । सनाखत गर्ने व्यक्तिले पहिचान गर्न सके वा नसकेको व्यहोरा अनुसूची १७ को ढाँचामा लेखी मिसिल सामेल राख्नुपर्दछ । मानिस सनाखत गराउने सम्बन्धमा साविक अ.ब. १७३ नं को व्यवस्थालाई नै कार्यविधि संहिताले पनि निरन्तरता दिएको छ ।

**३.२. दशी वा वस्तु सनाखत कार्यविधि**

फौजदारी कसूरको अनुसन्धान नियमावली, २०७५ को नियम २७ ले दशी वा वस्तु सनाखत गराउने कार्यविधि निम्न अनुसार तोकेको छ :

- कुनै मुद्धासँग सम्बन्धित दशी वा चीज वस्तु सनाखत गराउनु पर्दा सनाखत गराउनुपर्ने सम्बन्धित व्यक्तिलाई त्यस्तो दशी वा चीजवस्तु देखाई सनाखत गराउनुपर्ने,
- सो चीज वा वस्तुका बारेमा थाहा वा जानकारी पाउने व्यक्तिबाट सनाखत गराउन सकिने,
- कसूरको प्रकृति, वरामद वस्तु वा दशीको प्रकृति, सो वस्तु थाहा पाउने वा धनी व्यक्तिका आधारमा सनाखत हुनसक्ने,
- नियमावलीको अनुसूची १८ को ढाँचामा सनाखत गराउने,

**४. कसूरको अनुसन्धानमा सनाखतको महत्व**

- कसूर गर्ने वा संलग्न व्यक्ति पहिचान गर्ने प्रमाण,
- घटनाको सत्यता पत्ता लगाउने आधार,
- कसूरदार वा दोषी र बेकसूर वा

निर्दोष छुट्याउने आधार,

- ♦कसूर सम्बद्ध दशी वा वस्तु पहिचान गर्ने माध्यम,
- ♦प्रमाणको रूपमा मान्यता,
- ♦अनुसन्धानको आधार,
- ♦कुनै पनि व्यक्ति वा वस्तु पहिचान गर्ने माध्यम, (दुर्घटना वा भवितव्य वा अन्य घटनाका सम्बन्धमा मानिस वा वस्तु )

**५. सनाखत सम्बन्धमा न्यायिक दृष्टिकोण**

**१. ने.का.प. २०७६, अंक ३, नि.न.१०२२९ नेपाल सरकार वि.राजेन्द्र मण्डल समेत मुद्दा जि.मा.वे.**

♦पीडितले मौकामा प्रतिवादीलाई चिनी सनाखत गरेको कागजलाई अदालतमा बकपत्र समेत गरेको आधारमा प्रमाणमा लिन सकिन्छ । प्रतिवादीलाई पीडितले चिन्न सक्ने र चिनेर सनाखत गरेको अवस्थामा सनाखत प्रमाण मानिने मान्यता यस फैसलाले राखेको छ ।

**२. आरती पौडेल वि. जि.स.व.का. सुर्खेत समेत २०७१-WF- ०००१, सर्वोच्च अदालतल, आदेश मिति २०७१।८।२५**

♦फैसला ठहर भएको लगतवाला व्यक्ति पक्राउ गर्दा पहिचान गर्न द्विविधा भई एकीन गर्न प्रहरीले सो व्यक्तिको पहिचान गर्नसक्ने चिने जानेका व्यक्ति वा अपराध पीडितवाट सनाखत गराउन सक्ने, त्यसरी सनाखत गराएको कार्य गैरकानूनी नहुने । यो फैसलाले व्यक्ति पहिचान गर्ने कार्य फौजदारी कसूरको सन्दर्भमा अपराध पीडित, सो व्यक्तिलाई चिनेजानेको व्यक्तिबाट गराउन सकिने दृष्टिकोण राखेको छ ।

**३. ने.का.प. २०७५ अंक १२, नि.न. १०१४८ मुद्दा ज.क. सन्दीप नेपाली वि. नेपाल सरकार**

♦प्रतिवादीलाई पीडितले चिनी अनुसन्धानको क्रममा सनाखत गरेको र अन्य प्रमाणबाट समेत वारदातमा निजको संलग्नता देखिएको हुँदा कसूर ठहर हुने ।

**४ .राम नारायण मण्डल वि. श्री ५ को सरकार मुद्धा ज्यान, नेकाप २०४० अंक ९ नि.न. १७३८ , पूर्ण ईजलास**

♦वारदातमा प्रयोग भएको भनिएको भाला प्रतिवादीको घरबाट बरामद भएको भन्ने जिकीर भएपनि सो बरामद रगत लागेको भाला सनाखत नभएको र भालामा लागेको रगत मृतकको हो भन्ने रसायनिक जाँचबाट प्रमाणित भएको समेत नहुँदा प्रतिवादीले सफाई पाउने । यो फैसलाबाट कसूरमा प्रयोग भएका वस्तु फेला परेकोमा सो वस्तु कसको हो, कसले प्रयोग गरेको थियो भन्ने समेत एकीन गर्न र प्रमाणको रूपमा लिन सनाखत आवश्यक हुने कुरा देखाएको छ । अनुसन्धानमा सनाखतको महत्व र अनुसन्धानकर्ताको ध्यान जानुपर्नेमा

पनि यसले जोड दिएको छ ।

**५. ने.का.प. २०४४ अंक १ नि.न. २९७१ मुद्दा खुन डाँका श्री ५ को सरकार वि. हदिस मुसलमान समेत**

♦ प्रहरीले मानिस सनाखत गराउँदा अ.ब. १७३ न. को कार्यविधि अनुसार सनाखत नगराएको हुदाँ कार्यविधिको उल्लङ्घन गरी सनाखत गराएको प्रमाणमा लिन नमिल्ने । सनाखत गराउँदा कानूनले निर्धारण गरेको कार्यविधिको पालना भएमा मात्र त्यस्तो सनाखत प्रमाण योग्य हुने यो फैसलाले निर्देश गरेको छ ।

**६.सनाखत गराउने कार्यमा अनुसन्धानकर्ताको जिम्मेवारी**

कसूरको अनुसन्धानमा सनाखतको आफैमा प्रमाणिक महत्व रहन्छ भने अनुसन्धानको आधार र कसूरदार पत्ता लगाउने विधि पनि सनाखतलाई मान्न सकिन्छ । सनाखतले अनुसन्धानकर्तालाई कसूर र कसूरदार पत्ता लगाउन मदत गर्दछ भने सनाखत कागजले कसूर पुष्टि गर्न प्रमाणको रूपमा कार्य गर्दछ । प्रमाणको रूपमा मान्यता पाउँन सनाखत गर्दा कानूनले तोकेको कार्यविधि र प्रकृयाको पालना भने पूरा गर्नुपर्दछ । अनुसन्धानकर्तालेे कसूरको सम्बन्धमा मानिस वा दशी सनाखत गर्दा कार्यविधिको पालना गर्ने कुराका अलावा निम्न कुरामा ध्यान दिनुपर्दछः

- ♦ मानिस वा दशी सनाखत गर्दा कानूनले तोकेको निर्धारित ढाँचामा गर्ने गराउने,
- ♦ व्यक्ति सनाखत गर्दा सनाखत गराउनु पर्ने मानिससँग मिल्दो जुल्दो उमेर, वर्ण वा शारिरिक स्वरूप भएको व्यक्ति छनौट गर्ने र एकै पहिरनको व्यवस्था गर्ने,
- ♦ सनाखत गर्ने व्यक्तिले सनाखत हुने व्यक्तिलाई पहिचान गर्ने आधारबारे एकीन गर्ने, यसका लागि निजले सो व्यक्ति चिनेको वा हुलिया जानकारी भएको वा अन्य विश्वसनिय आधार भए नभएको हेर्न सकिन्छ ।
- ♦ सनाखत गर्ने व्यक्तिको सनाखत हुने व्यक्तिसँग कुनै विवाद भए नभएको वा निजसँग कुनै झैझगडा भए नभएको कुरामा पनि ध्यान दिनुपर्दछ । कहिलेकाहीं अनुसन्धानलाई अन्यत्र मोड्न वा अनावश्यक रूपमा फसाउन पनि सनाखत गर्न सक्ने अवस्था हुन सक्ने हुँदा विश्वसनीय आधार भएमा मात्र सनाखत गराउने तर्फ ध्यान दिने,
- ♦ वस्तु वा दशी सनाखतमा सो सनाखत गर्न सक्ने व्यक्ति पहिचान गर्ने, यसका लागि सम्बन्धित धनी, जिम्मा लिने व्यक्ति, सो वस्तु वा

दशीका सम्बन्धमा थाहा पाउने व्यक्ति वा प्रयोगकर्ता पहिचान गरी त्यस्ता व्यक्तिबाट सनाखत गराउने व्यवस्था गर्ने,

- सनाखत सम्बन्धी कार्यविधि र प्रमाणिकताका बारेमा सरकारी वकीलसँग समन्वय गर्ने,
- सनाखत गराउने अधिकारी कम्तीमा प्र.ना.नि.दर्जाको हुनुपर्ने कानूनी व्यवस्था रहेकोहुँदा सो कुरामा ध्यान दिने,
- सनाखत गर्ने व्यक्ति पहिचान गर्ने, निजसँग परामर्श गर्ने, सनाखतको कार्यविधि र प्रमाणिकताको बारेमा जानकारी दिने कुरामा ध्यान दिने,
- व्यक्ति सनाखत वा वस्तु सनाखत गर्ने कुरा एकीन गर्ने,
- सर्वोच्च अदालतको न्यायिक दृष्टिकोणको पालना गर्ने ।

♦♦♦

**कविता**

# फर्केर आऊ घर



✍ **बेनी बहादुर थापा**

बृटिस, हङकङ, क्यानडा अरू कतै जहाँ भएता पनि,
भन्नु पर्दछ खुब गौरव गरी नेपाली हुँ म भनी ।
सम्मानित होस् काम पनि त्यो बिर्सनु हुन्न घर,
नेपाल हुनुमा छ गौरव पनि नेपाल हाम्रो घर ।

फरफर पात गरेर पल्लवहरू डाक्छन् तिमीलाई ता,
कल-कलनाद गरेर फेरी नदीले डाक्छन् अरे लौ यता ।
आफ्नै भेष र भाषामा खुश हुँदै फर्केर आऊ घर,
नेपाली हुनुमा छ गौरव पनि नेपाल हाम्रो घर ।

देख्दैमा सुन झैं पहेल्पुर कति देखिन्छ फाँटैहरू,
तोरी सर्स्यू फेरी लौ सुन झैं देखिन्छन् स्वाँराहरू ।
यही नै सब मिल्छ यो धरणीमा के मिल्न बाँकी छ र,
माटोको ममता छ लौ यदि भने फर्केर आऊ घर ।

नाना औषधीहरू जंगल भरी, ठुटो र बुटोसँग,
ऊर्जा सिंचाई निमित्त नै जल पनि हाम्रा यी नदि सँग ।
यस्ता अनगिन्ती स्रोतहरू छन्, सम्झेर आऊ घर,
यो देशको ममता छ लौ यदि भने फर्केर आऊ घर ।

बोधित्व फल हुन्छ यो धर्तीमा रूद्राक्ष फेरी कतै,
यार्सा फेरी यहीं सिलाजित पनि पग्लेर ढुंगा कतै ।
मौरीको मह भिरमा र रूखमा यो मिल्ने ठाउँ छ र,
यतै केही गरेर लौ बस तिमी फर्केर आऊ घर ।

तिंदु, कटुस ऐंसेलु र घमरू यो यहीं नै मिल्दछ,
चुत्रो, काफल हर्रो बर्रो अमला यी यहीं नै मिल्दछ ।
यी तीनलाई त त्रिफला पनि भनौ दवाई नै हुन्न र,
यस्तै उद्यम केही गर तिमी लौ फर्केर आऊ घर ।

# चुप लाग्न पाउने अधिकार



✍ उपन्यायाधिवक्ता
सोमकान्त भण्डारी °

"कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन बाध्य पारिने छैन"[१] संवैधानिक व्यवस्था गरी यस विषयलाई मौलिक हकको रूपमा समावेश गरेको छ । यो हक भित्र अभियुक्तको मौन रहन पाउने वा साबित भई बयान गर्न पाउने अधिकार अन्तरनिहित भएको मानिन्छ । यस अवधारणाभित्र अभियुक्तको मौन रहन पाउने अधिकार (Right to Remain Silence), आत्मअपराधीकरणबाट संरक्षण (Right Regarding to Protection from Self Incrimination) र निर्दोषिताको अनुमानको सिद्धान्त (Principle of Presumption of Innocence) अन्तरनिहित भएको मानिन्छ ।[२] अमेरिकाको संविधानको यो व्यवस्था अन्तर्गत सर्वोच्च अदालतले सन् १९६६ मा Mirinda v. Arizona 1966 को मुद्धामा कुनै पनि गिरफ्तार गरिएको व्यक्तिलाई कानून व्यवसायीको सुविधा दिनुपर्ने, आफ्नो विरूद्ध बयान दिन कर नलाग्ने तर स्वेच्छाले बयान दिएमा निजले व्यक्त गरेको कुरा निज विरूद्ध प्रमाण लाग्न सक्ने, सो कुराको जानकारी नै नगराई कसूरमा सावित गराएको बयानको औचित्य नहुने सिद्धान्त प्रतिपादन गऱ्यो जसलाई फौजदारी विधिशास्त्रमा Mirinda Rule पनि भनिन्छ ।

कुनै कसूरको अभियोग लागेको

---

*°एलएल. एम. (फौजदारी कानून र संवैधानिक कानून), उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय,काठमाडौं ।*

*१) नेपालको संविधान, धारा २० को उपधारा (७) ।*

*२) फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७, दफाबार व्याख्यात्मक टिप्पणी, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, हरिहरभवन, ललितपुर, पृ. २७ ।*

व्यक्तिलाई निज उपरको अभियोगमा आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने हकलाई हकभन्दा सुविधाको रूपमा स्वीकार गरिएको पाइन्छ । फौजदारी विधिशास्त्रको प्रमुख सिद्धान्त कुनै अभियोग लगाइएको व्यक्ति निजले गरेको कसूर प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिने, प्रमाणको भार अभियोग लगाउने पक्षउपर हुँदा अभियुक्तलाई आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने अर्थात चुप लाग्ने अधिकार (Right to remain silent) हुने व्यवस्था बेलायतको कानून प्रणाली (Common law system) बाट विकसित भएका अवधारणाहरू हुन् ।[३] यसरी कुनै व्यक्तिउपर आरोपित अपराधको वारदात शङ्कारहित तरिकाबाट प्रमाणित गरिसकेपछि त्यस्तो वारदातमा संलग्न थियो भन्ने कुरा शङ्कारहित तवरबाट प्रमाणित गर्न सक्नुपर्दछ । अभियुक्तले चुप लागेर बस्न पाउदछ । कुनै अपराधमा अभियोग लगाइएको व्यक्ति आफ्नो समर्थनमा वा विरूद्धमा कुनै प्रमाण पेस गर्न बाध्य छैन । अभियुक्तले आफूउपर लगाइएको अभियोगलाई चुपचाप हेरी बस्न सक्दछ । ल्याटिन सूत्र ' Nemo tenetur seipsum accasare' नै यो सिद्धान्तले अंगालेको छ जसको अर्थ हुन्छ, 'कुनै पनि मानिस, चाहे त्यो स्वयम् अभियुक्त नै किन नहोस्, उसलाई त्यस्तो बयान दिन कर लाग्दैन जसले कुनै अपराधमा आफूलाई दोषी प्रमाणित गर्दछ' । आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने अधिकारको सान्दर्भिकता निम्न अवस्थामा हुन सक्छः[४]

- कुनै फौजदारी कसूरका सम्बन्धमा अधिकार प्राप्त निकायबाट अनुसन्धान, तहकिकात वा पूर्पक्ष लगायत न्यायिक निरूपण हुँदा अभियुक्त उपर डर, धाक, धम्की वा प्रभाव पर्ने अवस्थामा ।
- आरोपित व्यक्ति आफ्नो विरूद्धमा साक्षी बन्नु पर्ने अवस्थामा अर्थात अभियुक्त उपर सोधपुछ वा बयानको क्रममा आफ्नो कसूर स्वीकार गर्नु पर्ने बाध्यताको विद्यमानतामा ।
- आरोपित व्यक्ति उपर स्वयम् अपराधी ठहर गर्नुपर्ने अवस्थामा ।

अभियुक्तको चुप रहने अधिकार (Right to Silence) छ । शपथ गरेर बयान दिनुपर्दैन, न त उससँग जिरह नै गरिन्छ । अभियोग

*३)मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन, व्यवस्थापिका संसद, पृ. २१३ ।*

*४)मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन, व्यवस्थापिका संसद, पृ. २१३ ।*

वादीले प्रमाणित नगरेसम्म ऊ निर्दोष रहन्छ । अर्कातिर अपराधमा सजाय गराउन चाहने पक्षलाई आफ्नो प्रमाण पेस गर्न लगाउँछ, आफ्नो दाबी प्रमाणित गर्न लगाउँछ र आफू खेलको नियममा झैं निष्पक्ष निर्णायक (Ampire) जस्तै रही निर्णय गर्दछ । अभियुक्तको अभियोग वादीले प्रमाणित गर्नु पर्दछ भन्ने सिद्धान्तकै परिणाम स्वरूप अभियुक्तको चुप लाग्न पाउने अधिकार आएकाले यसका बारेमा चर्चा गर्नु पनि केही सान्दर्भिक हुन आउँदछ । कुनै अभियुक्त अभियोगको शोधखोजमा जबरजस्ती उत्तर दिन बाध्य छैन । बाध्य गराएर स्वीकार गराइएको भए अन्य प्रमाणबाट प्रमाणित नभएसम्म उसको उक्त भनाइलाई प्रमाणमा लिन यस सिद्धान्तले रोक्दछ । भनिन्छ आफूले कुनै अपराध गरेको हुँ भनेर स्वीकार गर्नु सामान्य मानवीय आचरण विरूद्ध हो किनभने मान्छेको स्वभावतः आफूले गरेको अपराध लुकाउने प्रवृत्ति हुन्छ । अपवादात्मक रूपमा कहिलेकाहीं कुनै दैवी प्रेरणा वा प्रायश्चितको भावना वा पछुतोको आगोले पिल्सिएर वा अब अपराध स्वीकार नगरी धर भएन भन्ने बाध्यताका कारणबाट मात्र कसै कसैले अपराध स्वीकार गर्दछन् । यत्तिकै आधारमा कसूर प्रमाणित भएको मानिदैन र अभियुक्तलाई जबरजस्ती साबित गराउन पनि पाइदैन । यो नियमले आजको सामाजिक भावनालाई कदर गरेर उनीहरूको स्वाभिमान र स्वतन्त्रतालाई ठेस पुऱ्याउनबाट रोक लगाउन खोजेको देखिन्छ । आधुनिक मानवको स्वाभिमान र स्वतन्त्रता नै सभ्यता हो । कसैले अपराध गर्दछ भने प्रथमतः ऊ मानव हो र दोस्रोमा मात्र अपराधी । त्यसैले वादी पक्षले अपराध प्रमाणित गर्दाका अवस्थामा उक्त व्यक्तिको स्वाभिमान र स्वतन्त्रतामा कुनै असर पार्न हुँदैन । यदि उसैले उक्त अपराध गरेको भए अन्य प्रमाणहरू अवश्यै उसका विरूद्धमा हुन्छन् र ती प्रमाणहरूको सङ्कलन गरेर अभियोग वादीले प्रमाणित गर्नु पर्दछ ।[५] नेपालको कानुनले पनि यो सिद्धान्तलाई कानूनी मान्यता प्रदान गरेको छ । प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्धामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीमा हुन्छ भन्ने व्यवस्था गरी अभियुक्तलाई आफूले अपराध नगरेको भन्ने प्रमाण पेस गरिरहनु पर्ने बाध्यताबाट मुक्त गरेको छ ।

भनिन्छ, कसैलाई पनि आफूले

*५) नरेन्द्रकुमार श्रेष्ठ (२०५०), साबिती बयान (प्रथम संस्करण), रत्न पुस्तक भण्डार, काठमाडौं, पृष्ठ १०(११ ।*

पाउने सजायको अनिश्चित यन्त्रका रूपमा प्रयोग गर्न सकिदैन । यदि निजलाई ईच्छा लाग्छ भने आफ्ना विरूद्ध बयान दिन सक्दछ तर उसलाई कुनै शारीरिक वा नैतिक बाध्यताबाट कर लगाइन्छ भने यसलाई अस्वीकार गर्न सकिन्छ । अभियुक्तलाई बाध्य गरी लिइएको बयानलाई प्रमाणमा लिन हुँदैन भन्ने व्यवस्थाको कसरी सुरूवात हुन गयो भनी किटान गर्न गाह्रो छ तर पनि महादेशीय प्रणालीमा भएको निर्मम यातना दिने बर्बर जङ्गली पक्षबाट भस्केर वा डराएर यो नियम आएको हो भन्ने यसका पक्षधरहरूको विचार रहेको पाइन्छ । यो सिद्धान्त अनुसार अभियुक्तले झूटो बोलेमा वा कुनै प्रश्नको उत्तर नदिएमा निजले अपराध नगरेको भए किन झूटो उत्तर दिन्थ्यो वा किन बोल्न नसकेको भनेर मात्रै कसूर प्रमाणित भएको मान्न नहुने ठानिन्छ । निज अभियुक्तले अभियोग लगाइएको कसूर शङ्कारहित तवरबाट गरेको हो भनेर प्रमाणित नगरेसम्म अपराधी यही हो भनी किटुवा गर्न नसकिने फौजदारी न्यायको आदर्श हो । यही आदर्शलाई बोकेर संविधानले अभियुक्तसम्मलाई पनि जबरजस्ती आफू विरूद्ध बयान दिने कुरालाई इन्कार गर्न सक्ने अधिकारका रूपमा व्यवस्था गरेको छ । यसर्थ फौजदारी मुद्दामा अभियुक्त माथि लगाइएको अपराधको अभियोग वादी पक्षले नै प्रमाणित गर्नु पर्दछ । वादीमाथि रहेको प्रमाण पु¥याउने यो अभिभारा मुद्दाको सुरूवातदेखि अन्तसम्म रहिरहन्छ ।[६] वादीमा रहेको यो भार प्रतिवादीमा सर्न सक्दैन । वादीले यो शङ्कारहित तवरका प्रमाण पेश गरी प्रमाणित गर्न सक्नु पर्दछ । शङ्काको अवस्था रहेमा वा अभियुक्त माथि लगाइएको आरोप वादीले प्रमाणित गर्न नसकेमा मुद्दा हार्दछ र अभियुक्तले अभियोगबाट छुट्कारा वा सफाइ पाउँदछ । यदि वादीले प्रस्तुत गरेका प्रमाणमा शङ्का गर्ने ठाउँ धेरै छ र शङ्काको गुन्जायस धेरै छ भने ती प्रत्येक शङ्काको फाइदा स्वरूप अभियुक्तले रिहाई वा अभियोगबाट छुट्कारा पाउने बढी सम्भावना रहन जान्छ । यसैले भनिन्छ शङ्काको सुविधा अभियुक्त मा जान्छ।

**नजिरः**

**चन्द्रबहादुर नेपाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[७]**

*६) रजितभक्त प्रधानाङ्ग(२०४८), नेपाली प्रमाण कानूनको सामान्य परिचय (चौथो संस्करण), पृष्ठ २६५ ।*

*७)चन्द्रबहादुर नेपाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नेकाप २०५१ अंक ९ पृ. ६६६ नि.नं. ४९६८*

♦ आफ्नो विरूद्ध आफै साक्षी हुन नपर्ने संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले बाहेक आफ्नो विरूद्ध बोल्न बाध्य हुँदैन । अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थन वा विरूद्धमा प्रमाणमा लाग्न सक्छ । कुनै व्यक्ति केही नबोली चुप बस्दछ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन । उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइदैन । विशेष परिस्थितिमा कुनै ऐनले विशेष व्यवस्था गरी प्रमाणको भार मुद्धाको कुनै पक्षलाई तोक्दैमा संविधानद्वारा प्रदत्त आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने सिद्वान्त विपरित हुन जान्छ भन्न मिल्ने नदेखिने ।

**नन्दादेवी जोशी वि. नेपाल सरकार**[८]

♦ कानूनद्वारा आफ्नो विरूद्ध साक्षी हुन वा बयान दिन बाध्य पार्न नमिल्ने गरी संरक्षण वा सुविधा प्रदान गरेको अवस्थामा आफ्नो विरूद्ध प्रमाण लाग्ने गरी सहजरूपमा तथ्यका बारेमा मौन रहने नैसर्गिक वैयक्तिक स्वतन्त्रता भित्र पर्दछ । तसर्थ सोलाई आरोप पुष्ट्याईको कडी मान्न नमिल्ने ।

*८)नन्दादेवी जोशी वि. नेपाल सरकार नेकाप २०६९ अंक १ नि.नं. ८७६० पृ. १३०*

**कविता**

## पाखा पखेरा भरि नाँच्न पाऊ



✍ **टीकाराम दुलाल**

डाफें जुरेली चरी साथ घुम्दै
अग्ला हिमाली चुचुरा नि चुम्दै
नेपाल मेरो सब ठाउँ जाऊँ
पाखा पखेरा भरि नाँच्न पाऊँ ।१।

सौभाग्य मेरो छ छु भाग्यमानी
सोचेर पनि म त हुन्छु पानी
जन्मेर आए यही बाच्न पाऊँ
पाखा पखेरा भरि नाँच्न पाऊँ।२।

नेपाल मेरो भनि गर्व गर्छु
यो देश खातिर जिउछु र मर्छु
भण्डा उचाली कसरी अघाऊँ
पाखा पखेरा भरि नाँच्न पाऊँ ।३।

पर्दैन ठूलो भनि भन्नु आज
सच्चा म गोर्खे रह्यो के को लाज
यो छाती चौडा गरि हास्न पाऊँ
पाखा पखेरा भरि नाँच्न पाऊँ ।४।

माथी हिमाली चुचुरा मिलेको
मैदान ठूला तल केचनाको
हास्दै र खेल्दै म त घुम्न जाँऊ
पाखा पखेरा भरि नाँच्न पाऊँ ।५।

बोकेर नाच्छु म त चन्द्र सूर्य
एकताको बिगुल फुकेर
मेची र काली पारी सम्म जाऊँ
पाखा पखेरा भरि नाँच्न पाऊँ।६।

# भक्ति योगको महत्व



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

मानिसहरू आफ्नो जीवनको सर्वोच्च उद्धेश्य मुक्ति प्राप्त गर्नको लागि कुनै पनि योगको बाटोबाट जान स्वतन्त्र छन् । कर्मयोग, ज्ञानयोग आदि कुनै पनि मार्गबाट गए पनि वास्तवमा श्रेष्ठ त्यही हुन्छ, जसलाई भक्ति प्राप्त हुन्छ । कर्मयोगी र ज्ञानयोगीलाई अन्तमा भक्ति प्राप्त हुन्छ । तर भक्तियोगी त सुरूबाट नै भक्तिमा लागेका हुन्छन् । जो कर्मयोग र ज्ञानयोग फल हो । त्यसैले भक्तियोग सर्वश्रेष्ठ छ ।

ज्ञान र भक्तियोग दुवै संसारको दुःख दूर गर्ने विषयमा समान छन् तर दुवैमध्ये ज्ञानभन्दा भक्तिको महिमा अधिक छ । ज्ञानमा त अखण्ड रस प्राप्त हुन्छ, तर भक्तिमा अनन्त रस प्राप्त हुन्छ । अनन्त रस प्रतिक्षण बढ्नेवाला, लहरावाला, उछालवाला एउटा ज्यादै विलक्षण आनन्द हो । जस्तो संसारमा कुनै वस्तुको ज्ञान हुन्छ, 'यो गाडी हो', 'यो किताब हो' आदि, यस्तो ज्ञानले खाली अज्ञान (अनजानपन) लाई मात्र मेटाउँदछ । यस्तै तत्व ज्ञानले भने वास्तविक अज्ञानलाई मेटाउँदछ । अज्ञान मेटिएपछि दुःख, भय, जन्म-मरणरूप बन्धन आदि सब मेटिन्छन् । तर प्रेम (भक्ति) ज्ञानभन्दा पनि विलक्षण छ । ज्ञान भगवानसम्म पुग्दैन तर प्रेम (भक्ति) भगवानसम्म पुग्दछ । ज्ञानको अनुभव गर्नेवाला त आफू स्वयम् हुन्छ, तर भक्ति (प्रेम)को अनुभव गर्नेवाला र ज्ञाता भगवान हुनुहुन्छ । भगवान ज्ञानको भोको नभएर प्रेमको भोको हुनुहुन्छ । मुक्त भएपछि ज्ञानयोगी सन्तुष्ट र तृप्त भइहाल्छन् । (गीता ३-१७) । तर प्रेम प्राप्त भएपछि भक्त सन्तुष्ट हुँदैनन् । किनकि उनीहरूको आनन्द उत्तरोत्तर बढिरहन्छ । अतः आखिरी तत्व प्रेम हो, मुक्ति होइन । यो नै बुद्ध धर्म र सनातन (हिन्दू) धर्ममा भिन्नता छ ।

जस्तो 'यो रूपैयाँ हो', भन्ने ज्ञान छ, अनजानपन रूपैयाँ भेटियो भने त्यस रुपियाँलाई पाउने लोभ पलायो भने 'अझ धेरै पाऊँ, अझ धेरै

पाऊँ'एक किसिमको विशेष रस आउँदछ । यस्तै भक्तिमा पनि एक विशेष रस आउँदछ । यसको तात्पर्य यो हो कि संसारमा जसरी रूपैयाँमा आकर्षित गर्ने शक्ति लोभमा नै छ यस्तै भगवानमा आकर्षित गर्ने शक्ति प्रेममा नै हुन्छ, ज्ञानमा हुँदैन । धनको लोभले त धेरै पतन गर्दछ । तर प्रेम (भक्ति) ज्ञानभन्दा बढी उन्नति गर्दछ । वस्तुको आकर्षणमा झन् रस छ, त्यो रस वस्तुमा र वस्तुको ज्ञानमा छैन ।

विवेकमार्ग (ज्ञान योग) मा सत् र असत् दुवैको मान्यता साथ-साथ रहनाले असतको अति सुक्ष्म सत्ता अर्थात अति सुक्ष्म अहम् धेरै लामो समय साथमा रहन्छ । यो सुक्ष्म अहम् अथवा अहमको संस्कार मुक्त हुँदासम्म पनि रहिरहन्छ । यो सुक्ष्म अहम् जन्म, मरण दिनेवाला त हुँदैन तर ईश्वरसँग अभिन्नता अर्थात प्रेम भईहाल्छ भन्ने यस्तो नियम छैन । यस सुक्ष्म अहम्को कारण नै दार्शनिकहरूमा र उनीहरूको दर्शनमा परस्पर मतभेद रहन्छ । तर विश्वास मार्ग (भक्तियोग) मा सुरू देखिनै भक्त एक ईश्वर शिवाय अरू कसैको स्वतन्त्र सत्ता मान्दैन । यसकारण भक्त ईश्वरसँग अभिन्न भईहाल्छन् । ईश्वरसँग अभिन्न भएपछि अर्थात प्रेमको उदय भएपछि सुक्ष्म अहम् तथा त्यसबाट पैदा हुनेवाला सम्पूर्ण दार्शनिक मतभेद सर्वथा भेटिन्छ । अर्थात द्वैत, अद्वैत, द्वैताद्वैत, विशिष्टद्वैत आदि जति पनि मतभेद छन्, ती सबै वाशुदेव रूप भईहाल्छन्, जो वास्तवमा हो पनि । यसैकारण 'वाशुदेवस्सर्वम' (गीता ७-१९) को अनुभव गर्नेवाला प्रेमी भक्तिको हृदयमा कुनै एक मतको आग्रह रहँदैन, बरू सबैको समान आदर रहन्छ । कुनै एक मतको आग्रह नहुनाले उसद्वारा कसैको पनि कहिले अनादर हुँदैन । यसको तात्पर्य यो भयो कि ज्ञानको एकता भन्दा प्रेमको एकता श्रेष्ठ छ । ज्ञानमा परमात्माबाट दूरी र भेद त मेटिन्छ तर अभिन्नता (मिलन) हुँदैन । तर प्रेममा (भक्तिमा) दूरी, भेद र भिन्नता तीनै कुरा मेटिन्छ । यसकारण वास्तविक अद्वैत प्रेम (भक्ति) नै हो ।

(प्रेम) मा यति शक्ति छ कि, यसमा भक्त भगवानको पनि इष्ट भईहाल्दछ । ज्ञानमार्गवाला मुक्तिलाई सबैभन्दा ठूलो चीज मान्दछन् । त्यसकारण मुक्तिभन्दा पनि पछिको चिज प्रेम (प्रेमभक्ति वा पराभक्ति)लाई कसरी सम्झिन सक्छन् र ? मुक्तिमा त अखण्ड रस छ, तर प्रेममा अनन्त (प्रतिक्षण वर्धमान) रस हुन्छ । प्रेम (भक्ति), मुक्ति, तत्वज्ञान, स्वरूप-बोध, आत्मा साक्षात्कार, केवल्यभन्दा पनि पछिको चीज हो ।

कर्मयोग र ज्ञानयोग यी दुवै लौकिक निष्ठाहरू हुन् । (गीता-३-३)। तर भक्तियोग लौकिक निष्ठा अर्थात प्राणीको निष्ठा होइन । जो भगवानमा लाग्दछन् त्यो भगवन्निष्ठ हुन्छ अर्थात उसको निष्ठा अलौकिक हुन्छ । उसको साधन र साध्य दुवै भगवान नै हुन्छन् । यसकारण भक्तियोग साधन पनि हो र साध्य पनि हो, त्यसैले श्री मुद्धा ११-३-३१ श्लोकमा भनिएको छ, 'भक्त्यां संजातया भक्त्या', अर्थात भक्तिबाट भक्ति पैदा हुन्छ । श्रवण, किर्तन, स्मरण, पादसेवन, अर्चन, बन्दन, दास्य, सख्य र आत्मनिवेदन, यी नौ प्रकारका साधनहरू भक्ति योगका हुन् । यसमा आउने अर्थात यी नौ साधनहरू पछि आउने प्रेमलक्षणा भक्ति 'साध्य भक्ति' हो । जुन कर्मयोग र ज्ञानयोग सबैको साध्य हो । (गीता १८-५४) । यो साध्यभक्ति नै सर्वोपरी प्रापणीय तत्व हो ।

ज्ञानयोगमा साधक अर्थात मनुष्य सत् र असत्को विवेकलाई महत्व दिएर असत्लाई त्याग गर्दछ । असत्को त्याग गर्नाले त्यागीको र त्याज्य वस्तुको सत्ता भावरूपबाट ज्यादै-ज्यादै टाढासम्म साथमा रहन्छ । यसकारण ज्ञानयोगमा असतको सर्वथा त्याग ज्यादै ढिलो हुन्छ । कर्मयोगमा मानिस (साधक) असत वस्तुहरूलाई त्याज्य नमानेर सेवा-सामग्री मान्दछन् । त्याग गर्दा निकृष्ट वस्तु त सजिलैसँग छुटिहाल्छ तर असल वस्तु छोड्न कठिन हुन्छ । अतः राम्रो वस्तुको त्याग गर्नुभन्दा त्यसलाई अर्काको सेवामा लगाउन सजिलो पर्दछ । निष्काम भावपूर्वक अर्काको सेवामा लगाउनाले असतको त्याग सुगमतासँग र छिटो भईहाल्दछ । भक्तियोगमा संसारलाई भगवानको अथवा भागवत्स्वरूप मान्नाले संसार (असत्) ज्यादै चाँडो लुप्त भईहाल्दछ र भगवान मात्र (सत्) रहन्छ । यसप्रकार ज्ञानयोग भन्दा कर्मयोगमा असत् (जड्ता)को चाँडो त्याग हुन्छ र कर्मयोगभन्दा भक्तियोगमा असत (जड्ता) को त्याग छिटो हुन्छ । किनकि भक्तिमा असत् रहँदै रहँदैन । 'सदसच्चाहम्' (गीता-९-१९) ।

सारांशमा भन्ने हो भने ज्ञानयोगभन्दा कर्मयोग श्रेष्ठ छ । तयोस्तु कर्मसन्यासात्कर्म योगो विशिष्यते (गीता-५-२) र कर्मयोगभन्दा भक्तियोग श्रेष्ठ छ, 'योगिनामपि सर्वेषा मदगतेनान्तरात्मना । श्रद्धाबान्भजते यो मांस मे युक्ततमो मतः ।' (गीता-६-४७)

◆◆◆

**लेखक काठमाडौं इन्जिनियररिङ्ग कलेजका एशोसिएट प्रोफेसर हुनुहुन्छ ।**

बालकथा

# हजुरआमाको कथा

सलिना आमाबाबाकी एक्ली छोरी हुन् । उनको बानी चकचके छ । आमाबाबाले भनेको पनि मान्दिनन् । स्कुल जान पनि आलटाल गर्छिन् । खाना मिठो भएन भन्दै रून्छिन् । उनको यस्तो बानी देखेर बाबाआमा दिक्क हुनुभएको छ ।

एक दिन बिहानै सलिनाले भान्साकोठामा पानी पोखाइन् । चकचक गरिन् । रिसाउँदै यताउता गर्दा पानीमा चिप्लेर लडिन् । अनि हुँ... हुँ...हुँ गर्दै रून थालिन् ।

बाबालाई सलिनाको निकै माया लाग्यो । उहाँले फकाउँदै भन्नुभयो, 'ओ हो मेरी प्यारी छोरीलाई निकै दुख्यो कि के हो ! नरोउ है एकैछिनमा निको भइहाल्छ नि ।'

आमाले भन्नुभयो, 'यसले त हैरानै पार्ने भई । आज शनिबारको दिन छ । फुर्सद पनि छ । बरू मन्दिरतिर लिएर जानुस् न सलिनाका बा यसलाई । भगवान्को दर्शन गराए केही सुध्रिन्छे कि !'

बाबाले भन्नुभयो, 'हिँड छोरी अब बाबासँग मन्दिर जाने । कति रमाइलो हुन्छ त्यहाँ ।'



✍ **घनबहादुर थापा**

सलिनाले जिद्दी गर्दै भनिन्, 'नाइँ म त कतै जान्न ।'

बाबाले भन्नुभयो, 'मन्दिर गयौ भने त्यताबाट फर्किंदा नयाँ जुत्ता किनिदिन्छु नि छोरीलाई ।' सलिना फुरूङ्ग परिन् । मन्दिर जान तयार भइन् ।

मन्दिरमा बाबाले भन्नुभयो, 'ल छोरी आँखा चिम्म गरेर भगवानको प्रार्थना गर । मलाई असल छोरी बनाइदेऊ भगवान् भन ।' बाबाले पनि आँखा चिम्म गर्नुभयो । आँखा खोल्दा सलिना त्यहाँ थिइनन् । आँखा बन्द गरेको मौका छोपेर सलिना भने त्यहाँबाट फुत्त भागिछन् । बाबाले उनलाई यताउता खोज्न थाल्नुभयो ।

सलिना भने चकचक गर्दै मन्दिर बाहिर निस्किइन् । मन्दिर छेउमा उनले एउटी बुढीआमालाई देखिन् । उहाँ बसेको ठाउँ फोहर

थियो । मन्दिरमा आउने मान्छेहरूसँग उहाँले खानेकुरा मागेको सलिनाले देखिन् । उहाँलाई कसैले सिक्का पैसा, कसैले चामल र कसैले फलफूल पनि दिए ।

सलिनाले सोधिन्, 'किन यस्तो फोहर ठाउँमा बस्नुभएको हजुरआमा ?'

बुढीआमाले पुलुक्क सलिनालाई हेर्दै भन्नुभयो, 'तिम्रो जस्तै सानो उमेरमा मैले ठूलो गल्ती गरें नानी । त्यही भएर अहिले त्यसैको सजाय भोग्दै बसेकी छु !'

'सानो उमेरमा ठूलो गल्ती !' यस्तो अचम्मको कुरा सुनेर सलिना छक्क परिन् । उनले जिज्ञासा राखिन्, 'कस्तो गल्ती हजुरआमा ?'

हजुरआमाले भन्नुभयो, 'म पनि एक समय तिमीजस्तै सानी थिएँ । त्यो बेला मैले बाबाआमाले भनेको मानिन । चकचक गर्दै जथाभवी हिंडें । हाम्रो पालामा स्कुल पनि पैदलै हिंडेर जानु पर्थ्यो । म स्कुल नगई बाटैमा लुकेर बसें। स्कुल गएर आएँ भन्दै घरमा झुटो बोलें। त्यसैले पढ्न पनि सकिन । नपढेपछि राम्रो मान्छे बन्न सकिँदो रहिन्छ ।'

'नपढेर हो त हजुरआमा तपाईंले यस्तो दुःख पाएको ?' सलिनाले सोधिन् ।

'नपढेको मात्रै हो र ? मैले त अरू धेरै गल्ती गरें नि', हजुरआमाले आफ्नो कथा भन्दै जानुभयो, 'सानो उमेरमै पल्लो गाउँको केटासँग भागेर बिहे गरें । लोग्नेको घरमा गएर पनि राम्ररी काम गरिन । मलाई त्यहाँ नराम्रो मान्छे भने । काम नगर्ने अल्छी भने । कसैले पनि रूचाएनन् । सबैले गाली गरे । उनीहरूले मलाई दुःख दिए । सहनै नसकेपछि म त्यो घर र लोग्ने छोडेर हिंडें ।'

हजुरआमाको कथा सलिनाले ध्यान दिएर सुनिन् । उनलाई विचरा हजुरआमाको निकै माया लाग्यो । उनले सोधिन्, हजुरआमा त्यसपछि कहाँ जानुभयो त ?

'कहाँ जानु र नानी', हजुरआमाले भन्नुभयो, त्यसपछि त मैले कतै पनि बास पाइनँ । रूँदै हिंड्न थालें । खान पनि कसैले दिएनन् । नाता, इष्टमित्रको घर जहाँ गए पनि कसैले मन पराएनन् । भागेर बिहे गरेर हाम्रो इज्जत नै फाली भन्दै बाबाआमाले माइतीघरमा पस्न दिएनन् । धेरै दुःख पाएँ । जीउ बलियो हुँदासम्म नदी किनारमा गिट्टी कुटेर खाएँ । त्यहीं चिसोमा पाल टाँगेर बसें। चिसोकै कारण रोगी भएँ । अलिअलि भएको पैसा उपचारमा सकियो । अहिले काम गर्न सक्तिन । त्यही भएर यहाँ आएकी छु । दयालु

मान्छेले खानेकुरा दिए भने खान पाइन्छ । नत्र भोकै बस्नुपर्छ ।

हजुरआमाको कथा सुनेर सलिनालाई निकै दुःख लाग्यो । 'नराम्रो काम गऱ्यो भने त यस्तो दुःख पाइने रहेछ,' उनले मनमनै सोँचिन् । उनलाई ती हजुरआमा आफ्नै हजुरआमा जस्तै लाग्यो । सोंच्दासोंच्दै उनका आँखाबाट बरर आँसु झरे । झन् झन् पिर पऱ्यो। । उनी घुक्कघुक्क रून थालिन् ।

'नरोऊ नानी', हजुरआमाले भन्नुभयो, 'सानो हुँदा लागेको बानी ठुलो भएपछि पनि हतपती हट्दैन । तिमी सानो उमेरमै राम्रो र असल बन्ने कोसिस गर्नु । बाबाआमाको प्यारी छोरी बन्नु । राम्ररी पढ्नु । राम्रो काम मात्र गर्नु । अनि उमेर पुगेपछि मात्र विवाह गर्नु । यत्ति गरेपछि मैले जस्तो दुःख पाइँदैन । राम्रो काम गरे सबैको आँखाको नानी बनिन्छ । नराम्रो काम गरे आँखाको कसिङ्गर बनिन्छ ।'

आँसु पुछ्दै सलिनाले वाचा गरिन्, 'हुन्छ हजुरआमा अब म कहिल्यै बाबाआमालाई दुःख दिन्न । उहाँहरूले भनेको मान्छु । स्कुल पनि जान्छु । गुरूहरूले पढाएको कुरा मन लगाएर राम्ररी सिक्छु । अहिले पनि म बाबालाई झुक्काएर भागेर यहाँ आएकी हुँ । बाबाले मलाई खोज्नु भए होला । अब म बाबासँग जान्छु ।'

सलिना जुरूक्क उठिन् । बाबा उनलाई खोज्दै त्यही आइपुग्नु भएको रहेछ । पछाडि बसेर सबै कुरा सुन्नु भएछ । छोरीको कुरा सुनेर बाबा निकै खुशी हुनुभयो ।

बाबालाई त्यहीँ देखेर खुशी हुँदै सलिनाले भनिन्, 'बाबा मैले आज हजुरआमा भेटेँ। उहाँलाई पनि हाम्रो घर लैजाऊँ है ।'

'हुन्छ छोरी,' बाबाले मुस्कुराउँदै भन्नुभयो । ♦♦♦

कविता

## मानवताको एउटै नातामा

✍ **मनिष प्रयत्न**

खै आजकल के खोज्छन् मान्छे
संसारै उत्खनन्मा लागेका छन्
दिउँसो पनि जागा नै छन् अनि
रातमा पनि सधैँ जागेका छन् ।।

आकाश कब्जा गरेउ गरेउ भन्थे
कति त बस्ति बसाउन लागेका छन् ।
आज सानो झिल्को महामारीमा
ती सबै विद्वान भागेका छन् ।।

प्रविधिको कायापलट चन्द्रमानै हातमा
मान्छेहरू अल्झि बसे ठूला साना जातमा
कसो होला मिलिजुलि बाँच्दा
मानवताको एउटै नातामा ।।

# अपराधीको प्रकार



पूर्व प्र.व.उ.विक्रम गुरुङ

अपराध 'CRIME' अग्रेंजी शब्दको पर्यावाची शब्द हो । CRIME फ्रेन्च शब्द हो, जसको अर्थ अपराध, कसूर, पाप आदि पर्यावाचीको रूपमा प्रयोग गरिन्छ । वास्तवमा CRIME शब्द लैटिन भाषाको शब्द 'CRIMEN' बाट उत्पन्न भएको हो । जसको अर्थ हुन्छ अलग गर्नु, यस प्रकार अपराध यस्तो घटना हो जसले अपराधीलाई समाजबाट अलग गराउँछ ।

अपराधी त्यसलाई भनिन्छ जसले अपराध गर्दछ । जुन प्रकारले अपराधको वर्गिकरण गरिएको छ त्यस्तै अपराधीको पनि विभिन्न वर्गिकरण गरिएको छ । यसरी अपराधशास्त्रीहरूले अपराधीको बारेमा विभिन्न मत व्यक्त गरेका छन्।अपराधको विश्लेषण गर्दा मुख्य रूपमा पाँच किसिमको अपराधी पाईन्छ ।

**१) पहिलो पटक कानुनको उल्लघंन गर्ने व्यक्ति (First Offender)**

**२) आकस्मिक (Casual)**

**३)अभ्यस्त (Habitual)**

**४) पेशेवर (Professional) तथा श्वेतवस्त्रधारी (White collared)**

पहिलो पटक कानूनको उल्लघङ्न गर्ने व्यक्ति त्यो व्यक्ति हो जसले आफ्नो जीवनमा पहिलो पटक अपराध गर्दछ । कहिलेकाहीं अपराध गर्ने व्यक्ति आकस्मिक अपराधी हो । अभ्यस्त अपराधीले पटक पटक अपराध गर्दछ तर उसले यसलाई अर्थोपार्जनको साधन बनाउँदैन । पेशेवर अपराधीले अपराध मात्र गर्दैन अपराधनै उसको जीवन धान्ने माध्यम बन्दछ । श्वेतवस्त्रधारी (White Collared) अपराधी उच्च आर्थिक तथा सामाजिक वर्गको सदस्य हुन्छन् र आर्थिक उद्धेश्यको लागि आफ्नो व्यवसायको माध्यमबाट अपराध गर्दछन् ।

अपराधशास्त्री सदरैण्डले दुई प्रकारको अपराधीको व्याख्या गरेका छन्, निम्न श्रेणीको साधरण अपराधी तथा श्वेतवस्त्रधारी (White Collared)

अपराधी । पहिलो श्रेणीमा उनले ती सबै निम्न आर्थिक र सामाजिक वर्गका अपराधीलाई राखेका छन् जसले केही निश्चित उद्धेश्यका लागि कानूनको उल्लघङ्न गर्दछन् र राज्यको कानूनले उनीहरूलाई दण्डित गर्दछ । दोस्रो श्रेणीमा समाजमा आफूलाई उच्च तहको ठान्ने व्यक्तिहरू जसले आर्थिक उद्धेश्यको लागि कानूनको उल्लघङ्न गर्दछन् ।

अलेक्जेण्डर र स्टाब (Alexander and Staub) ले अपराधीलाई दुई समूहमा उल्लेख गरेका छन्:आकस्मिक (Accidental) र दिर्घकालिक (Chronic) मा विभाजन गरेर दिर्घकालिकको तीन उपसमूह - सामान्य (Normal), तान्त्रिकमय पीडित (Neurotic), र शरीरविकृत (Pathological) व्याख्या गरेका छन्। असाधारण परिस्थितिको कारणले गर्दा आकस्मिक अपराधीले एक वा त्यसभन्दा बढी अपराध गर्न सक्दछ । दिर्घकालिक अपराधीले पटक पटक अपराध गर्दछ । सामान्य अपराधीले अन्य अपराधीको सम्पर्कमा आए पछी अपराध गर्दछ अर्थात उसले गरेको अपराध वास्तवमा उसको परिवेश र वातावरणको उपज हो । सामान्य अपराधीको अपराधमा समाजशास्त्रीय कारक, शरीरविकृत अपराधीमा जैविकीय कारक, तथा तान्त्रिकामय पीडित अपराधीमा मनोवैज्ञानिक कारक पाईन्छ । उत्सुकता, व्यग्रता, आकुलता, दोषी भावना एवं व्यक्तित्व संघर्षको कारण तान्त्रिकमय पीडित अपराधीले कानूनको उल्लघंन गर्दछ । शरीर विकृत अपराधीले आफ्नो अंग सम्बन्धी (Organic) विकृतिको कारण (जसमा मानसिक हिनता पनि आउन सक्दछ) यस्तो कार्य गर्दछन ।

अर्का अपराधशास्त्री डेविड अब्राह्मसेन (David Abrahamsen) ले अपराधीलाई क्षणस्थायी (Momentary) र दिर्घकालिक (Chronic) दुई प्रकारले उल्लेख गरेका छन् । उनको विचारमा क्षणस्थायी (Momentary) अपराधीले सामाजिक मनोवेग (Impulses) को कारणले परिस्थिति अनुसार एक वा दुई पटक मात्र अपराध गर्नपुग्दछ । दिर्घकालिक (Chronic) अपराधीले तीन वा त्यसभन्दा बढी अपराध गरेको हुन्छ । डेविड अब्राह्मसेन (David Abrahamsen) ले क्षणस्थायी (Momentary) अपराधीलाई तीन प्रकारले उल्लेख गरेका छन्: परिस्थितिगत (Situational), संसर्ग सम्बन्धी (Associational) र आकस्मिक (Accidental) । यस्तै प्रकारले दिर्घकालिक (Chronic) अपराधीलाई पनि तीन प्रकारले उल्लेख गरेका छन्: तान्त्रिकमय पीडित

(Neurotic), मनोरोगमय (Psycho-pathic), एवं मनोविक्षिप्त (Psychotic) ।

परिस्थितिगत(Situational) अपराधीहरूले परिस्थिति विशेषमा असामाजिक आवेगको दबाबमा अपराध गर्न पुग्दछन् तर अपराध गरे पश्चात पश्चाताप पनि गर्दछन् । उदाहरणको लागि एउटा भोको व्यक्तिले पसलबाट रोटी चोरेर खान्छ र पेट भरिए पछि चोरेकोमा दुःखित हुँदै पश्चाताप गर्दछ । न्यायलयले पनि यस किसिमको अपराधमा उनीहरूको तिव्र आवश्यकता र असाधारण प्रलोभनलाई ख्याल गर्दै एकदम साधरण दण्ड दिन्छन् ।

संसर्ग सम्बन्धी (Associa-tional) अपराधीलाई उसको वातावरण, असामाजिक परिवेश, अपराधिक परिवार ईत्यादिको प्रभावमा परेर अपराधमा संलग्न हुन पुग्दछन् ।

आकस्मिक (Accidental) अपराधीले कुनै भुलवश अपराध गर्न पुग्दछ जस्तैः असावधानी पूर्वक सवारी साधन चलाउँदा दुर्घटना हुनु वा लापरवाही पूर्वक हतियार चलाउँदा कसैको मृत्यु हुनु । यस्ता अपराधीहरूले आफ्नो गल्तीको महसुस गर्दै आफैलाई दोष दिन्छ र मानसिक चिन्ता (De-pression) मा डुब्न पुग्दछ । तान्त्रिकमय पीडित (Neurotic) अपराधिहरूमा अपराधको कारणले मानसिक पिडा तथा मनोग्रस्त समस्या देखिन्छ । अपराध गर्न उनीहरूलाई कुनै बाह्य प्रेरणा प्राप्त हुँदैन तर उनीहरूको अचेतन प्रेरणाको कारणले अपराध गर्न पुग्दछन् ।उसले गर्ने असामाजिक क्रियाकलापले उसलाई एक प्रकारको आत्मसन्तोष प्राप्त हुने गर्दछ । मनोरोगी (Psychopathic) अपराधीहरू संवेग र नैराश्यताबाट प्रभावित भएका हुन्छन् । माया स्नेहबाट बञ्चित तथा लामो समयसम्म बेरोजगार रहने व्यक्तिहरूमा निराशा देखिनु यसका उदाहरणहरू हुन् । यस्ता व्यक्तिहरूले माया तथा स्नेह पाउनको लागि वा धन कमाउनको लागि असामाजिक उपायको खोजीमा लाग्दछ । मनोविक्षिप्त (Psychotic) व्यक्ति मानसिक रूपमा अपूर्ण हुन्छन् यसर्थ कानूनले पनि उनीहरूलाई अपराधी मान्दैन ।

अपराधशास्त्री डेविड अब्राह्मसेन (David Abrahamsen) को यस वर्गिकरणमा व्यावहारिक र परिचालित (Operational) दृष्टिकोणको प्रयोग गरेर अपराधीको वातावरण सम्बन्धी पृष्ठभूमी, तत्कालिन परिस्थिति, समाजशास्त्रीय तत्व एवं व्यक्तित्व सम्बन्धी लक्षण जस्तै मनोवैज्ञानिक तत्वको आधारमा अपराधीलाई विभिन्न तीन प्रकारले उल्लेख गरेका छन् । यी तीन तत्वलाई वर्गिकरणको प्रमुख आधार मानेका छन् ।

(क) संख्या एवं निरन्तरता (Frequency), अर्थात अपराध गर्ने व्यक्तिले पहिलो पटक अपराध गरेको हो वा अभ्यस्त अपराधी हो,

(ख) समय (Time Factor), अपराध गर्ने व्यक्तिले गरेको अपराधको अवधि अर्थात कति समयको अन्तरमा अपराध गरेको हो,

(ग) अपराधको गम्भिरता(Seriousness of crime) घटित अपराधले समाज वा व्यक्तिलाई कति क्षति पुऱ्याएको छ ।

लिण्डस्मिथ र डन्हम (Lindesmith and Dunham) ले अपराधीहरूको व्यवहारको निरन्तरता (Continuum) को परिकल्पना गरेका छन् । एकातर्फ व्यक्तिवादीय (Individualized) अपराधीहरू र अर्कोतर्फ सामाजिक अपराधी उल्लेख गरेका छन् । व्यक्तिगत अपराधी उनीहरूलाई भनेका छन् जसको अपराध कुनै व्यवसाय होईन, तर उसले व्यक्तिगत कारणहरूका कारण एक्लै अपराध गर्दछ। परिस्थितिगत र आकस्मिक अपराधी यसका दुई उदाहरणहरू हुन् । यसको विपरित, सामाजिक आपराधी निपूर्ण र साहसीक आपराधिक कार्यहरूको कारण, अपराधीले समूहमा प्रतिष्ठित स्थिति प्राप्त गर्दछ र अन्य अपराधीहरूसँगको सम्पर्कको कारण ऊ एक अपराधी हुन्छ र अपराध गर्दछ। पेशेवर डकैती तथा तस्कर व्यापारीहरू यसका उदाहरणहरू हुन् । यी दुई प्रकारको अपराधी बाहेक लिण्डस्मिथ र डन्हमले तेस्रो प्रकारको अभ्यस्त परिस्थितिगत (Habitual-Situational) अपराधीको उल्लेख गरेका छन् । यस्ता अपराधीहरू वास्तवमा न त परिस्थितगत हुन्छन् न त पेशेवरनै हुन्छन् तैपनि सधैं कानून कार्यान्वयन गर्ने इकाईहरूका लागि टाउको दुखाईको विषय रहेको हुन्छ । यिनीहरू वैध आर्थिक क्रियाकलाप साथसाथै रहजनी र चोरीजस्ता कार्य पनि गर्दछन् । पिछडिएको गरिब बस्तीमा बस्ने बाल अपराधीहरूलाई अभ्यस्त परिस्थितिगत अपराधी मानिन्छ ।

**क्लिनार्ड (Clinard)** भन्ने अपराधशास्त्रीले पनि अपराधीहरूको व्यवहारको निरन्तरताको आधारमा अपराधीको दुई प्रकार मानेका छन् । एक प्रकारको अपराधीले अपराधलाई आफ्नो जीवनको प्रमुख व्यवसायको (Career Offender) रूपमा लिन्छन् भने अर्को प्रकारको अपराधीले अपराधलाई जीवनको साधन मान्दैनन् (Non career) । क्लिनार्ड (Clinard) ले अपराध प्रकार पद्धति (Typology)मा लक्षणको आधारमा विभिन्न प्रकार उल्लेख गरेका छन् ।

१) अपराधीको सामाजिक क्रियाकलाप

(२) अपराधसँग उनीहरूको समयोजन (Identification) को मात्रा
(३) स्वयं प्रतिको धारणा
(४) अन्य अपराधीसँगको सम्पर्क ढाँचा
(५) अपराधीको संख्यामा वृद्धि
(६) कति मात्रा सम्म आपराधिक व्यवहार व्यक्तिको जीवनमा अंग बन्न सक्दछ । यी लक्षणहरूको आधारमा उनले निम्न प्रकार उल्लेख गरेका छन्: विक्षिप्त अपराधी (Criminally insane), कामातुर अपराधी ( Extreme sex deviant), (Occasional), समलिंगी कामातुर अपराधी (Homosexual), अभ्यस्त तुच्छ अपराधी (Petty), श्वेतवस्त्रधारी अपराधी, साधारण अपराधी, संगठित अपराधी तथा पेशेवर अपराधी ।

अर्का अपराधशास्त्री गिबस (Giboons) ले दुई प्रकारको मापदण्ड (Criteria)परिभाषीय माप सम्बन्धी (Definition Dimension)र पृष्ठभूमीय माप सम्बन्धी (Background Dimension) प्रकार पद्धती (Typology) को आधार बनाएका छन् । **परिभाषीय माप सम्बन्धीमा उनले पाँच तत्वलाई सम्मिलित गरेका छन्** :
(१) अपराधको प्रकृति
(२) अन्य व्यक्तिसँगको सम्पर्कमा त्यो स्थिति जसबाट अपराध गर्न सकिन्छ।
(३) अपराधीको स्वयंप्रतिको धारणा,
(४) समाज एवं प्रहरी जस्तो समाजिक नियन्त्रण सम्बन्धी निकाय प्रतिको धारणा,
(५) व्यक्तिको आपराधिक जीवनमा अपराध गर्ने विधि ।

**यस्तै प्रकारले पृष्ठभूमीय माप सम्बन्धीमा उनले चार तत्वलाई सम्मिलित गरेका छन्:**
(१) सामाजिक वर्ग
(२) पारिवारिक पृष्ठभूमि
(३) साथीहरूसँगको सम्पर्क
(४) प्रहरी, न्यायालय र कारागार जस्ता निकायहरूसँगको सम्पर्क ।

यी मापदण्डहरूको आधारमा उनले पन्ध्र प्रकारको वयस्क अपराधी र नौ प्रकारको बाल अपराधी उल्लेख गरेका छन् । वयस्क अपराधीको केही प्रमुख प्रकार रहेको छ, पेशेवर चोर, अर्धपेशेवर, सम्पत्ति सम्बन्धी अपराधी, साधरण अपराधी, कारमोटर चोर, नक्कली चेक बनाउने, सिधा सादा अपराधी, श्वेतवस्त्रधारी अपराधी, अरूको सम्पत्ति हडप्ने अपराधी (Embezzler), हिंसात्मक कामातुर अपराधी, मनोविकृत उपद्रव गर्ने आपराधिक गिरोह, संघर्ष आपराधिक गिरोह, सामयिक (Topical) अपराधी, उत्साह प्राप्तका लागि कार मोटर चोरी गर्ने युवक, मादक पदार्थ सेवन गर्ने, बालिका अपराधी, व्यवहार सम्बन्धी समस्या भएको अपराधी र आक्रमणकारी

अपराधी उल्लेख गरेका छन् । अन्तमा उक्त विवेचनाहरूको आधारमा अपराध र अपराधीको यथार्थ धारणा तथा यिनीहरूको वैज्ञानिक वर्गिकरण अपराधशास्त्रमा अपराध सम्बन्धी ज्ञान संचित तथा पद्धतिवद्ध (Systematize) गर्न र अनावश्यक धारणालाई हटाउन एवं सामान्य सिद्धान्तको खोजी गर्नमा सहायक तथा उपयोगी हुनेछ भन्ने लाग्दछ । ♦

लघुकथा

## बधाई



✍ **पुरुषोतम बास्कोटा**

बखतेलाई बाल्यकालका साथीको छोरीको विवाहको निम्तो प्राप्त भयो । निम्तो कार्ड हेर्दा निकै आधुनिक प्रविधिबाट डिजाइन गरी निकै धनराशी खर्चेर छापिएको थियो । बखते एक मध्यम परिवारमा हुर्केर साधारण जीवन गुजारा गर्दै आएकोले विवाहको कार्ड हेर्दा सबै भन्दा पहिला उसलाई उपहारकै चिन्ता लाग्यो । निम्तो कार्ड तीन चार तहबाट सजिएको थियो । उसले ओल्टाइपल्टाइ हेर्दै जाँदा पछिल्तिरको पानाको अन्तिमतिर उपहारको लागि कष्ट नगर्नु होला भन्ने लेखिएको रहेछ । हुन त हिजो आज प्राय सबै निम्तालुहरूलाई जिन्सी उपहारको कष्ट नगर्नु होला भन्ने लेखिएकै हुन्थ्यो । तर यो निम्तामा जिन्सी शब्दको उल्लेख थिएन त्यसैले बखतेलाई लाग्यो साथी आर्थिक रूपमा निकै सम्पन भएकोले छोरीको विवाह उत्सवमा कुनै किसिमको नगद वा जिन्सी उपहार स्वीकार गर्ने मनसाय नरहेको भन्ने बुझ्यो । तर पनि खाली मुखैबाट बधाई भन्न अलि अशोभनीय हुन्छ की भनी बजारमा विभिन्न किसिमका बधाई कार्डहरू किन्न पाइने भएकोले बखतेले पनि एउटा हार्दिक बधाई तथा शुभकामना अङ्कीत कार्ड लिएर विवाह उत्सवमा गयो ।

साथीको आलिसान भवनमा विवाह भोजको आयोजना गरिएको थियो । ढोकामा साथी पाहुनाको स्वागतमा व्यस्त थियो । बखते पनि ढोकामा पुगेर साथीलाई नमस्कार गऱ्यो । साथीले पनि बखतेलाई खुशी हुँदै अङ्कमाल गरी स्वागत गऱ्यो । दुई साथीको बीचमा कुराकानी भयो र साथीले छोरीको परिचय गरायो । छोरी हेर यो बखते मेरो बाल्यकालको साथी हो । छोरीसितको परिचयपछि बखतेले धेरै धेरै शुभ-कामना छोरीलाई भनेर खल्तीबाट आफूले लगेको कार्ड निकाली दुलहीको हातमा थमायो । बखतेले शुभकामना कार्ड मात्र थमाएको देखेर अनुहार खुम्चाउँदै बखतेको मुखमा साथीले पुलुक्क हेऱ्यो ।

निबन्ध

# झिँगाको थोप्ले विष्ठा



✍ युवराज नयाँघरे

'सुनें सधैं, आज मलाई सुन्नुस् !'

'हो आमा, मलाई सुन्नै पर्छ तपाईंले । कत्ति अत्तालिनु भएको । पख्नुस्, एक छिन पर्खनुस् । सुनेर मात्र जानुस् । आज मेरा कुरा सुन्नै पर्छ । जतिसुकै हतारो भए नि नसुनी हुन्न तपाईंले आज मलाई ।'

'लाखौं किलोमिटर पर छु । हजारौं पहाड नाघेर यो बिरानो ठाउँमा छु । सयौं खोलानाला पार गरेर यो भूमिमा पुगेको छु । सात समुन्द्र काटेर यहाँ पुगे पनि-मन त सातै सेकेण्डमा तपाईं छेउ पुगिहाल्दो रै'छ !'

'आमा, रोगले संसारै निलिसक्यो । तपाईं खाली कुदेको कुदेकै गरेको सुन्छु । चुप्प लागेर तपाईं पिँढीमै बस्नुस् । मनग्गे कुद्नु भो । घरमै थन्काउनुस् आफूलाई अब । सधैं बित्यो-बित्यो भनेर हुर्दुराउनु भो । सधैं ढिलो भो-ढिलो भो भनेर अत्तालिनु भो । सधैं बियाँलो भो-बियाँलो भो मात्रै भनिरहनु भो । तर के भो त ती सबै अबेर, ढिलो र बियाँलोले ?'

'आमा, ढिलो भएकै छैन । बस्नुहोस् घरमै ।'

'आधा उमेरभरि हामीलाई पाउँदा-पाउँदा तपाईंको उमेर बित्यो । सात जना छोराछोरी जन्माउन, हुर्काउन, बढाउन र निरोगी पार्न खट्ता-खट्ता तपाईंलाई सधैं हतारै मात्र त भो । कतिखेर बित्थ्यो रात । दिन कतिखेर चिप्लिन्थे । साँझ कतिखेर बेगिन्थे । बिहान कतिखेर हराउँथे । तपाईंले समात्नै नपाईसमयको भर्भराउँदो ज्यान फेरिइसक्थ्यो । फुस्रो काँचुली मात्र सम्झनाको तिखो र खल्लो रूप भएर बसिरहन्थ्यो तपाईंको हत्केलामा !'

'आमा, मेरो सुन्नुस् त !'

'खेतमा आलु लाउन बित्यो, कात्तिके बोडी रोप्न ढिलो भो भन्नु हुन्छ रे । तने बोडीलाई थाङ्ग्रा नहाली भएन भनेर कुद्नु हुन्छ रे । काँक्रा, फर्सी नरोपी भएन भनी हाम्फाल्दै झटारिनु हुन्छ रे ।'

'त्यता सबै छोडिदिनुस् । भुलिदिनुस् जम्मै कुरा यतिबेला । सम्झिनु आफूलाई मात्र !'

'म त मस्यौरा पार्न छिमेकीका घरमा नगई भएन भन्ने ठूलै पिरलो पोख्नु हुन्छ । ओखलमा दाँत हाल्ने चिन्ता देखाइरहनु हुन्छ । छोडिदिनुस् यी सबै मिसमासे कुरा !'

'आमा, तपाईंको नङ्ग्राले मात्र यो खेत खनिँदैन उर्बर हुन । तपाईंका औंलाले हाल्दा मात्र गरा हौसिने र जल-मल हुने सोच्नु पिलपिले माया हो आमा । तपाईंको स्याहारले मात्र धान्ने कतिन्जेल ? तपाईंको रेखदेखले मात्र थेग्ने कतिन्जेल ?'

'आमा, छोडिदिनुस् यी खेत, गरा, आलीलाई । कतै राखिदिनुस् यी पाखा, फाँट र सिम खेतलाई !'

'घरमा बस्नुस् है । घरले धेरै भो तपाईंलाई नदेखेको । आमा, आँगन छोडेर कति बाहिरै जान खोज्नु भएको ? कति पिँढी परको गोरेटोतिर हुत्तिनु भएको !'

'केही दिन घरै हेर्नुस् । घरका अङ्ग-अङ्ग हेरेर चुप लगाउनुस् आफूलाई । घरले तपाईलाईं चिनाजानी गर्न खोज्याखोज्यै छ ।'

'यो घर बनाउन खुबै पसिना दिनु भो । हातखुट्टा गलेर फतक्कै भएका थिए तपाईंका । घर बनेदेखि नै तपाईंलाई खेत, वन, दाउराले बोलाएका बोलाएकै गरिरहे । घर ठडिएदेखि नै तपाईंलाई घाँस, पराल, खनजोत र मलबीउले डाकेका डाकेकै गरिरहे ।'

'आमा, तपाईंले यो घर राम्रोसँग हेर्नै पाउनु भएको छैन !'

'मेरा कुरा मन खन्याएरै सुन्नुस् त !'

'तपाईंले लिपेका आँगन कस्तोबाट कस्तो भइसक्यो । दैलो, अगेनो पोतपात गर्न मात्र तपाईं हतारिनु भयो । तपाईंले गोबर, माटो मिलाएर पोतेका भित्ताहरू हेर्नु भएकै छैन । तपाईंले कमेरो, रातमाटो, कालीमाटीले रङ्गाएका पेटी, झ्याल र बुइँगल निहाल्नु नै भएको छैन । तपाईंले सिँगारेका ती भित्ता, बार्दली र बुर्जाले आँखा जुधाएर खोई गफ गरेका आमा ? तपाईंले केही दिन यिनलाई किन नदिने उमेरको एक छटाक समय ?'

'तुलसीको मोठ छ एक कुनामा । वर्षमा दुई पटक तपाईं तिसँग नजिकिनु हुन्छ । नजिकै छ परालको माच । त्यसले पनि नपर्खेको होइन तपाईंलाई । मूल ढोकामा कुशको मुठो छ । आमा, यीसँग तपाईंले गहिरेर कुरै गर्नु भएको छैन । आग्लो, चुकुल, घोप्टे पनि खिन्न छन् तपाईंले समय नछुट्याएकोमा । आजभोलि समय दिने मौका आएको छ ।'

'आमा, घरमा बसेर कुनाकानी हेर्नुस् । वरपर निहाल्नुस् र छेउकुनाको दुनियाँ पर्गेल्नुस् । किनभने यिनैमा समयका सुकिला शब्द लुकेका छन् !'

'आमा, तपाईंलाई लाग्ला बाहिरको काममा म नजोतिएर हुँदैन । केही दिनलाई नजोतिनुस् के समाप्त हुँदो रहेछ । हामी सन्तानलाई बढाउँदा जेठालाई कपाल नकोर्दैमा उसको टाउको रोगायो ? हामी सन्ततिलाई हुर्काउँदा जेठीलाई नङ पालिस नदली दिँदैमा माइलीको औँला बुच्चै भए त ?'

'आमा, गतिसँग हामी जित्दैनौँ । हाम्रो पराजय आफ्नै ताल र शैलीबाट भएको हुन्छ । त्यो सामान्य हो । त्यसलाई पराजयको बिख मानेर घटघटी पिउनु पर्छ भन्ने चोट ठान्नु पनि हुँदैन !'

'हेरी मात्र दिए पनि कतिपय दृश्यलाई न्याय हुन्छ । ध्यान दिएर हेर्दा मात्रै पनि कति विषयलाई आदर गरेको ठहरिन्छ । आमा, तपाईंले त्यसलाई गहिरेर हेर्नु भएको छ त ?'

'आमा, घर अगाडिको भोगटेको बोट हेर्नुस् । बोटसँग जोडिएको मौसमले ल्याइरहेको उज्यालो र सुवास अमूल्य छ । चराचुरुङ्गीका गुँड र लटरम्मै फल्ने फलले दिने ज्ञानसँग नजिकिनुस् आमा । ती छिप्पिरहेका हाँगामा समयका सबै उमेर आँख्ला-आँख्ला भएर बढेको देख्न सकिन्छ । आमा, तपाईंले हाँगा मात्र काट्नु भएको बकाइनो, पिपल र किम्मुका बोट छेउमा गएर उभिनुस् त । कति चोखो सास फेर्दा रै'छन् रूखले । तिनलाई नभेटे पनि कोठाबाटै सुन्नुहोस् ।'

'आमा, तपाईंले ऊ बेलै जाँतो, भकारी, ढिकी, टाट्नो र जुठेल्नोसँग कति बिताउनु भयो समय । हिजोआज ती सबै तपाईंबाट भएका छन् पर-पर । आमा, केही दिन यिनलाई हेर्नुस् नजिकबाट । छेउबाटै तिनको संसारलाई पढ्नुस् । एक दमै अँगालिएर तिनको मन र तनसँग गाँसिएर दिनहरू काट्नुस् ।'

'घरसँग कत्ति कुरा छन् कत्ति । आमा, कति तपाईंले जन्माउनु भयो । कति बुबाले निर्माण गर्नु भो । कति आमा र बुबाका मेलजोलबाट बनेका सामग्री छन् । आमा, तपाईंले जन्माएका निधिलाई हेर्ने जिम्मेवारी पनि आफ्नै हो । बुबाले निर्माण गरेका सरसामानको हेरविचार पनि तपाईंकै हो । तपाईं र बुबाले सँगसँगै जन्माएका सरसामानको पालनपोषणको काम पनि तपाईंले नै गर्नुपर्ने मान्दै आएको छ संसारले ।'

'आमा, यी सत्यबाट पर-पर नहुनु होला । समय यतिखेर तपाईंलाई यही कुरा भन्न खोजिरहेको छ ।'

'बाहिर नजानुस् । बाहिरबाटै

व्याधि पस्छ घरमा । तपाईंका पटुकीमा बेर्रिएर पस्छ । तपाईंका हत्केलामा कोचिएर भित्रिन्छ । आमा, घरमै बसेर ती व्याधिलाई पर-परै पार्नुस् । यसैमा तपाईंले जित्नु हुन्छ । अहिलेसम्म जितेको तपाईंको शरीरले यो वृद्धकालमा किन हार्ने ? आजका मितिसम्म विजयी भएको तपाईंको ज्यानले यो कमजोर कालबेलामा किन पराजित हुने ?'

'आमा, आफूलाई जित्न पनि बलेंसीतिर नजानुस् !'

'झ्याल नै आँखा हुन् यो घरका । घरका आँखामा आफ्ना आँखा मिलाएर बाहिरको संसार हेर्नुस् । अहिले आफ्नो झ्यालबाट जति देखिन्छ। त्यसमा पोख्नुस् खुसीको खित्खित् । खुसीले पनि एकै चोटि राजमार्ग दिँदैन- गोरेटो बढेर बनेको ठूलो बाटोले दिने उत्साह अनन्त हुन्छ, अथाह हुन्छ, अपार हुन्छ । आमा, त्यो उल्लासलाई साथी बनाउन नछोड्नु होला ।'

'ग्यास आउन थालेको कति पो भो र ? तपाईंले लामै समय दाउरै ठोस्नु भो । मनग्गे समय तपाईंले ढुङ्ग्रोले फुकिरहनु भयो भुङ्ग्रो । आमा, अगेनामा थन्केको राप, ताप्केभित्र भासिएको स्वाद पनि हेर्नुस् । तपाईंका धेरै चुरा फुटेका थिए यिनै कराई, भड्डु, ताप्के र तपेस माझ्दा-माझ्दै । आमा, एक पटक ती काँटा-चम्चा, गिलास र बटुकाहरू पनि हेर्नुस् । भान्साका यी भाँडाकुडालाई अझै समय छुट्याउनुस् । हो, आमा तपाईंले स्नेह गरेका थाल-कचौरा र डाडुपन्युले एक खेप फेरि स्पर्श खोजेका-खोजेकै छन् ।'

'एक पटक भान्सा, भण्डार र बुइँगल पसेर तपाईंले कुचो लगाइदिनुस् । त्यसो हुँदा भित्रको फोहोर मज्जैले बाहिरिन्छ । आजसम्म त बाहिरको फोहोर भित्रै मात्र पसिरहेको छ । आमा, तपाईं घरमै बसेर त्यो फोहोर निकाल्नुस् । तपाईं निस्कँदा चुपचाप बसेको फोहोरले घरमा रजगज गरिरहेथ्यो । सत्यलाई आँखा चिम्लेर तपाईं बाहिर मात्र नदगुर्नुस् ।'

'ब्याडमा बीउ छर्न बित्यो नभन्नुस् । बारीमा घोप्टाएको मल छरछार गर्न बेर भयो नभन्नुस् । ड्याङमा उम्रेका घाँसपात उखेल्न र उकेरा लाउन हतारो भो नभन्नुस् आमा । तिनै ब्याड, बारी र ड्याङमा छोपिएको रोगले अँठ्यायो भने फेरि घरले तपाईंलाई गुमाउनेछ ।'

'आमा, घरमा हरेक कोठा तपाईंसँग लाडिन, अँगालिन र छोइन खोजिरहेका छन् । तपाईं घर छोडेर बाहिर ननिस्कनुस् । बिर्सिदिनुस् बाहिरको संसार । घरको भित्र मात्र सम्झिदिनुस् । अहिले घरैको भित्रले तपाईंलाई आफन्ती र बाहिरले

परचक्रीको व्यवहार देखाएको कल्पिनुस् ।'

'त्यो कल्पाइले तपाईंलाई लामो आयु दिनेछ आमा । तपाईंको दीर्घायु नै हाम्रो निरोगिताको प्रमाणपत्र हो । एउटा गतिलो लाहाछाप हुन्छ त्यो । एउटा बलियो हस्ताक्षर हुन पुग्छ त्यो । एउटा अकाट्य र असीमित पन्जापत्र हुन्छ-तपाईंको घर बसाई ।'

'आमा, मेरा कुरा सुन्नुस् । आफ्नो पाइलालाई मनैदेखि घरको भऱ्याङतिर नभार्नुस् । सिँढी र सन्तान एउटै हुन् । भऱ्याङका सिँढीले झर्न र उकालिन सघाउँछ । सधैं चढिदैन मात्र । झरिन्छ पनि त्यत्तिकै । यतिखेर त्यही भऱ्याङबाट हामी सबै झरेर छरिएका छौं संसारभरि । घरको सिँढी चढ्ने र उक्लने बाआमाले मात्रै त गर्नु हुन्छ ।'

'आमा, अरूले के भने थाहा छैन । म भन्छु- सिँढी छैन भन्ने ठानेर घरमै बस्नुस् !'

'सुनिरहनु भएको छ नि आमा !'

'सुन्नुस्, पैताला जमिनमै गाडेर पनि सुन्नुस् । शरीरलाई अरिमट्ठे बनाएरै पनि सुन्नुस् । अस्थिर मनलाई चाम बाँधेरै भए पनि थिर गराई-गराई सुन्नुस् । आँखा, कान र मुखलाई फकाई-फकाई भए नि सुन्नुस् ।'

'आमा, नङ काट्नै बिर्सेर पनि मल छर्न, बाली भित्र्याउन र गोडमेलमा जट्नु भो । अहिले समयले आफ्ना नङहरू हेर भनिरहेको छ । आमा, फुटेका हत्केलाले आली, ब्याड र आँगनको अन्नबाली थन्काउन जुट्नु भो । आज युगले आफ्ना चर्केका हत्केलामा मल्हम दल भनिरहेछ । आफ्नो संसार हिजो त्यत्तिकै पर-पर धकेल्नु भयो तपाईंले । तर आफैंले माया नगरे अरूबाट मनग्गे प्रेम नपाइने ज्ञान आजको कालले भनिरहेको छ ।'

'आफूलाई हेर्न, माया गर्न र रहरले निहाल्न पनि भनिरहेको छ तपाईंलाई आमा !'

'कहिल्यै गाजल, रातो लाली, सेतो फा देखिनँ । सधैं लत्पतिएको माटो, गोबर, ध्वाँसो र लेघ्रो टाँसिन्थ्यो अनुहारमा । सधैं लतपत र लेस्याइलो मयलले तपाईंको उज्यालो अनुहार पनि मलीन, फोहोरी र घिनलाग्दो लाग्थ्यो । आमा यी सबैलाई उत्तर दिन पनि घर बसेर मुख धुनुस् । फुर्सदमा आफ्नो अनुहारसँग गराउनु छ ऐनाको देखादेख । ऐनाले भुलिसकेको भए एक पटक रमाएर तपाईंको अनुहार हेर्ने छ ।'

'आमा, मलाई सबै रूपवतीले राम्रो-राम्रो छ भनेर भन्छन् । मेरो रूपको धुपमा ती धेरै चोटि पग्लेका छन् । मैले बल, बैंस र रूप पाएकै तपाईंकै कोख र छातीबाट । संसारले

बाहिर नजा-नजा भनिरहँदा मैले पनि त्यही रूप नधमिलियोस् भनेर हात जोडिरहेको छु-बाहिर पाइला नचाल्नुस्!'

'हेर्नुस् त घर छेउका बोटमा हरिया पातहरूमा रङ चढेकोचढेकै छ । दुबोमा केही थोपा बस्न नपाउँदै मौरी, पुतली र भँवरा आएर नुहाइधुवाइ गरेका । आमा, तपाईंले हाम्रा सन्तान बढेको देख्नु भयो । करेसाबारीमा सर्वदा, पारिजात, बुकी र चमेली जगमगाएको ख्यालै गर्नु भएन । अब घरै बसेर यिनलाई मनैदेखि सुँघ्नुस् ।'

'आमा, कसिङ्गरले घर पुरियो भने कसरी बस्ने ? कसिङ्गरबाटै त मलजल हुँदो रै'छ रोगको । आमा, तपाईंले बढारेर बाहिर फालेको फोहोर घरभित्रबाट सडकमा पुगेको हो । सडकमा तपाईं जाने बित्तिक्कै त्यही फोहोरले तपाईंलाई साथी बनाएर अँगालो हालेर घरभित्र पसिहाल्छ ।'

'मन अडिदैन भन्नुभएको हो आमा ?'

'त्यसो नभन्नुस् । तपाईंले हामी यति धेरै सन्तानलाई गर्भमा कसरी राखेर थिर हुनुभयो ? कसरी शान्त पार्नु भो चित्त ? कसरी आँखा, कान र मुखलाई थान्कोमा राखेर हाम्रा चकचकलाई हराउनु भो ?'

'आमा, तपाईं घरमै बस्नुस् । घरका खाँबा, दलिन, भऱ्याङ र खापाहरूसँग नाच्नुस् । संसारसँग नाच्नुभन्दा घरसँग हाँस्नु ठूलो कुरा रहेछ । यही घर बनाउन कति ठाउँमा चुक्नु, नुहनु र भत्किनु परेको छ । घरसँग टाँसिनु आमा । यही घरलाई बलियो, घामपानीबाट आँटिलो बनाउन कति ठाउँमा तपाईंले आफूलाई भुइँमै ओछ्याउनु परेको थियो ।'

'आमा, घरमा मान्छे बाहेक परेवा, भँगेरा, काग र सारौं हुन्छन् । तिनका चालढाल र आनीबानीले कत्ति कुरा सिकाउँछ । तपाईंले एक पटक तिनलाई पनि हेर्नु न !'

'आमा, म बसेको ठाउँमा रोग छैन । यो देशै धनी छ । अरू धेरै कुरा धनधान्य छ यहाँ त । समय तन्नेरी छ, तपाईं हुनुहुन्छ वृद्ध । रोगको यो दौडमा आमा तपाईं हार्नु हुन्छ ।'

'फोन राख्नुअघि फेरि भन्छु-महामारी उर्लेकै छ !'

'सुन्नु त, चराचुरूङ्गीतिर हेर्न मन नभए-घरका भित्तामा कुद्ने साङ्ला, माउसुली र भुसुनाहरू हेर्नु । संसार त्यहाँ पनि त छ । आमा, सुन्नु मेरो कुरा । तपाईं बाहिर जाँदै नजानु । बस्नु घरमै । घरमा समय कटाउन गाहो भए-भिँगाले छेरेको थोपाथोपी हेर्न । हरेक दिन ती थोप्लाथोप्ली गन्नु !'

♦♦♦

# पुरातत्व फरेन्सीक आर्कियोलोजी र प्रहरी



✍ देवेन्द्र भट्टराई

प्रचीन मानवले छाडेर गएका भौतिक अवशेषहरूको खोज एवम् अन्वेषणबाट अतित सभ्यताको अध्ययन गरिने विषयलाई पुरातत्व (आर्कियोलोजी) को भावार्थमा परिभाषित गरिएको पाइन्छ । मानव सभ्यताको विकासक्रमको लामो समय पछि मात्र मानवले लेखन कलाको सुरूवात गऱ्यो । लेखनकलाको इतिहासको थालनी भएपछिको ऐतिहासिक घटनाक्रमहरूलाई विश्लेषण गर्न प्राप्त ती लेख्य साक्षहरूले सहयोग गर्छन् तर लेखन कलाको सुरुवात हुनुभन्दा हजारौं वर्ष पुरानो मानव सभ्यताको इतिहासलाई वैज्ञानिक अध्ययन गर्नका लागि पुरातात्विक प्रमाणहरूको नै महत्वपूर्ण भूमिका हुन्छ । प्रागःमानवको संस्कृति, जीवनपद्धति, आस्था, विश्वास, सामाजिक विकासक्रमको प्रक्रिया र यसको ढाँचा, तात्कालीन वातावरण र पर्यावरणमा आएको परिवर्तन र त्यस परिवर्तनले मानवको शारीरिक तथा मानसिक विकासक्रममा पारेको प्रभाव आदि विषयहरूको प्रामाणिक अध्ययन गर्ने आधार पुरातत्व हो ।

पुरातत्व अतित सभ्यताको पुनर्निर्माण गर्ने आधार हो । मुलत प्रागःइतिहासको अध्ययनको महत्वपूर्ण आधार प्रागःमानवले प्रयोग गरेर छाडेका ढुङ्गे उपकरण र औजारहरू नै हुन् । प्राप्त सीमित यी हतियारहरूको आधारमा प्राचीन मानव सभ्यताको विश्लेषण गर्नु साधारण अन्दाजमा दुरूत्साह र हास्यास्पद हुन सक्छ । तर यस अध्ययनका लागि यो बाहेक अरू कुनै विकल्प पनि छैन भन्ने प्राज्ञिक सीमिततालाई स्वीकार गर्नै पर्छ । त्यसैले भनिन्छ कि इतिहासशास्त्रले इतिहासको एक प्रतिशत मात्र अध्ययन गर्छ भने पुरातत्व विज्ञानले इतिहासको उनान्सय प्रतिशतको अध्ययन गर्छ । यद्यपि पुरातत्व विषय आफैमा पूर्ण विषय र विधा होइन । यसले मानविकी र विज्ञानका अन्य विविध विषयहरूको

सहयोगमा आफूलाई पूर्णता प्रदान गर्ने भएकोले यसलाई विज्ञान केन्द्रित मानविकी वा कला विषयको रूपमा व्याख्या र विश्लेषण गर्ने गरिएको पाईन्छ । जमिन मुनि दबिएर रहेका पुराना दरबार, मन्दिर, घर, पर्खाल वा अरू मानव निर्मित भौतिक संरचनाको वैज्ञानिक विधिले अन्वेषण र उत्खनन् गरी प्राचीन सभ्यताको विश्लेषण गर्नु निश्चय नै अत्यन्त कठीन कार्य हो ।

प्रागः मानवले छाडेर गएका अन्य भौतिक वस्तुहरूको अवशेषको आधारमा प्राचीन सभ्यताको विश्लेषण गर्ने पद्धती र विधिहरू छन् । प्राचीनकालको कुनै एउटा सिक्काको आधारमा त्यस समयको सामाजिक, आर्थिक र धार्मिक इतिहासको गहन अध्ययन गर्न सकिन्छ । कुनै एउटा मूर्ति वा प्रतिमाको विश्लेषण गरेर तत्कालिन सभ्यताको विविध विषयहरूको जानकारी हासिल गर्न सकिन्छ । पृथ्वीको आफ्नै भौगर्भिक प्रक्रिया अनुसार जमिन मुनि भौगर्भिक स्तरहरू बनेका हुन्छन् । मानव सभ्यताको विकास चरणमा त्यहाँ विविन्न समूहका मानिसहरूको आवत जावत भई नै रहन्छ । कुनै एक समूहको मानिस बसाईं सरेर गएपछि सोही स्थानमा अर्को समूह आएर बसोबास गर्न सक्छन् र ती अनेक चरणका निवासीहरूले त्यहाँ आफूलाई काम नलाग्ने वस्तुहरू छाडेर जान्छन् । अन्तत ति छाडिएका वस्तुहरू प्राकृतिक वा अन्य मानवीय कारणले जमिन मुनि पुरिन गई एक साँस्कृतिक स्तर बन्न जान्छ, यो प्रक्रिया चलिनै रहँदा जमिन मुनी अनेकौं साँस्कृतिक तहहरू बन्न जाने हुन्छन्, जसको परिणाम जमिन मुनी नै विभिन्न जाति र प्रजातिहरूको एउटा साँस्कृतिक श्रृंखला तयार भएको हुन्छ । यसरी तयार भएका विभिन्न साँस्कृतिक स्तरहरूलाई कुशल पुरातत्वविदले वैज्ञानिक विधिबाट गरिएको उत्खनन्बाट पत्ता लगाउँछन् ।

मानव सभ्यताको पाईला परेको तहसम्म अध्ययन गर्नु पुरातत्वको परिधि हो । त्यसभन्दा अघिको जमिनको प्राकृतिक तहहरूसँग पुरातत्वको कुनै सम्बन्ध र सरोकार रहँदैन । वैज्ञानिक पद्धती र विधिबाट उत्खनन् गरिएका यस्ता साँस्कृतिक श्रृंखलाहरूको वैज्ञानिक विश्लेषण गरी त्यो सभ्यताको निर्माण कहिले र कसले गरे ? तिनीहरू त्यस ठाउँमा कहिले आए ? ति को थिए र तिनको सभ्यता कसरी उत्थान वा पतन भयो भन्ने विषयलाई प्रमाण जुटाएर विश्लेषण गरी निष्कर्षमा पुगिन्छ । प्रागितिहासिक सभ्यताको कुनै लिखित दस्तावेज

हुँदैन । तर तिनले छाडेर गएका भौतिक वस्तुहरू नै इतिहास लेखनका व्याकरण बन्दछन् । यिनै पुरातात्विक व्याकरणको सहयोग लिएर पुरातत्वविदले प्राचीन सभ्यताको विश्लेषण गर्छ ।

उत्खनन् कार्य अत्यन्त सम्वेदनशील र जटिल विधा हो । पुरातत्व विशुद्ध प्रविधि केन्द्रित प्राज्ञिक विधा हो । उत्खनन् गरिसकेपछि प्राप्त सामग्रीहरूको विस्तृत अभिलेखीकरण, संरक्षण र सम्बर्द्धन गर्ने नैतिक दायित्व समेत उत्खनन् कर्तामा रहन्छ । अझ उत्खनन् गरिसकेपछि प्रतिवेदन प्रकाशन गर्नु पर्ने प्राज्ञिक दायित्व उतखनन् कर्ता वा त्यससँग सम्बन्धित संस्थाको नै हुन्छ । इतिहास संस्कृति र सभ्यतासँग सम्बन्धित यस विधालाई एक अप्रेसन थियटरसँग तुलना गर्न सकिन्छ । जसरी अप्रेसन थियटरमा डक्टरले बिरामीको अप्रेसन गर्छन् त्यसरी नै उत्खननन्को ट्रेन्च भित्र पसेपछि उत्खनन्कर्ताले अत्यन्त सजकतापूर्वक उत्खनन् गर्ने गर्छ । जमिन मुनिको सभ्यता उजागर गर्ने क्रममा सानो एउटा गल्तीले पनि इतिहास र संस्कृतिको श्रृंखलालाई हजारौं वर्षको तलमाथि पार्न सक्ने सम्भावना रहन्छ । उत्खनन् एउटा यस्तो अज्ञात दिशाको अन्वेषणात्मक यात्रा हो जसले प्रमाणहरूको आधारमा प्राचीन सभ्यतालाई दिशा प्रदान गर्छ । तब त पुरातत्वविद्लाई सभ्यताको विश्लेषक भनिएको हो ।

उत्खनन्बाट प्राप्त साधारण माटाका भाँडाकुँडाहरूको अध्ययनबाट त्यतिबेलाको सार्स्कृतिक श्रृंखलाको जानकारी हुनुको साथै तत्कालीन समाजभित्र रहेको वर्गीय चेतनाको जानकारी हुन्छ । ती भाँडाकुँडाहरूको आकार प्रकार र त्यसमा निहित गुण र सौर्न्दयको आधारमा त्यसको प्रयोग कर्ताहरूको आर्थिक र सामाजिक हैसियतको जानकारी हुने भएकाले समाजशास्त्रीय र मानवशास्त्रीय अध्ययनको लागि समेत पुरातत्वको गरिमा र महत्व रहन्छ ।

त्यस्तै प्राचीन मानवको कुनै अस्थि अवशेषबाट त्यस मानवको जाति र प्रजातिको मानवशास्त्रीय विश्लेषण गर्नका लागि मानवशास्त्रलाई पुरातत्वको अपरिहार्य आवश्यकता पर्न जान्छ । सिन्धुसभ्यता र मेसोपोटामिया जस्ता विश्वको प्राचीन सभ्यताहरू उत्खनन्बाट नै प्रकाशनमा आएका हुन् । आज वैदिक सभ्यतालाई प्रमाणित गर्ने पुरातात्विक प्रमाण हामीसँग नभएता पनि यसको खोजी कार्यका लागि पुरातत्वविदहरू लागि परेका छन् । भारतका पुरातत्वविदहरूले रामायण र महाभारतकालीन सभ्यताको

खोजीमा जुटिरहेका छन् । नेपालमा पुरातत्वको माध्यमबाट लुम्बिनी र कपिलवस्तुबाट बौद्धकालीन सभ्यताको उजागर भइसकेको छ भने उत्तरी हिमाली भूभागमा विशेषगरी हिमाली गुफाहरूमा १६ औं शताब्दी इसापूर्व देखि १६ औं शताब्दी इश्वीसम्मका साँस्कृतिक श्रृंखलाहरूको निरन्तरता रहेको तथ्यलाई पुरातत्वविदहरूले उजागर गरेका छन् ।

पुरातात्विक उत्खनन्का विभिन्न विधाहरूमध्ये फरेन्सिक आर्कियोलोजी अर्को महत्वपूर्ण विधा हो । फरेन्सिक आर्कियोलोजीलाई फरेन्सिक आन्थ्रोपोलोजीको एक अभिन्न अंगको रूपमा पनि व्याख्या गरिन्छ । यस फरेन्सिक आर्कियोलोजीले विभिन्न घटनाहरूमा मारिएर जमिन मुनी पुरिएका मान्छेको उत्खनन् गरी सो सम्बन्धी अनुसन्धान कार्यका लागि फरेन्सिक आन्थ्रोपोलोजीस्टलाई विशेष र अपरिहार्य प्राविधिक सहयोग पुर्‍याउने सम्मको कार्य गर्दछ । यस्ता अनुसन्धानका कार्यहरू प्रहरीसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएका कारण यस्तो कार्यमा संलग्न पुरातत्वविद् र प्रहरीको पनि अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । विभिन्न स्थानबाट चोरिएर कुनै स्थानमा माटो मुनी पुरेर लुकाइएका वस्तुहरूको उत्खनन्मा पनि पुरातत्व विदहरूले प्रहरीसँगको सहकार्यमा उत्खनन्को कार्य गर्दछन् । नेपालमा पनि प्रहरी र पुरातत्वविद्हरूको सहकार्यमा यस्ता थुप्रै कार्यहरू हुँदै आएका छन्।

यस्तै गरी पुरातत्व विभागको प्रत्यक्ष उपस्थिति रहन नसक्ने जिल्लाहरूमा रहेका पुरातात्विक स्थल तथा सम्पदाहरूको प्रमुख जिम्मेवारी तत् तत् जिल्लाका प्रमुख जिल्ला अधिकारीमा रहने हुँदा यस कार्यमा पनि प्रकारान्तरले नेपाल प्रहरीको भूमिका रहँदै आएको छ ।

यावत प्राग ऐतिहासिक सन्दर्भका अतिरिक्त हाम्रा निकट पुर्खाहरूले सिर्जना गरेका सांस्कृतिक सम्पदाहरू अद्वितीय निधि हुन् । नेपालमा इशापूर्व तेस्रो शताब्दीमा नै निर्माण भएको त्यस किसिमका सांस्कृतिक सम्पदाहरू भौतिक रूपमा आजसम्म प्राप्य छन् । इशापूर्व तेस्रो शताब्दीमा निर्माण गरी स्थापित गरिएको लुम्बिनीस्थित अशोक स्तम्भ नेपालमा बुद्धको जन्म भएको प्रमाणित गर्ने अकाट्य स्रोत बनेको छ । कपिलबस्तु जिल्लामा रहेका अन्य दुई प्रस्तर स्तम्भहरूले अरू दुई मानुसी बुद्धको समेत जन्म नेपालमा भएको तथ्यलाई उजागर गरेका छन् ।

काठमाडौं उपत्यकामा पनि

इश्वीको सुरूवात पूर्व नै ईंटाका संरचनाहरू निर्माण गर्ने संस्कृतिको विकास भएको पुरातत्व अध्ययनले प्रमाणित गरेको छ । इश्वीको सुरूवात देखिकै कलाकृतिहरू असङ्ख्य रूपमा यस भूमिमा प्राप्त छन् । पाँचौ शताब्दीको चाँगुनारायणको अभिलेखले त्यसै समय चाँगुनारायण मन्दिर सो ठाउँमा रहेको संकेत गरेको छ । सातौ शताब्दीमा काठमाडौं उपत्यकामा सात तल्लासम्म भएको कलात्मक र भव्य दरबार बनेको कुरा चीनियाँ स्रोतहरूले पनि उल्लेख गरेका छन् । इश्वीको दशौं शताब्दीको मन्दिर वास्तुकला त पशुपति मन्दिर प्राङ्गणमा आज पनि जस्ताको त्यस्तै छ । पन्ध्रौं शताब्दीमा निर्माण भएको मन्दिर वास्तुकलाका नमुना हामीसँग प्रशस्तै छन् । इश्वीको सोह्रौं/सत्रौं शताब्दीमा निर्माण भएका वास्तुकलाले त काठमाडौं उपत्यकाको कला वास्तुकलाको ठूलो हिस्सा ओगटेका छन् ।

पश्चिम नेपालका ढुङ्गै ढुङ्गाले बनेका देवलहरू, न्याउलाहरू हाम्रा प्राचीन संस्कृतिका बेजोड नमुना हुन् । आजको जस्तो वैज्ञानिक प्रविधिका विकास नभएका बखत, आजको जस्तो आधुनिक इन्जिनियरिङ्ग नभएको बखत सिर्जना भएका त्यस्ता स्मारक, मन्दिर एवं कलाकृतिहरूको महत्व अतुलनीय छ । ती हाम्रा पुर्खाको कला, सीप, लगन र साहसका प्रतिक हुन् । हामी सम्म जस्ताको त्यस्तै आइपुगेका त्यस्ता सम्पदाहरूको उचित संरक्षण गरी भावी पुस्तालाई जस्ताको त्यस्तै हस्तान्तरण गर्ने जिम्मा आज हाम्रो काँधमा आएको छ । सम्पदाको वास्तविक महत्वलाई र त्यसमा अन्तरनिहित ऐतिहासिक, सांस्कृतिक महत्वलाई नबुझि गरिने तथाकथित संरक्षण कार्यले सम्पदाको संरक्षणभन्दा बढी विनास भएर जाने र एकदिन हाम्रो सांस्कृतिक परिचय नै विलुप्त हुनेमा दुईमत छैन । यसका अतिरिक्त सम्पदाको उल्लेखित विशिष्ठीकृत महत्वलाई नजरअन्दाज गरी त्यसप्रति कुदृष्टि लगाउने र विभिन्न मठमन्दिरहरूमा स्थापित मूर्तिहरू चोरी गरी बेच्ने सम्मका कुकृत्यहरू पनि यहाँ हुने गरेका छन् । सयौंको संख्यामा बेचिनै लागेका यस्ता सांस्कृतिक निधीहरूको चोरीनिकासी हुनबाट जोगाउने कार्यमा नेपाल प्रहरीको भूमिका अहम् छ । इन्टरपोलसँगको सहकार्यमा विदेशिएका कलावस्तु फिर्ता ल्याउने कार्य समेतमा प्रहरीको भूमिका महत्वपूर्ण रहिआएको छ । ♦♦♦

कथा

# पाप धर्म



✍ गोपाल चन्द्र भट्टराई

"तपाईं पनि पश्चिम जाने बस कुरेर बस्नुभाको हो ? "रेष्टुरेन्टमा म भन्दा अघिल्लो टेवलमा मैतिर फर्किएर बसेकी एक जना अपरिचित महिलाले सोधिन् ।

"तपाईं पनि पश्चिम जाने बस कुरेर बस्नु भएको हो ?" मैले हाँस्दै उनको प्रश्न उनैलाई फर्काएँ ।

"हो त, हेर्नुस्न बुटवल जान खोजेको, जति पनि बस आउँछन् खचाखच भरिएका, त्यसमाथि लोकलमात्र । लोकल बसमा चढ्यो भने जहाँ पनि घ्याच्च घ्याच्च रोकेर दिक्दारै लगाउँछ ।" उनले आफ्नो समस्या दर्शाइन् ।

ती अपरिचितालाई मैले सर्सर्ती नियालें। २५/२६ वर्षकी जस्ती लाग्ने, गोरी, हल्का सुडौल शरीर भएकी तिनले मुख खोल्दा देखिने सेता दाँतहरूको लहर आकर्षक देखिन्थ्यो । उनका आँखा र शरीरको भावभंगिमामा खासै चञ्चलता थिएन, एक प्रकारले गम्भीर स्वभावकी जस्ती लाग्ने । पश्चिमबाट बहेको हल्का हावाले खुल्लै छोडिएको उनको केशका केही रेशाहरू अनुहारतर्फ ल्याइरहेको थियो  र ती केशहरू पन्छाउने उपक्रममा दुवै हातहरू अनुहार तर्फ लैजाँदा उनको छातिमा देखिएको पुष्ट उभारले मेरो मनमा भने चाञ्चाल्यको एउटा लहर ल्यायो ।

"तपाईंलाई आपत्ति हुँदैन भने हामीसँगै यात्रा गर्न सक्छौं । म पनि एक्लै भएकोले कोही साथी भए हुन्थ्यो भन्ने सोचिरहेको थिएँ ।" मैले प्रस्ताव गरें ।

"मतलब ?" उनले कुरा बुझिनन् ।

"मतलब मेरो गाडीमा मसँग यात्रा गर्न तपाईंलाई आपत्ति हुँदैन भने भन्न खोजेको ।" मैले प्रष्ट्याएँ ।

उनी हल्का लजाइन्, लजाउँदा उनको अनुहार केही रातो भएर झन् आकर्षक देखियो । एकछिन अकमकाएर उनले भनिन् "ए तपाईं आफ्नै गाडीमा आउनु भ'को ? तपाईंलाई अप्ठ्यारो हुने हो कि, मलाई बसमै जान पनि खासै समस्या छैन ।"

"मलाई कुनै अप्ठ्यारो हुँदैन,

बरू सहज र रमाइलो हुन्छ तपाईं पनि साथमा हुनुभो भने" मैले भने । उनले अप्ठ्यारो मान्दै मान्दै स्विकृति जनाइन् ।

बाहिरको कष्टकर प्रचण्ड गर्मीबाट अचानक वातानुकुलित चिसो गाडीभित्र प्रवेश गर्दा हाम्रा दुवै शरीरहरूले आनन्ददायक 'लक्जरी' अनुभूत गरे । गाडी भित्र फैलिएको मन्द सुवास, आनन्ददायक र सुविधाजनक सिट, धीमा स्वरमा बजिरहेको सुमधुर संगीत एवम् गाडीमा हामी दुईकोमात्र उपस्थितिले एक किसिमको मादकता घोलिएको जस्तो महसुस मैले गरें । मैले उनलाई सिटबेल्ट लगाइदिन मद्धत गर्दा स्वभाविक रूपमा हामी बिच भएको स्पर्शले एक पटक मेरो शरीरै भरि जेलिएका अदृश्य तारहरूमा झंकार उत्पन्न गऱ्यो । प्रफुल्ल मन लिएर मैले गाडी स्टार्ट गरें। एकैछिनमा नारायणी तरेर हामी पश्चिमतर्फ लाग्यौं ।

यौवनासँगको सामीप्यताले म विनाकारणै त्यसै हौसिरहेको थिएं । पुरूष जात पाशविक वृत्तिको नजिक हुन्छ सायद । म को हुं, उनी को हुन्, हाम्रा आ-आफ्ना कथा, व्यथा, पृष्ठभूमि कस्ता छन् र हाम्रो यात्राको उद्धेश्य के हो । कुनै कुरा पनि त्यो बखत मेरो चासो र उत्सुकताको विषय बनिरहेको थिएन । मेरो पौरूषत्वले बस उनलाई एउटी आइमाई र आफूलाई एउटा लोग्ने मान्छेको रूपमामात्र हेरिरहेको थियो, बुझिरहेको थियो । म भाले, उनी पोथी जस्तो मात्र ! पोथी जात नजिक पर्नासाथ यौन आशक्तिलाई सर्वोच्च प्राथमिकतामा राख्नु र त्यसैप्रति प्रवृत्त रहनु भाले पशुहरूको मूल प्रवृत्ति हो । व्यवहार मैले मानवीय नै प्रस्तुत गरिरहेको भए पनि मन भने मेरो पाशविक शैलीमा लहसिंदै थियो यतीखेर ।

वातावरणलाई उन्मादी बनाउने प्रयोजनले मैले भने, "यो यात्रा, यो साथ बडो मस्तको छैन त ? मन नै फुरूङ्ग भईरहेको छ मेरो त ।"

"हो त नि, यो रमाइलो दिन, यो आरमदायक यात्रा-परमेश्वरलाई धैरे धन्यवाद छ । यो यात्राको लागि मलाई सहयोग गर्ने असल साथीलाई प्रभुको आशिर्वाद होस्, परमेश्वरको आशिर्वादले हाम्रो यात्रा सुरक्षित होस्, अमेन" उनले मलाई जवाफ दिने र प्रार्थना गर्ने कार्य एकैसाथ गरिन् । मैले छक्क परेर उनलाई हेरें र अलिकति हासें । उनको प्रार्थनाबाट खुलेको क्रिश्चियन परिचयले मलाई अलिकति संयमित बनायो । जुन रफ्तारमा म उत्ताउलो हुंदै गएको थिएँ, त्यसमा एक किसिमले ब्रेक लाग्यो । मैले सभ्य ठट्टामा संवाद अगाडि बढाएँ, "ए, धन्यवाद प्रभुलाई मात्रै ? प्रभुले भन्दा पनि संयोगले हो हाम्रो सहयात्रा सम्भव भएको । म र तपाईं

एउटै रेष्टुरेन्टमा चिया खान पुग्नु, तपाईंले बस नपाउनु, मसँग अपरिचित हुँदाहुँदै बोल्नु, म पनि पश्चिमतर्फको यात्रामा निस्केको हुनु आदि संयोग । अझ भन्ने हो भने यो सहयात्रा मैले गर्दा सम्भव भएको हो ।"

उनले हाँस्दै जवाफ दिइन्, "प्रभुको इच्छा बिना त्यो संयोग कहाँ त्यसरी मिल्थ्यो र ? तपाईं कसरी त्यो रेष्टुरेन्टमा आइपुग्नु हुन्थ्यो र ?"

"त्यसो भए त अब मैले तपाईंसँग अभद्र व्यवहार गरें, तपाईं उपर नृशंश अपराध गरे भने त्यो पनि प्रभुकै ईच्छाले त हुने होला नि ?"

"ओहो, प्रभुले तपाईंलाई क्षमा गर्नुहोस् । त्यस्तो प्रभुले ईच्छा नै गर्नुहुन्न ।" उनले दाहिने हातले निधार र छातीको दुवै भाग छोएर क्रस बनाउँदै भनिन् ।

"आफ्नो सुविधा अनुसार कुरा मोडेको भयो यो त" मैले कुरा लम्ब्याएँ "तपाईंकोमात्र कुरा गरेको हैन मैले, सबै धार्मिक मान्यताहरू सामान्यतया तर्कको सामना नै गर्न सक्दैनन् । तर चाखलाग्दो कुरा चाहिँ के भने जतिसुकै अतार्किक, अबौद्धिक र आधारहिन भए पनि धार्मिक विचार, मान्यता र क्रियाकलापहरूमा बिना द्विविधा विश्वास गर्ने अन्ध समर्थकहरूको कहिल्यै कमी भएन संसारमा ।"

"तपाईं धर्म मान्नु हुन्न र ? ईश्वरमा विश्वास गर्नु हुन्न ?"

"मान्छु तर ईश्वर नजोडिएको धर्म मात्र, मानवीय धर्म मान्छु । ईश्वरमा चैं पट्क्कै विश्वास गर्दिन म ।"

"किन नि सर ?"

"ईश्वरले मान्छे बनाएको हैन, मान्छेले ईश्वर बनाएको हो भन्ने मेरो व्यक्तिगत धारणा छ । त्यसैले आफैंले बनाएको ईश्वरलाई आफ्नै विरूद्ध शासन गर्न दिनु तार्किक लाग्दैन मलाई । ईश्वर भनेको मान्छेको काल्पनिक चित्र हो, काल्पनिक चित्रले न कसैको भलो गर्ने सामर्थ्य राख्छ, न कसैको कुभलो नै गर्छ । ईश्वरमा विश्वास गर्नु भनेको ईश्वर सर्वशक्तिमान हुन्छन्, विराट शक्तिका अधिपति हुन्छन् त्यसैले उनलाई खुसी पार्न सक्यो भने आफ्नो दुनो सोझ्याउन सकिन्छ भन्ने स्वार्थी मान्यता हो जस्तो लाग्छ मलाई," मैले अलि लामै गफ दिएँ ।

"तपाईंले भनेको ठिकै होला तर ईश्वर वा धर्म मान्दैमा घाटा त केही छैन नि ! धर्मले मानिसलाई अनुशासित बनाएको छ, दयालु परोपकारी बनाएको छ, असल बन्न प्रेरित गरेको छ । काल्पनिक आधारमै खडा भएको मान्ने हो भने पनि धर्मले संसारमा कति भलो गरेको छ, हेर्नुस् त । धर्म भएन भने त संसार भद्रगोल नै हुन्छ नि, तपाईंलाई त्यस्तो लाग्दैन ?" उनी पनि आफ्नो विश्वासको प्रतिरक्षामा

बलियोसँग प्रस्तुत भइन् ।

"तपाईंको ठिक विपरित तरिकाले सोच्छु म चाहिं । धर्म मान्ने केही मान्छेहरू असल दयालु र गुणवान छन् भन्दैमा उनीहरू धार्मिक कारणले त्यस्ता असल भएका हुन् भनेर मानिराख्नु जरूरी ठान्दिन म किनकी धर्म नमान्ने मान्छे पनि त्यतिकै असल र दयालु छन् । म धर्म मान्दिन तर मलाई खराब मान्छे ठान्नुपर्ने केही कुरा भेटिहाल्नु भाको त छैन नि तपाईंले ?" म उनीतर्फ फर्केर हल्का हाँसे, उनी पनि हाँसिन् । मैले अलि गम्भीर भएर फेरि भने, "हेर्नुस्, धर्म भएन भने संसार भद्रगोल हुने होइन बरू पश्चिम तिर गरिएका धेरै अध्ययनहरूले सप्रमाण र तथ्याङ्क सहित दावा गरेका छन् कि धर्म बिनाको संसार अहिलेको भन्दा धेरै गुणा सभ्य, उन्नत, शान्त र मानवतायुक्त हुने थियो.......।"

"कसरी नि सर ?" मलाई बोल्दा बोल्दै रोकेर उनले सोधिन् ।

"हेर्नुस्, धर्मले सामान्यतया अतार्किकता, अन्धभक्ति र अन्धविश्वासलाई प्रेरित गर्छ । स्वर्ग, नर्क, पुनर्जन्म, आत्माको अमरत्व जस्ता काल्पनिक, अमूर्त र अवैज्ञानिक कुराहरूले बाँधेर मानिसको वुद्धि र विवेकलाई साँघुरो बनाउँछ । धार्मिक ग्रन्थहरूको भाषामा दया, माया र सहिष्णुताको उल्लेख गरिएको भएपनि प्रायः सबै धार्मिक व्यवहारहरू आफ्नो भन्दा फरक धर्मका प्रति असहिष्णु हुन्छन् । धर्मको कारण वा धर्मका नाममा मानव इतिहासले अकल्पनीय शोषण, अन्याय, अत्याचार र हिंसाको शिकार हुनुपरेको छ । इतिहासमा युरोपभरि क्याथोलिकहरूको नृशंस दमन हेर्नुस्, एघारौंदेखि तेह्रौं शताब्धि सम्म पटक पटक 'क्रुशेड' को नाममा गैर क्रिश्चियनहरू विरूद्ध क्रिश्चियनहरूले मच्चाएको करोडौंको हत्याकाण्ड हेर्नुहोस्, इज्राएली र प्यालेस्टाइनीहरूको अनन्त द्वन्द हेर्नुहोस्, भारत-पाकिस्तानको विभाजन, युगोस्लाभियाको विभाजन र त्यहाँको हिंसा हेर्नुहोस् । यी सबै धर्म प्रेरित हिंसाका उदाहरणहरू हुन् । हाम्रै देशको उदाहरण हेर्नुहुन्छ भने हाम्रा सामाजिक विभेदहरू, जातीय छुवाछुत, महिला हिंसा, बोक्सी प्रथा, सतीप्रथा आदि सबै कुरिती र कुसंस्कारहरूका आधार वा कारण भनेको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धर्म नै हो । त्यसैले मलाई त लाग्छ धर्म बिनाकै संसार अहिलेको भन्दा राम्रो हुन्थ्यो ।" मैले लगभग भाषण नै गरें । उनले सुनिन् कि सुनिनन् तर त्यसपछि उनले प्रतिवाद गरिनन् । उनलाई सायद बोलिरहन उचित लागेन वा मेरो बकबक बेतुकको लाग्यो । उनी अगाडि लमतन्न परेको रोडमा आँखा टिकाएर चुपचाप बसिरहन् । म पनि चुप लागें।

बाटोमा सानातिना देखिएका

दृश्यहरूबारे सामान्य कमेन्ट गर्ने बाहेक हामी बिचमा एक किसिमको मौनता छायो । बाटो वरपर रहेका रूख बुट्यानहरूलाई पछाडि दौडाउँदै गाडी एकोहोरो अगाडि बढिरह्यो । मैले यसो छड्के आँखाले बेलाबेला उनलाई हेर्दै गरें- उनी सिटमा आनन्दसँग ढल्किएकी थिइन् । आँखा बन्द हुन खोजिरहेका थिए । कपालका केही केशहरू फुर्र फुर्र उनको अनुहारतिर आउँदै जाँदै गरिरहेका थिए । उनको पुष्ट छाती हरेक श्वास प्रश्वासमा तल माथि गरिरहेको थियो, घाँटीमा बेरेको उनको सल तल सरेकोले छाती माथिको कपडाले नछोपिएको भाग बडो आकर्षक देखिरहेको थियो । हल्का रातो लिपस्टिकसहितका उनका बन्द ओठहरूले उनको पुरै अनुहारलाई विशेष आभा प्रदान गरिरहे झैं लाग्थ्यो । समग्रमा उनको शरीरको मनमोहक र मादक दृश्यले मभित्रको मान्छे, मान्छे भन्दा पनि पशु, पुनः उत्साही हुँदै गएको मैले महसुस गरें। मन्द संगितको धुनमा आफैंलाई लहराउँदै मैले गाडी चलाइरहें,उनी लगभग निदाइन् । लामो समयसम्मको एकोहोरो दौडाइ र यो संवादहिनताले विस्तारै आलस्यता बढ्दै गएकोले मैले कतै उपयुक्त ठाउँमा चियाखाजाकोलागि रोकिनु ठिक होला भन्ने ठाने । मैले अलि पर पुगेर शिशै शिसाले बारेको सफा र अलि स्तरीय जस्तो देखिने एउटा रेष्टुरेन्टमा गाडी रोकें । मैले गाडी रोकेको पनि थाहा पाइनन् उनले र मौकाको फाइदा उठाउँदै मैले उनका पाखुरामा हल्का स्पर्श गरें। उनी उठिन् ।

चियाखाजाको अर्डर भएपछि मैले सोधें, "तपाईंको नाम के हो ?" यती बेरसम्म हाम्रो परिचय नै नभएको कुरा सम्झेर हामी दुवै जना हाँस्यौं एकपटक । "म सुनिता आचार्य"

"ए बाहुनकी छोरी पो हुनुहुँदो रै'छ, अनि बाहुनकी छोरी भएर किन, आइ मिन, कसरी क्रिश्चियन हुनु भो त तपाई ?"

"तपाईंको प्रश्नले नै जवाफ इङ्गित गर्छ । तपाईंको प्रश्नको तात्पर्य के हुन आउँछ भने हिन्दू धर्म भनेको बाहुन, क्षेत्री वा कुलिन जात र वर्गको मात्र हो । मैले 'म दलितकी छोरी हुं' भनेकी भए तपाईंले म क्रिश्चियन हुनुलाई आश्चर्यको रूपमा लिनुहुने थिएन । तर तपाईंको जानकारीको लागि म बाहुन होइन दलितकी छोरी हुं । हाम्रा कुनै पुर्खाले आचार्य बाहुन हुँदा हुँदै दलितकी छोरी बिहे गरेछन्, त्यसैले उनका हामी सन्ततिहरू आचार्य थर हुँदा हुँदै पनि जातले दलित हौं ।" उनले मलाई लगभग लज्जित पार्ने गरी जवाफ दिइन्, म त अकमक्क परें एकछिन । खाजा हाम्रो टेवलमा आयो । खाजाको

प्लेट, न्यापकिन आदी यताउती मिलाउने जस्ता खानु भन्दा अगाडिका उपक्रमहरूले तत्कालका लागि मेरो लज्जाबोध छुपाउने बहानाको काम गरे । जब हामी बिस्तारै खान लाग्यौं, तब उनले पुनः आफ्नो कुरा अगाडि बढाइन् "हेर्नुस्, हिन्दू परिवारमा जन्मेर हुर्केर आएकी म, कुनै लहडमा त्यसै बहकिएर क्रिश्चियन भएकी होइन । दुवै धर्महरूको बारेमा गहिरोसँग बुझेर तुलनात्मक अध्ययन गर्दा क्रिश्चियन नै राम्रो लागेर पनि मैले धर्म परिवर्तन गरेकी होइन । समय, परिस्थिति नै यसरी विकसित भएर आयो कि म धकेलिंदै वा डोरिंदै क्रिश्चियन हुन पुगें । कुलोको डिलमा भएको कुनै छिद्रबाट निस्किएको अलिकति पानी बग्दै बग्दै कुनै पोखरीमा मिसिए जस्ता .....।" उनी बोल्दा बोल्दै त्यसै रोकिइन् र एकछिन टोलाइन् । मैले पनि टवाल्ल परेर उनलाई हेरिरहें । एकछिन पछि परिस्थितिलाई सहज बनाउने उद्धेश्यले मैले नै भने, "तपाईंको व्यक्तिगत जीवनको बारेमा नचाहिंदो चासो व्यक्त गरेर....।"

तर उनी तुरून्तै सहज भइन् र मलाई बिचैमा रोकेर उनले भनिन्, "हैन, हैन तपाईंको जिज्ञासा सामान्य नै त हो नि, मैले त्यस्तो अन्यथा सोचेको छैन ।" वेटरले कफी लिएर आयो र हामीले खाइसकेको प्लेटहरू लिएर गयो । कफी सँगै पुनः उनले आफ्नो सम्वाद शिलशिला अगाडि बढाइन् "म परिस्थितिको कुरा गर्दै थिएँ, हेर्नुस् समय र परिस्थितिले मान्छेलाई कहाँ कहाँ पुऱ्याउँछ । मेरो जन्म गोर्खामा भएको हो, म तीन वर्षकी हुँदा मेरी आमा घाँस काट्न जाँदा भिरबाट लडेर मर्नु भाको रे । घरमा बुबा, एउटी फुपू र म मात्र थियौं, जसो तसो जिन्दगी चलिरहेकै थियो । तर ६१ सालको एक दिन शाही सेनासँगको भिडन्तमा बुबा मारिनुभएछ, वहाँ लगभग एक वर्ष पहिले देखि माओवादीमा लाग्नु भएको थियो । बुबा जानु भए पछि फुपू र म विचल्लीमा पऱ्यौ । हाम्रो आफ्नो भन्ने र हामीलाई सहारा दिने कोही भएन । जिन्दगी चल्न कठिन भयो । म त १४/१५ वर्षकीमात्र, फुपू लगभग २५ वर्षकी हुनुहुन्थ्यो त्यतिखेर । वहाँले आफुले चिनेका एक जना सहयोगीको सल्लाह अनुसार मलाई लिएर चितवन आउनु भो । तर हामी चितवन आउँदा हाम्रो दलित परिचय पनि सँगसँगै आयो । जातीय विभेदका अत्यन्त कष्टकर र पीडादायी अवस्था हामीले सामना गऱ्यौं । दलीत भएकै कारण काम पाइएन, बस्नलाई कोठा पाइएन, सहृदयी सहयोगी साथी पाइएन । फुपूले बल्ल बल्ल एउटा होटेलमा भाँडा माझ्ने र सरसफाइ गर्ने काम पाउनुभो । त्यही होटेलको स्टोर रूममा हामी बस्न थाल्यौं । केही समयपश्चात

नजिकैको अर्को होटेलमा मैले पनि फुपूको जस्तै काम पाएँ र जसोतसो हाम्रो गुजारा चल्यो ।" सुनिता फेरि बोल्दा बोल्दै रोकिइन् र मतिर हेर्दै भनिन् "म त आफ्नो कथा बेलिबिस्तार पो लाउन थालेंछु, तपाईंलाई बोर लागि सक्यो होला ।"

"हैन हैन मलाई बडो चाखलाग्दो लागिराको छ तपाईंको सङ्घर्षको कथा, भन्दै जानुहोस न, विशेषगरी तपाईंले धर्म परिवर्तन चाहिँ किन र कसरी गर्नु भयो, त्यो जान्ने उत्सुकता भइरहेछ मलाई ।" मैले उनलाई हौस्याएँ ।

सुनिताले ठूलो श्वास फेरिन् एकपटक । मैले सेलाउँदै गइरहेको कफि तर्फ इशारा गरें, उनले कफि पिउँदै भनिन्, "यसै समय हाम्रो एक जना मान्छेसँग परिचय भयो, हाम्रो भन्दा पनि फुपूको भनौ न । उनी क्रिश्चियन रहेछन् । उनले फुर्सदको समयमा नियमित रूपमा हामीलाई 'परमेश्वरको सुसमाचार' सुनाउन थाले । हामी परमेश्वरको सुसमाचार भन्दा पनि हाम्रो आफ्नो सु-व्यवस्थापनको बारेमा चिन्तित थियौं। नभन्दै यी मानिसले हाम्रो व्यवस्थापनको पनि जिम्मा लिए । धर्म प्रचारका लागि कुनै एउटा विदेशी संस्थाले उपलब्ध गराएको सहयोगले हाम्रो एक किसिमले उद्धार भयो । हामीलाई चर्च नजिकै एउटा घरमा कोठा लिएर राखियो । हाम्रो खानपान, कोठाभाडालगायत सबै खर्च तिनै व्यक्तिले कताबाट जुटाइदिए । मेरो पढाइ छुटेको थियो, मलाई ७ कक्षामा पुनः भर्ना गराएर पढ्ने व्यवस्था पनि मिलाइदिए । फुपू र म नियमित चर्च जान थाल्यौं, चर्चका पास्टरले हामीलाई बिधिवत क्रिश्चियन भएको घोषणा गरे र यसरी हामी क्रिश्चियन भयौं । पछि फुपूले तिनै हाम्रा सहयोगी व्यक्तिसँग बिहे गर्नुभो र चितवनबाट सरेर वहाँहरू बुटवल आएर बस्न थाल्नु भो । मैले मेहनत गरेर पढें र वि.ए.पास गरें। मलाई नजिकै एउटा निजि विद्यालयमा शिक्षिकाको काम मिल्यो र म जागिरे पनि भएँ । कालन्तरमा तिनै चर्चका पाष्टरले मसँग बिहे गर्ने ईच्छा व्यक्त गरे, उनी मभन्दा दोब्बर उमेरका थिए तर मैले नाइनास्ति गरिन् । यसरी अहिले फुपूको बुटवलमा र मेरो चितवनमा गृहस्थी राम्रै चलिराको छ । मेरो कथा यही हो ।" उनी मतिर फर्केर मुस्काइन् मैले ट्वाल्ल परेर उनलाई हेरिरहें । हामीले कफी पिइसकेका थियौं तर हिंड्नलाई हामी दुवैले खासै हतार गरेनौं । हामी अझै केही समय उनको जीवनका विविध पहलुहरूबारे कुराकानी गर्दै बसिरह्यौं । उनले धर्म परिवर्तनका सम्बन्धमा के चाखलाग्दो कुरा बताइन् भने अर्को धर्मको राम्रोले आकर्षित गरेर भन्दा आफ्नो धर्मको बेवास्ता, विभेद र

नराम्रोले विकर्षित गरेर मान्छेले धर्म परिवर्तन गर्दोरहेछ । आफ्नो भनेको धर्मले चैं हेला गर्ने, दुर्व्यवहार गर्ने, कुनै प्रकारको सद्भाव र सहअस्तित्व भाव नदेखाउने अनि परधर्म भनिएकाले चैं यस्तै अवस्थालाई अवसरको रूपमा लिई त्यसरी अपहेलित, परित्यक्त र विभेदको शिकार भएकाहरूका अगाडि आकर्षणको प्याकेज नै लिएर आउँछ भने कुन चैं मान्छे आफ्नो धर्म भनेर टाँसिएर बसिरहन्छ र ?

उनले भनिन् "भोको मान्छे स्वभाविक रूपमा भोजनतर्फ आकर्षित हुन्छ । मेरी फुपू र म यही कारणले क्रिश्चियन भएका हौं । अहिले हाम्रो जीवन राम्रै बितिरहेको छ, कमसेकम हाम्रो विश्वासीहरूको समाजभित्र हामीलाई कसैले दलित भनेर विभेद गर्दैन ।"

उनको तर्क मलाई मन पर्‍यो । नदी सधैं थुनिएर रहन सक्दैन, कुनै न कुनै निकास खोजेर त्यो बगेरै छोड्छ एकदिन । सुनिता र उनकी फुपू पनि निकास खोजेर बगेछन् । मैले उनको समर्थन गर्दै भने, "ठिक भन्नु भो तपाईंले, धर्मले कमसेकम आफ्नाहरूको त संरक्षण गर्नु पर्‍यो नि, संरक्षण नै नगरे पनि कमसेकम उपेक्षा र अपमान त गर्नुभएन नि । यदी आफूले संरक्षण र सम्मान गर्न नसकेको मान्छे सोही कुराको खोजिमा अन्यत्र भौंतारियो भने त्यसमा फेरि गुनासो, विलौना किन गर्नु ? रिस किन देखाउनु ? कसैले धर्म परिवर्तन गरेको विषयमा यसरी रोइलो गर्ने थुप्रै मान्छे देखेको छु मैले हाम्रो समाजमा । आफूसँग हुंदा कौडीको भाउ नदिने, अन्यत्र गएपछि चैं बहुमुल्य सम्पत्ति गुम्यो भने जस्तो गरेर कहाँ हुन्छ र ?" मेरो कुरा सुनेर खुसी भइन् उनी ।

अब पनि नहिँडे ढिलो हुने ठानेर निकैबेर पछि हामी बिस्तारै उठ्यौं र पुनः हाम्रो यात्रा सुरू गर्‍यौ। यो कफी ब्रेकले हामीले थाहै नपाई एक किसिमले हामीलाई नजिक्याइसकेछ । हामी अनौपचारिक तवरले सहज रूपमा बोल्ने, हाँस्ने भईसकेछौं। उनी तपाईंबाट तिमी भइसकिछन्, म पनि सरबाट किशोरजी भइसकेंछु ।

त्यसपछि हाम्रा गफहरू हल्का फुल्का, हाँसो ठट्टा मिसिएका र बिनोदी प्रकारका हुंदै गए । गाडी भित्रको वातावरण एककिसिमले रमाईलो भयो । उनी अघि जस्तो सिटमा ढल्किएर निदाउनुको सट्टा उत्साही भएर मसँग गफ गर्न थालिन् ।

परिवेश के परिवर्तन भएको थियो, म भित्रको मान्छे, मान्छे भित्रको पशु, पुनः हौसिन थालिहाल्यो । मौका मिल्यो कि मेरा आँखाहरूले उनको शरीर छाम्न थाले । मेरा शब्द र वाक्यहरू द्वीअर्थी र हल्का बेशरम हुंदै गए । म एककिसिमले उनीसँग गफैगफमा

जिस्किन वा इत्रिन थालें। तर रमाईलो के थियो भने मेरो परिवर्तित बोली र ठट्टाको शैलीलाई प्रतिवाद गर्नु भन्दा उनी पनि मसँग समानान्तर शैलीमा प्रस्तुत हुँदै गइन् । मेरा कतिपय निर्लज ठट्टाहरूमा हाँस्दै र उही स्तरका जवाफ फर्काउँदै गइन् । मैले जस्तो खोज्दै थिएँ उनी त्यस्तै बन्दै गइन् ।

कुरै कुराको सिलसिलामा मैले उनको रूप र सौन्दर्यको तारिफ गरें। उनले मसँग इत्रिंदै भनिन् "अर्काको सम्पत्तिमा धेरै आँखा लगाउने हैन है ।"

"आँखै त लगाको हो नि, अरू केही लगाको छैन । फेरि आँखा लगाउँदैमा त्यो शरीरमा कहिले नमेटिने डाम बस्दैन होला त ।" मैले जवाफ फर्काएँ । हामी दुवै हाँस्यौं ।

"एउटा कुरा भनौं ?" मैले भने खोलामा निर्वाध पानी बगिरह्यो भने त्यसको कुनै अर्थ हुँदैन, पानी त्यसै खेर जान्छ, नाश हुन्छ । त्यसको त सदुपयोग हुनुपर्छ, त्यसले सिंचाई गर्नु पर्छ, त्यसबाट विजुली निकाल्नु पर्छ ।"

"मलतब ?" सुनिताले प्रश्न सूचक आँखाले मलाई हेरिन् ।

"मलाई तिमी, तिम्रो सौन्दर्य र तिम्रो जवानी त्यही खोलाको पानी जस्तै लागिरहेको छ ।" मैले भने । उनी गलल्ल हाँसीन् र भनिन् "त्यसको चिन्ता तपाईंले गर्नु पर्दैन, पास्टरजीले यथेस्ट सदुपयोग गरेका छन् पानीको ।"

"यस्तो उर्लिंदो खोला छ, विचरा पास्टरजीको सामर्थ्यले के भ्याउँथ्यो पूर्ण सदुपयोग गर्न !" मैले भने । हामी फेरि हाँस्यौं ।

म आफ्नो व्यापारिक कामको शिलशिलामा केही दिन हेटौंडा बसेर आफ्नो घर नेपालगञ्जतर्फ फर्कंदै थिएँ यतीखेर । तर बुटवल पुग्न केही समय बाँकी छँदै घाम अस्तायो । मैले आजको रात बुटवलमै बस्ने निधो गरें।

बुटवल पुग्ने पुग्ने बेलामा मैले गाडीको गति अलि सुस्त गराएँ र उनलाई हेर्दै भने, "सुनिता, एउटा कुरा भनौं ?"

सुनिताले नबोलिकन आँखाको इशाराले 'के' भनेर सोधिन् ।

"तिमी फुपूकोमा भोलि विहान मात्र गए हुँदैन ?" मैले याचनामय शैलीमा नहाँसिकन भने ।

"अबुई, तपाईं त कस्तो खतरा मान्छे हुनुहुंदो रै'छ ! मलाई त डर पो लाग्यो ।" मेरो अनपेक्षित अनुरोध र अनुरोध भित्रको आशय बुझेर उनी अलिकति हच्केको देखियो ।

मैले शान्त भएर भने, "हेर, एकदिन अचानक भेटिएको मान्छे जो केही समयमै प्रिय मित्र बन्यो र जोसँग सम्भवतः जीन्दगीमा अर्को भेट पनि नहोला । त्यस्तो मान्छेसँग प्रेमपूर्ण र अन्तरङ्ग समय बिताउनु भनेको एउटा

अत्यन्त रोमाञ्चक अनुभूति हो, 'एक्साइटिङ एडभेन्चर' हो जीवनको । जीन्दगी भरि सम्झिरहन पाइने र सम्झेर एकान्तमा मुसुमुसु हाँसी रहन पाइने न्यानो सम्झना निर्माण गर्ने मौका हो यो एकदमै दुर्लभ र जीन्दगीमा सम्भवत अर्को पटक प्राप्त गर्न नसकिने अवसर हो यो । अर्को महत्वपूर्ण कुरा यसमा जोखिम शून्य छ । तिमी र मबाहेक हामी बाँचुन्जेल यो कुरा कसैले थाहा पाउने छैन ।

उनले चुपचाप मेरो कुरा सुनिन् र छोटो प्रतिवाद गरिन् "यो कुरा कसैले थाहा नपाए पनि परमेश्वरले सबै थाहा पाउनुहुन्छ, वहाँले सबै देखिरहनु भएको छ ।"

"तिमीलाई यस्तो लाग्दैन कि यो सबै परमेश्वरको ईच्छा अनुसार नै भईरहेको छ ? हाम्रो यात्रा, मित्रता, यो संयोग र यो मौका मलाई त लाग्छ परमेश्वरले संकेत गर्दै हुनुहुन्छ हामीलाई कि यो अवसरलाई हामीले खेर फाल्नु हुँदैन ।"

"हेर कति बाठो मान्छे, कुरा गर्न पनि कति जानेको," उनी हाँसिन् र फेरि भनिन् "बाईबलले यस्तो कार्यलाई पाप भन्छ, म जानी जानी कसरी पाप गर्न सक्छु र?"

"माया प्रेमलाई बाइबलले कहिल्यै पाप भनेको छैन । उदाहरणको लागि बाइबलमा पिटर अध्यायको चौथो पदमा लेखेको छ, 'सबैभन्दा महत्वपूर्ण कुरा, एक अर्कालाई गहिरोसँग माया गर किनकी मायाले अनगिन्ती पापहरूलाई पनि छोपिदिन्छन् ।' त्यसैगरी कोरिन्थियन अध्यायको १६ को १४ औं पदमा भनेको छ 'मायामा सबैथोक गरे हुन्छ ।' अझै उदाहरण दिऊँ ? कोरोन्थियन कै १३ को चौथो र पाँचौ पद हेर, त्यसले भन्छ 'माया भनेको धैर्यता हो, यो दयालु हुन्छ, यसले इर्ष्या गर्दैन, घमण्ड गर्दैन र यसले गल्तीहरूको हिसाब पनि राख्दैन' ।" मैले एकछिन गाडी साइडमा रोकेर नै उनलाई सम्झाएँ ।

सुनिताले छक्क परेर मलाई हेर्दै भनिन् "मेरा बाबै, मैले तपाईंलाई सकिन्, कस्तो गज्जबको मान्छे तपाईं ? बाइबल पनि कण्ठै पो रहेछ त तपाईंलाई ? ल मैले हारें किशोरजी ।"

हार्‍यौ हैन, जित्यौ तिमीले किनकी जसले अर्को व्यक्तिलाई माया गर्छ, उसले परमेश्वरको प्रेम जित्छ । बाइबलमा जोनको चौथो पदमा भनेको छ 'परमेश्वरलाई कसैले देखेको छैन, तर हामीले एक अर्कालाई माया गर्‍यौ भने, परमेश्वर हामीसँग बस्नु हुन्छ र हामी प्रति वहाँको प्रेम पूर्ण हुन्छ '।" मैले भने । मसँग अति प्रभावित भएर उनले मलाई अवाक भएर हेरिरहिन् ।

सुनिता त्यो रात आफ्नो फुपूकोमा गइनन् । ◆◆◆

# राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ)



✍ प्र.ना.उ.ई.गण शेखर श्रेष्ठ

**पृष्ठभूमिः**

देशभरको ट्राफिक व्यवस्थापनको लागि ट्राफिक प्रहरीलाई अझै प्रभावकारी बनाई सवारी दुर्घटना न्युनीकरण गरी राष्ट्रले बेहोर्नु पर्ने धनजनको क्षतिलाई न्यून पार्न राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको प्रत्यक्ष अग्रसरतामा विभिन्न स्थानहरूमा ट्राफिक ईकाईहरूको स्थापना, सवारी ऐनमा संशोधन, सवारी दुर्घटना न्युनीकरण, ट्राफिक जनचेतना एवम् सडक पूर्वाधारहरू विकासमा पहल गर्ने कार्यहरूका साथै सवारी दुर्घटना भई सकेको अवस्थामा त्यस्तो दुर्घटनाहरू सफल अनुसन्धान लगायतका कार्य सिमित स्रोत र साधनका बावजुद पनि प्रभावकारी ढंगबाट सम्पादन हुँदै आएको छ ।

सवारी दुर्घटना न्युनीकरण, सवारी आवागमनमा सहजता ल्याउने र सवारी दुर्घटना भईसकेको अवस्थामा त्यस्तो दुर्घटनाहरूको सही रूपमा अनुसन्धान लगायतका कार्यलाई सजह बनाउन समयसापेक्ष योजना बनाई वैज्ञानिक पद्धति र आधुनिक प्रविधि अपनाउनु पर्ने आजको आवश्यकता हो । यसै परिप्रेक्षमा प्रहरी प्रधान कार्यालयमा राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको प्रत्यक्ष मातहत रहने गरी ट्राफिक इन्जिनियरिङ सम्बन्धी दक्ष र विज्ञ इन्जिनियरहरूको समूह गठन गर्ने सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७६।०६।०७ को निर्णयले स्वीकृत गरेको प्रस्ताव कार्यान्वयनका लागि नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को नियम २९ अनुसार अनुरोध भए पश्चात नेपाल सरकार गृह मन्त्रालय प्रहरी कर्मचारी प्रशासन शाखाको मिति २०७६।०६।१३ को पत्रले प्रहरी प्रधान कार्यालयलाई कार्यान्वयन गर्न लेखि पठाए अनुसार राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) को दरबन्दी स्वीकृत भई नयाँ स्थापना भएको हो ।

**राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) को उद्धेश्य :-**

वैज्ञानिक ढंगले बढ्दो सवारी दुर्घटना न्युनीकरण तथा ट्राफिक व्यवस्थापनलाई सहज बनाउने उपाय पत्ता लगाई राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको प्रत्यक्ष अग्रसरतामा कार्यान्वयन भईरहेका कार्यहरूमा सहयोग पुऱ्याउने ।

**ट्राफिक इन्जिनियरिङको महत्व/औचित्यः-**

- सडक, राजमार्ग र ढुवानी तब सम्म सुरक्षित मान्न सकिन्न जब सम्म ट्राफिक इन्जिनियरिङको पूर्ण पालना गरिएको हुन्न ।
- ट्राफिक इन्जिनियरिङको पूर्ण पालनाबाट सडक, राजमार्ग र ढुवानीलाई चुस्त र सुरक्षित बनाई मात्र ट्राफिक व्यवस्थापनको प्रत्याभूति गर्न सकिन्छ ।

**कार्यान्वयनमा हालको अवस्था एवं स्विकृत दरबन्दीः-**

- प्रहरी प्रधान कार्यालय, मानवस्रोत एवम् प्रशासन विभाग, प्रशासन उप-शाखाको मिति २०७६।१०।०८ को पत्र अनुसार आ.त.भौ.प. महाशाखाबाट मिति २०७६।१०।०९ गते देखि आ.त.भौ.प. महाशाखा दरबन्दीका प्र.ना.उ. ई. गणशेखर श्रेष्ठलाई अर्को आदेश नभए सम्मको लागि प्र.प्र.का. राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय मा काज खटाए पश्चात उक्त निर्देशनालयमा ट्राफिक इन्जिनियरिङ शाखाको विधिवत कार्यारम्भ भईसकेको छ । स्वीकृत दरबन्दी तपसिल बमोजिम रहेको छ ।

**तपसिलः**

ट्राफिक इन्जिनियर प्र.ना.उ..........१
ट्राफिक इन्जिनियर प्र.नि.............१
ट्राफिकसम्बन्धी ज्ञान भएका ओभरसियर प्र.ना.नि..............१
ट्राफिकसम्बन्धी ज्ञान भएका ओभरसियर प्र.स.नि..................१

**राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) को कामः-**

**प्रारम्भिक र हाल**

१. Road Accident Information Management System (RAIMS) सम्बन्धी सम्पूर्ण कार्यहरू ।
२. Traffic Communication App (TCA) सम्बन्धी सम्पूर्ण कार्यहरू ।
३.यातायात व्यवस्था विभागसँग समन्वय गर्ने ।

**दिर्घकालिन :**

ट्राफिक इन्जिनियरिङ सम्बन्धी दक्ष र विज्ञ इन्जिनियरहरूको समूहबाट वैज्ञानिक ढंगले बढ्दो सवारी दुर्घटना न्युनीकरण तथा ट्राफिक

व्यवस्थापनलाई सहज बनाउन,

१.ट्राफिक इन्जिनियरिङ सम्बन्धी अभिलेखको खोज, संकलन र भण्डारण गर्ने ।

२.संकलित अभिलेखहरूको सुक्ष्म अध्ययन र विश्लेषण गर्ने ।

३. दुर्घटना तथा सवारी चाप सम्बन्धमा ट्राफिक इन्जिनियरिङ दृष्टिकोणले देखिएका कमिकमजोरीहरूको पहिचान एवम् कारण पत्ता लगाउने ।

४. वैज्ञानिक पद्धति एवम् प्रविधिहरूको प्रयोगद्वारा ट्राफिक व्यवस्थापनमा भईरहेका कमिकमजोरीहरूको निराकरण गर्न पहल गर्ने ।

**राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) ले समन्वय गर्नुपर्ने निकायहरूः-**

१. प्रदेश ट्राफिक प्रहरी कार्यालयहरू
२. महानगरीय ट्राफिक प्रहरी महाशाखा
३. यातायात व्यवस्था विभाग
४. सडक विभाग
५. वातावरण मन्त्रालय
६. दुर संचार संस्थान
७. विद्युत प्रधिकरण संस्थान
८. खानेपानी तथा ढल निकास संस्थान
९. महानगरपालिका, नगरपालिका, गाउँपालिका

**राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) ले माथिका निकायहरूसँग समन्वय गर्नु पर्ने कारणः**

- माथि उल्लेखित निकायहरूले हाल गरिरहेका काम कारबाही र भविष्यमा गर्ने काम कारबाहीहरूको पूर्व जानकारी लिई समन्वय गरेमा ट्राफिक इन्जिनियरिङ मार्फत ट्राफिक व्यवस्थापनलाई समयमै अझ प्रभावकारी बनाउन भूमिका खेल्न सकिने ।

**राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) को तत्कालको आवश्यकता** ः

१.नेपाल प्रहरी संगठनले राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय मातहत ट्राफिक इन्जिननियरिङको दरबन्दीसमेत सिर्जना भएको हुँदा विशिष्टिकृत ढंगले कार्यान्वियनमा ल्याउन र राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) ले समन्वय गर्नुपर्ने निकायहरूसँग आवश्यकता अनुसार समन्वयको वातावरण बनाउन राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको प्रत्यक्ष मातहत रहने गरी ट्राफिक इन्जिनियरिङको छुट्टै शाखा स्थापना गर्नु पर्ने ।

२. राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको कार्य विभाजन तालिका (अनुसूचि १) मा ट्राफिक इन्जिनियरिङ शाखालाई समेत व्यवस्था गर्नु पर्ने ।

३. निर्दिष्ट भए बमोजिमको दरबन्दी अनुसार ट्राफिक इन्जिनियरिङ शाखाको जनशक्ति अबिलम्व पूर्ति गर्नुपर्ने ।
४. हाल प्रा.प्र.ना.उ.१ मात्र कार्यरत रहेकाले पूर्ण रूपमा जनशक्ति पूर्ति नभएसम्म तत्काल कम्तिमा दुई जना जु.प्र.अ. र दुई जना प्र.ज. तत्कालै ट्राफिक इन्जिनियरिङ शाखाको कामकारबाही संचालनको लागि खटाउनु/व्यवस्था हुनु पर्ने ।
५. ट्राफिक इन्जिनियरिङ शाखाको लागि छुट्टै कार्यकक्ष र आवश्यक स्रोत साधनको व्यवस्था हुनु पर्ने ।
६. ट्राफिक इन्जिनियरिङ शाखामा कार्यरत कर्मचारीहरूलाई समयमै समय-सापेक्ष स्वदेशी तथा विदेशी तालिम दिई नेपाल प्रहरीले ट्राफिक इन्जिनियरिङको अवधारणालाई प्रभावकारी ढंगले राष्ट्रिय स्तरमा पेश गर्नु पर्ने।

**राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) को योजनाहरूः-**

**क) प्रारम्भिक योजनाहरूः-**

१. RAIMS (Road Accident Information Management System) लाई प्रभावकारी बनाउन यातायात व्यवस्था विभागसँग समन्वय गरी हाल काठमाडौं उपत्यका र काठमाडौं-विरगञ्ज कोरीडोरमा ६५ वटामात्र RAIMS संचालनमा ल्याईएको अवस्थालाई तत्कालै काठमाडौं उपत्यका, २ नं. प्रदेश र बागमती प्रदेशका सम्पूर्ण ट्राफिक प्रहरी युनिटहरूमा विस्तार गर्ने, स्रोत साधन उपलब्ध गराउने र तालिममार्फत दक्ष जनशक्ति उत्पादन गर्ने ।
२. TCA (Traffic Communication App) लाई देशभरी अझ प्रभावकारी र विस्तार गर्न आवश्यक पहल गर्ने ।
३. राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) ले समन्वय गर्नुपर्ने निकायहरूसँग छलफल र भेटघाट थाल्ने ।
४. राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको प्रत्यक्ष मातहत रहने गरी ट्राफिक इन्जिनियरिङ शाखाको स्थापना गर्ने ।
५. ट्राफिक इन्जिनियरिङ शाखाको लागि छुट्टै कार्यकक्ष र स्रोत साधनको लागि पहल गर्ने ।
६. राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) मा रिक्त रहेको दरबन्दी पूर्तिको लागि पहल गर्ने ।
७. यातायात व्यवस्था विभागसँग समन्वय गरी (राडार गन) मार्फत तिव्र गति

नियन्त्रण गर्ने स्रोत साधन ट्राफिक प्रहरीलाई उपलब्ध गराउने ।

८. ट्राफिक इन्जिनियरिङ शाखामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि समय-सापेक्ष तालिम र वृत्ति विकासको पहिचान गरी आवश्यक पहल गर्ने ।

९. राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालय (ट्राफिक इन्जिनियरिङ) ले गर्नु पर्ने दैनिक कारबाहीहरू सुचारू राख्ने ।

**ख) दिर्घकालिन योजनाहरूः-**

१. RAIMS (Road Accident Information Management System) र TCA (Traffic Communication App) लाई देशभर प्रभावकारी ढंगले लागु गर्ने ।

२. हरेक सार्वजनिक तथा निजि सवारी साधनहरूमा GPS Tracking System जडान गरी ट्राफिक व्यवस्थापनलाई वैज्ञानिक ढंगले सहज तुल्याउने ।

३. नेपाल भर संचालनमा रहेका सम्पूर्ण सार्वजनिक तथा निजी सवारी साधनहरूको सम्पूर्ण डाटाहरूलाई वैज्ञानिक पद्धति एवम् प्रविधिहरूको प्रयोगद्वारा व्यवस्थित गर्ने ।

४. दैनिक रूपमा नेपाल भर संचालनमा रहेका सम्पूर्ण सार्वजनिक तथा निजी सवारी साधनहरूको रेकर्ड राख्ने व्यवस्था मिलाउने ।

५. नेपाल भर रहेका सम्पूर्ण बाटो-घाटो, राजमार्गहरूमा ट्राफिक इन्जिनियरिङ पूर्ण रूपमा लागु गराई उत्कृष्ट ट्राफिक व्यवस्थापनबाट राजमार्ग सुरक्षा तथा ट्राफिक निर्देशनालयको उद्देश्य प्राप्त गरी अन्ततवोगत्वा नेपाल प्रहरी संगठनको गरिमालाई उच्च बनाउने । ♦♦

**गजल**

## आफ्नै भाग्य

✍ **सूर्यदीप थापा**

आफ्नै भाग्य मर्ने गरी बाण हान्यौ प्रिया
आफैतिर फर्काएर धनु तान्यौ प्रिया

पलाएको स्वच्छ माया निमोठेर कठै
निष्ठूरी भई तातो तेलमा हाली भान्यौ प्रिया

भन्छन् सबै राम्रो मान्छे बिर्सिंदैन वाचा
तर तिमी आफ्नै मुटु भुल्न जान्यौ प्रिया

पूजा गर्न सजाएको देवालय हरे
कता कता अल्भिएर ढुङ्गो ठान्यौ प्रिया

मधुमास मनाउँदै खुसी साट्ने बेला
उल्टो बाटो भड्खालो नै किन छान्यौ प्रिया ?

कथा

# रौनक फेरिएको जात्रा



✍ मिम बहादुर लामा

चण्डि पूर्णिमा अर्थात वैशाख पूर्णिमा आउन केही दिन मात्र बाँकी थियो । पूर्णिमाको अवसरमा पलाञ्चोक भगवती मन्दिरमा तीन दिनसम्म मेला लाग्ने भएकोले गाउँबाट शहर छिरेका ठिटाहरू जात्रालाई लक्षित गरी गाउँ फर्कदै गरेको दृश्य रमाईलो थियो । काँधमा बडेमानको टेप रेकर्डर बोकी हिन्दी र तामाङ गीत घन्काउदै उकालो चढ्दै गरेको दृश्यले गाउँको रमणिय वातावरणमा थप रौनक भरिएको थियो । गाउँका बुढापाकाहरू ती गाउँ फर्कदै गरेका ठिटाहरूको हुलमा आफ्नो शहर पसेका छोराहरू पनि छन् की भन्दै आँखा डुलाई रहेका देखिन्थे । ती ठिटाहरूले गरेका अभिवादन फर्काउदै कोसेलीको रूपमा दिएका देउराली र खुकुरी चुरोटका खिल्लिलाई धुवाँमा परिणत गर्दै गफिरहेका दृश्यहरूले आत्मियता र सामिप्यता झल्किरहेको देखिन्थ्यो। कतिले त आफ्नो कोसेलीको रूपमा बजारमा निक्लेका चाउचाउका पाकेट, जिरा मरिचका पोकाहरू पनि थमाई रहेका देखिन्थे । ती युवाहरूले आफ्नो गाउँ र गाउँबासीलाई अगाध माया गरेको देखेर बुढा पाकाहरू पनि आफ्नो सन्तानप्रति अत्यन्त खुसी देखिन्थे ।

उनीहरूमा सुख र खुशी बिचको अन्तर स्पष्ट देख्न सकिन्थ्यो । गाउँको जन जीवन कष्टकर भएता पनि उनीहरूमा खुशी देख्न सकिन्थ्यो । सामान्य खान पान, कहिलेकाहीं एक छाक मासु भातमा उनीहरूको खुशी झल्किन्थ्यो । साच्चै नै भन्नु पर्दा किसानको खुशी सानो सानो कुराहरूमा देख्न सकिन्थ्यो । खेतिपातिको बेलामा समयमै पानी पर्दाको खुशी, समयमै खेतबारी खनजोत गरी अन्न बाली लाउन पाउँदाको खुशी, समयमै आफूले रोपे छरेका बीउहरू टुसा पलाउँदाको खुशी, समयमै गोडमेल, मलजल गर्दाको खुशी, मकैका बिरूवामा धान चमरा, अझै एउटै बोटमा दुई घोगा मकै फल्दाको खुशी संसारको अन्य कुनै खुशी

भन्दा कैयौ गुणा खुशीको अनुभूत गरेको देख्न सकिन्थ्यो । उनीहरूको कुनै ठूलो सपना र महत्वाकांक्षा समेत छैनन् । बस आफ्नो जमिनमा मौसम अनुसारको अन्न बाली उब्जाउ गर्ने, बाल बच्चालाई पालन पोषण गर्ने, नजिकैको स्कुलमा पठन पाठन गराउने कुरा नै उनीहरूका लागि ठूलो कुरा थियो ।

केही पढेलेखेका बाहेक अधिकांश युवाहरू खर्चको जोहो गर्न राजधानी शहर पस्दथे । ठमेल र बसन्तपुरमा रिक्सा चालक, पर्यटकको भरिया नाईके, कुक, गाइड ट्याक्सि र टेम्पो चालक र ज्यामी काम समेत उनीहरूको विज्ञताको क्षेत्र थियो ।

चाडबाड भने पछि हुरूक्कै हुने संस्कारबाट हुर्केका ती युवाहरू चाडको समयमा जतिनै ठूलो आम्दानीको स्रोत गुमाउन परेता पनि पछि नहटी मेला भर्न गाउँनै फर्कन्थे। एक दुई दिनमै गाउँ गुन्जयमान हुन थाल्यो। घर घरमा ठूला ठूला आवाजमा हिन्दी र तामाङ सेलो, डम्फु गीत बजिरहेको थियो । जात्रा भर्न तिमाल, कोशि पारी, होक्से चिसापानी, दोलालघाट, खुम्बारी खरेलथोक, मानेगाउँ, कालिन्जोर, कोशिदेखा, फुलबारी मेथिनकोट, दाप्चा पाँचखाल लगायत विभिन्न स्थानबाट मानिसहरूको ओइरो लाग्ने गर्दथ्यो । यस जात्रामा तामाङ समुदायको उमेर पुगेका ठिटा ठिटिहरूको एक आपसमा मन मिलेको खण्डमा सुटुक्क भागि विवाह गर्ने पुरानै चलन थियो। कतिपय ठिटीहरूलाई केटा मन नपरेको खण्डमासमेत जबरजस्ति तानेर लाने दृश्य त झनै अचम्म लाग्दो हुन्थ्यो । कतिपय केटीहरूले चंगुलबाट उम्कनको लागि डाँठ लामो भएको छाताले प्रहार गरी उम्कि भागेको दृश्य पनि देखिन्थ्यो। जे होस उमेर पुगेका ठिटा र ठिटीहरूको राजिखुसी भएमा उपयुक्त अवसर यही जात्रा थियो ।

तामाङ सेलो र फापरे गीतमा (ठाडो भाका) रातभर आँखा झिमिक्क नगरिकन भाका हाल्ने विवाहित अधबैशे पुरूष र महिलाहरूको समूहको जुहारी गीत सुन्न लायकको हुन्थ्यो। ती महिलाहरूले ल्याएका रक्सिको जर्किन नरित्तिन्जेल गीतको भाका गुन्जिरहन्थे । भगवती मन्दिरमा चण्डी पाठ गर्ने ब्राम्हण समुदायका मानिसहरूको एकहोरो भट्याइले मन्दिर परिसर गुन्जयमान हुन्थ्यो । घण्टको आवाज, दमाहको गुञ्जन र नरसिङ्गाको आवाज सँगै बज्राचार्य थरका नेवार पुजारीबाट गरिएको पुजाको दृश्य हेर्न लायकको हुन्थ्यो । भक्तजनले ल्याएका कुखुरा तथा बोकाको बली चढिरहेका हुन्थे। स्थानिय पहरी थरका मानिसहरूले भगवतीको सान मुर्ति रथमा बोकी गरिने रथको शोभायात्रा अत्यन्त

रमाईलो हुन्थ्यो । मेला भर्न आउनेहरूलाई लक्षित गरी अस्थाई रूपमा थापिने जलेवि, पैंडा लगायतका मिठाइ पसल, सस्तो खाले श्रृङ्गारका सामानहरू, खेलौना लगायतका पसल राख्न बनेपा, धुलिखेल, पनौतीका व्यापारीदेखि तराई मुलका व्यापारीहरू समेतको सहभागिता हुन्थ्यो। रमाईलो मेलामा पिङ लगायत सानातिना रकम हारजित हुने गरी खेलिने रिङ, लङगुर बुर्जा जस्ता खेलका मजा लिनेहरूको संख्या पनि उल्लेख्य हुन्थ्यो । धैरै वर्ष भेट नभएका साथीहरू भेट गर्ने मौका पनि जात्राको अवसरमा मिल्थ्यो ।

गाउँमा यसपालि साईला दाजुको आगमन अलिक ढिला भएको थियो, उनी ट्रेकिङमा भारी बोक्न छिर्ना साथ लुकिछिपि मार्शल आर्ट सिकी सकेका थिए । दुई चार जनाको समूहले उनलाई आँट गर्न सक्दैनथ्यो। जात्रामा तिमाल लगायत अन्य गाउँहरूका यस्तै समूहका ठिटाहरू एक अर्काका बल र ताकत दाँज्ने मौकाको रूपमा यसै जात्रालाई लिन्थे । एक आपसमा लडाइ भगडा गरी कुन समूहले कसलाई ठिक पार्ने भन्ने योजना बुन्थे । साथमा खुकुरी, लाठी जस्ता जोखिमी हतियारसमेत प्रयोग गर्न पछी हट्दैन थिए । स्थानीय स्तरमा उत्पादित मदिराको सेवनले उनीहरूको मनोबल भन उर्जावान हुन्थ्यो। फलानो समूहलाई यसपाली ठिक पार्नु पर्छ भन्थे । जुन समूह हार्थ्यो अर्को सालमा देखाउछु भन्दै दागा धर्थे र समयको पर्खाइमा हुन्थे ।

साईला दाजु गाउँका ठिटाहरूलाई एउटा समूहले पठाएको चिठी देखाउँदै पोहोर साल रामधुलाई खाएर जाने समूहले यसपाली बाँच्ने भए फलामको टोपी लाएर आउनु भन्ने चिठी लेखेको कारण यसपाली पनि देखाउनु पर्छ भन्दै युवाहरूलाई उकास्न थाले, यतिसम्म कि लाठी चलाउने, खुकुरी चलाउने र विपक्षिको प्रहारबाट बच्न अपनाउनु पर्ने युक्ति सम्बन्धी तरिकासमेत सिकाउन थाले ।

भोलि पल्ट जात्रा भएकोले आवश्यक हतियार सहित पलाञ्चोक तर्फ लागे। पोहोर साल रामधुलाई खाएका समूहका व्यक्तिहरू गौंडा गौंडामा बसिरहेका देखिन्थे । उनीहरूले साथमा बोकेका भोलामा खुकुरी छ भन्ने कुराको अनुमान सहजै गर्न सकिन्थ्यो । साँभ पर्न लागि सकेको थियो । पक्ष पक्षका मानिसहरूको उपस्थिति भइसकेको थियो । यसपाली साईला दाजुको तयारी मजबुत भएता पनि उनीहरूको तुलनामा कमि देखियो । साईलाले आफ्नो चतुर दिमागको प्रयोग गरी अर्को गाउँको समूहसँग सहकार्य गरी मजबुत समूह माथि प्रहार गर्न थाले । पातलिएको सुरक्षाकर्मिको उपस्थिति उनीहरूको लागि अवसर

थियो । सुरक्षाकर्मिहरूको तत्काल नियन्त्रणमा लिन सक्ने सामर्थ्य थिएन। अन्ततः पुन यस पटक पनि नराम्ररी हार खाएर भाग्नु पर्यो। जात्रा वर्षै पिच्छे चल्थे, हार जितको लडाई चलिरहन्थ्यो ।

समयले कोल्टे फेर्यो । देशको शासन व्यवस्था फेरियो, एक दलिय पंचायति व्यवस्थाको स्थानमा बहुदलिय व्यवस्था आयो । पहिले कटुता पूर्ण सम्बन्ध भएका ती गाउँ बस्तिका मानिसहरू राजनैतिक रूपले झुण्ड झुण्डमा बाँधिएको छ, हिजोको तिक्ततालाई बिर्सेका छन् । उनीहरूका सन्ततिहरू कोही पनि शिक्षाको उज्यालो ज्योतिबाट बन्चित हुनु परेको छैन। उनीहरूको चेतनाको स्तर बढेको छ । प्रत्येक गाउँका नयाँ पिँढिका युवाहरूमा सामाजिक, आर्थिक तथा राजनैतिक शसक्तिकरणका सकारात्मक असरहरू देख्न सकिन्छ।

आज पनि जात्रा चलेकै छ । पूजा आजा, आरती, चण्डी पाठ, रथ यात्रा, रमाईलो मेला तामाङ सेलो र फापरे गित (ठाडो भाका) अझै चल्दैछ। तर एक आपसको लडाई र झगडा सदाको लागि समाप्त भएको छ । आज भोलि जात्राको रौनक नै फेरिएको छ । ♦♦♦

**कविता**

## मातृत्व



✍ **सरिता पौडेल गुरागाई**

निश्वार्थ त्यो मातृत्व
अलाप गर्छ हरघडी
फिरेनन् किन सन्तति
कुशल होलान् कि दुर्गती ?

झिमिक्क नयन नगरी
टोलाइरन्छिन् माउचरी
फिरेर कहिले आउलान्
चिर्बिर गर्दै बचेरी

परेलीले निरन्तर
बगाइरन्छ गङ्गालाई
रोकिदिने को होला
ममताको यो भेललाई ?

मिर्मिरे सधैं उस्तै छ
ल्याउदैन नयाँ बिहानी
पिडामै प्रहर बित्दछन्
ओभाना छैनन् सिरानी ।

पखेटा कस्तो लागेछ
बिर्सायो जन्मभूमीलाई
फर्काइदे एकफेर
म रून्न जुनिभरिलाई

विलाप यस्तै गर्दैछिन्
असक्त ती जननी
झझल्को मेट्न चाहन्छिन्
न राख्छिन् ठूलो चाहा नै

म सक्छु के भन्न र
बाध्यता आ-आफ्नै छन्
तुलना कहिल्यै हुँदैन
मातृत्वसँग बैरी धन ।

*गाईघाट, ११ उदयपुर ।*

# पूजामा शरीरको प्रयोग



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

हाम्रो शरीर पाँच तत्वले बनेको छ । यसलाई पन्च तत्व भनिन्छ । पाँच तत्वमा माटो, पानी, हावा, तेज र शब्द हुन् । यसमध्ये तेज सूर्यको प्रतिक र शब्द भने आकाशको प्रतीक हो जसलाई खं ब्रह्म भनिन्छ । त्यसैले हामी पाँच तत्वका प्रतिबिम्व पान्चायनको पूजा गर्ने गर्छौं । शरीर निरोगी होस्, मन, वचन र कर्म सबै शुद्ध हुन् । शुद्ध र सात्विक भावले गरिएका सबै राजनैतिक, सामाजिक, आर्थिक कर्महरूले दिने परिणामहरू राम्रा हुन्छन् । देवतालाई साक्षी राखेर गरिएका कामहरू पवित्र हुने, नैतिक बल प्राप्त हुने र मानव निर्मित कानूनभन्दा बढी बलवान हुने हुन्छ । पान्चायन देवता भनेका सूर्य, देवी, गणेश, विष्णु र शिव हुन् । पान्चायन देवता मध्ये मानव आत्माका कारक सूर्य हुन्, शरीरको शक्तिको कारक देवी हुन् । शरीर सञ्चालनका कारक भनौं संरक्षणका कारक विष्णु हुन् भने शरीरमा ज्ञान, श्रद्धा र भक्तिका साथै शरीरमा संहारकारी गुण भएका शिव र उनका पूजनको संक्षिप्त विधि यहाँ प्रस्तुत गरिएको छ ।

शिव पूजा गर्ने साधकले शिव चिन्तन गर्नु पूर्व स्नानादि कर्म गर्नु पर्ने हुन्छ । समय र स्थान अनुसार स्नानको महत्व छ । शिव पुराणका अनुसार रविवार, श्राद्धको दिन, संक्रान्तिको दिन, ग्रहण लागेको बेला, महादान गर्ने दिन, तीर्थस्नान गर्दा, उपवास बस्ने दिन र आशौचको बेला मानिसहरूले तताएको पानीले नुहाउन शास्त्रद्वारा निषेध गरिएको छ । शरीरमा तेल धारण गर्ने बारे भने सन्ध्यामा, ग्रहणको दिन छोडेर सर्स्यूको तेललाई सधै ग्राह्नय छ । स्नानका बखत आफ्नो मुख पूर्व या उत्तर गर्नु पर्ने हुन्छ । वस्त्र अशुद्धि हुन्छन् सूर्यको किरण नपाउँदा, रातका वस्त्रमा विषाक्त कीटाणु मार्ने सूर्यका किरण नपर्ने हुँदा रातका वस्त्रले पुजा आदि कार्य गर्न, खाना भोजन गर्न निषेध

छ । जन्ममै मानिसले ३ ऋण बोकेर जन्मन्छ । ती ३ ऋण देवऋण, ऋषिऋण, पितृऋण चुक्ता गर्न तर्पण दिनु पर्ने हुन्छ । पूजामा बस्दा निःशङ्कोच हुने सजिलो आसनमा बस्नु पर्ने हुन्छ। मन्त्रोच्चारणले आचमन गर्नुपर्ने, जल, अर्ध्य, चन्दन, सहित पूजा सामग्री लिएर साधकले आफ्नो दायाँ तर्फ राख्नु पर्ने हुन्छ । सर्व प्रथम गुरूको स्मरण गर्नुपर्छ । गुरू विनाको साधना कहिल्यै पूरा हुँदैन । शिव प्रतिमा आफ्नो गच्छे अनुसार राख्न सकिन्छ । माटोको, सुनको चाँदीको वा चित्रको । प्रतिमालाई प्राण प्रतिष्ठा गर्नुपर्ने हुन्छ । पूजा गर्दा पद्मासन वा सुखासन उत्तम हुन्छ । निर्गुण भएर पनि सगुण रूप भगवान शिव, कैलाशबासी, उमाका पति सबै देवताका देवता महादेव, कर्पुर गौर वर्ण, दिव्य रूपधारी, चन्द्र मुकुटधारी शुद्ध स्वरूप, वासुकी नागले शोभित पिनाक धनुधारी, अष्ट सिद्धिदाता निरन्तर नृत्य गर्ने, भक्तका सामु सदैव प्रसन्न रहने यस्ता आशुतोष शिवलाई नमस्कार गर्नुपर्ने हुन्छ। ब्रह्मा विष्णु जसले सेवा गरिने भएका परमानन्द स्वरूप भक्तवत्सल शम्भु शिवको आह्वान गर्दै पूजन गर्नु पर्ने हुन्छ ।

रूपं देहि यशो देहि भोगं देहि च शंकर । भुक्ति मुक्ति फलं देहि गृहीत्वर्ध्यनमोद्र स्तुते भनेर अर्घ्य दिनु पर्ने हुन्छ ।

धनी हुन चाहने लक्ष्मी प्राप्तिको इच्छा राख्नेले कमल, बेलपत्र, शतपत्र र शंख पुष्पले भगवान शिवको पूजा गर्नुपर्ने हुन्छ । यी फूलहरूले अर्थात १ लाख संख्याले पूजा सम्पन्न भए पछि सबै पापको नाश हुन्छ । सकाम भावले पूजा गरे भक्ति प्राप्त हुने र निस्काम भावले पूजा गरे भक्त स्वयं शिव स्वरूप हुन्छ । मृत्युञ्जय मंत्र पाँच लाख जप गर्न सकेमा शिवले प्रत्यक्ष दर्शन दिनुहुन्छ । एक लाख मृत्युजयको जपले शरीर शुद्ध हुन्छ । दुई लाख मृत्युजय जप हुन सके पूर्व जन्मको ज्ञान हुन्छ । तीन लाख मृत्युजयको जपले समस्त काम्य वस्तु प्राप्त हुन्छ । चार लाख जपले शिवजीले सपनामा दर्शन दिनुहुन्छ । पाँच लाख जपले शिवजी स्वयं उपासकका सामु प्रकट हुनुहुन्छ । दश लाख जप भएमा सम्पूर्ण फलको सिद्धि हुन्छ । पूर्णायु इच्छा गर्नेले एक लाख दुवोले पूजा गर्नुपर्ने हुन्छ । पुत्र चाहनेले एक लाख धत्तुर पुष्पले पूजा गर्नुपर्ने हुन्छ । एक लाख अगस्त्य फूलले पूजा गर्दा यश, प्रतिष्ठा प्राप्ति हुन्छ । तुलसीदलबाट शिव पूजा हुनाले भोग र मोक्ष दुवै सुलभ रूपमा प्राप्ति गर्न सकिन्छ । रोग निवारणका लागि करवीर एक लाख संख्याले पूजा गर्नुपर्ने हुन्छ ।

शिवजीलाई चमेली फूल चढाउनेलाई बाहन प्राप्त हुन्छ । शमीपत्रले पूजा गर्नेलाई मोक्ष प्राप्त हुन्छ । वेल चढाउनाले पत्नी शुभलक्षणा हुन्छिन्, पत्नी भए दम्पति जीवन सार्थक बन्छ । जुही अर्पण गर्नाले घरमा अन्नको कमी हुँदैन । रंगीन फूलहरू अर्पण गर्नाले सुख र सम्पत्ति वृद्धि हुन्छ, जीवन श्रृंगारिक र रसमय हुन्छ । जीवन रंगीन हुन्छ, दूर्घटना रहित हुन्छ । चम्पा फूल चाहिँ शिवजीलाई निषेध छ । अक्षता चढाउनाले पुण्यको क्षय हुन्न, अटल शौभाग्य लक्ष्मी प्राप्त हुन्छ । चामल भनौं अक्षता सफेद, राम्रो नकुहिएको, नटुक्रिएको हुनु पर्छ ।

हामी चाहन्छौं मन क्षय नहोस्, सन्तान क्षय नहुन् परिवार क्षय नहोस्, पुण्य क्षय नहोस्, कीर्ति, पद, क्षय नहोस् यस अर्थमा देवतालाई अक्षता चढाइएको हो । अक्षता नचढाउँदा पनि भगवान बेखुसी हुने होइन तर अक्षता अर्पण गरेर भक्तले तन अर्थात शरीर क्षय नहोस् भन्ने कामना गरेको हुन्छ । भगवान, शिवको पूजा गर्नेले गन्ध, पुष्प, श्रीफल, धूप, बत्ती, अर्पण गरेमा पूरै फल प्राप्ति गर्न सक्छ । सक्नेले शिवका सामु १२ जना असल ब्राह्मणलाई भोजन गराउन जरूरी छ । एक सय मन्त्रय जप गर्दा १०८ पुऱ्याउनु पर्ने हुन्छ । एक लाख हवन गर्न सके सम्पूर्ण पापहरू नास हुन्छन् । विधि र सामग्रीद्वारा शिवको पूजा गर्नाले सुख र समृद्धि प्राप्त हुन्छ । गहुँबाट बनेका नैवेद्य अर्पण गर्नाले भगवान बढी खुशी हुनुहुन्छ । एक लाख पटक पूजा गर्नाले अर्को पुर्खा भनौं सन्तानको सुख प्राप्ति हुन्छ । भक्ति भावले विधिपूर्वक शिवको पूजा अर्पण गर्नुपर्ने हुन्छ । शान्तिका लागि भने शिवका साम शत रूद्री पाठ गर्नुपर्ने हुन्छ । रूद्र मंत्रले, पुरूष सुक्तले, रूद्र सुक्तले, महामृत्युन्जय मन्त्रले, गायत्री मन्त्रले, प्रणव मन्त्रले, ॐ नमः शिवाय पँचाक्षरी मन्त्रले जलधारा अर्पण गर्न सकिन्छ । साथमा शिव सहश्रा नाम पाठ गर्नु उत्तम हुन्छ । दस हजार जपले उपासना गर्दा शरीरमा रोग शान्त हुन्छन् । भगवान शिव विज्ञानका प्रणेता हुनु हुन्छ, उहाँ शिव सर्जक र विसर्जक पनि हुनुहुन्छ । व्यक्तिमा नपुंसकता भएमा पनि शिवको विशेष पूजाले, दही अर्पण र ब्राह्मण भोजन गराउनाले शारीरिक र आत्मिक बलको वृद्धि हुन्छ । बुद्धि भ्रष्ट भएको छ त्यसको उपचार गर्नु पऱ्यो भने अरू चिकित्सकको औषधि छैन, शिवजीलाई पंचामृत, शखर र दूधका धारा लगाउनाले ठीक हुन्छ । यस्तो गरेमा गुरू वृहस्पतिबाट सद्बुद्धि एवम् विशिष्ट ज्ञान, सीप प्राप्ति हुन्छ । मह अर्पण गर्नाले कुष्ठरोग र टि.वि.को भय हुंदैन । ♦♦

लघुकथा

# सँगै बस्ने रहर



✍ हरिप्रसाद भण्डारी

"बाहिर कोही आएजस्तो छ !" बुढाले भने ।

"यस्तो रातीमा को आए होला र ?" बुढीले शङ्का व्यक्त गरिन् ।

"हामी हौं आमा ।" अँध्यारो छिचोल्दै नारी आवाज भित्र पस्यो ।

अँध्यारोमा छमछमाउँदै बुढीले दैलो खोलेर हेरिन्, बाहिर तीनोटा आकृति उभिएका थिए ।

"आमालाई ढोग ।" महिलाले छोरालाई आदेश गरिन् । नातिले आफ्नो निधार बुढीआमैका गोडामा टेकायो । नातिनीले नमस्कार गरी ।

"भाग्गेमानी भए ।" यसो भन्दै बुढीआमै रून थालिन् ।

छोराछोरीको पालो सकिएपछि बुहारीले सासुका खुट्टामा निधार जोती ।

बुढीआमैका आँखा अगाडि दुई वर्ष पहिलेको घटना नाँच्न थाल्यो ।

'म यो गाउँमा बसेर दुःख गर्न सक्दिन। उज्यालो भविष्य शहरतिरै छ । केटाकेटीको भविष्य उतै सप्रन्छ । उतै जान्छु । यिनका बाउले पैसा पठाइदिन्छु, दुःख नगर भनेका छन् ।'

'बुढी दमको रोगी, म बाथको बिमारी, दुई छाक पकाएर खान पनि मुस्किल छ । यस्तो बेला हामीलाई छोडेर नजाऊ बुहारी ।'

बुढाका आँखाबाट आँसु झरेका थिए । तैपनि बुहारीको हृदय पग्लिएको थिएन ।

'विदेशबाट तपाईंका छोराले फोन गरेर सन्चो बिसन्चो सोध्दै थियो, सन्चै छन् भन्दिएँ ।'

एक दिन पसलका साहुजीले भनेको बाहेक आजसम्म अरू कुनै सन्देश सुन्नु परेको थिएन । त्यति सुन्दा पनि छोरो अगाडि आएर उभिएजस्तै भएको थियो उनलाई ।

"आमा सन्चै हुनुहुन्छ?" नातिनीको बोली सुनेपछि उनी वर्तमानमा फर्किन् ।

"जेनतेन सास फेर्दैछु ।" यसो भन्दै गर्दा उनी भावुक बनिन् र मुख छोपेर रून थालिन् ।

त्यै बेला लौरो टेक्दै बुढा आइपुगे ।

"शहराँ त के जाति रोग आएको छ रे ! भागाभाग छन् रे सबै मान्छे ! के रोग हो नानी त्यो ?" बुढाले सोधे । "कोरोना भाइरस, त्यै रोगका कारण हामी पनि यहाँ आएका हौं ।" नातिनीले भनी ।

"आयौ ठीक भयो । दुई चार दिन भए पनि देख्न पाउने भयौं ।" बुढाले अगाडि भने, "यस्ता रोग त सधैं आए पनि हुने । नाति-नातिनीसँग सँगै बस्न त पाइन्थ्यो ।" ◆◆

**कविता**

# "सत्य हो"



✍ **नर बहादुर बि.सी.**

बिर्खेले पियन जागिर खाएर पनि
छोरोलाई डाक्टर पढाएको सत्य हो ।
तैले गैरीखेत बेचेर
छोरो अमेरिका पठाएको पनि सत्य हो।
मैले दुनियाँ गुहारेर पैसा मागी
छोरो युरोप पठाएको त झनै सत्य हो ।
बिर्खेको छोरोले डाक्टर्नी ल्याएको सत्य हो ।
तेरो छोरोले कुइरेनी ल्याएको पनि सत्य हो ।
मेरो छोरोले गोरीनी ल्याएको त झनै सत्य हो ।
छोराहरूको प्रगतिमा
हामीहरू मख्ख परेको पनि सत्य हो ।
अनि
"तँ भन्दा म के कम" भनेको त झनै सत्य हो ।
एउटा घटना सम्झी त हर्के !
हामीहरू वनभोजमा गएको बेला
रक्सीको तालमा नाँच्दा नाँच्दै
हामीहरू बाझाबाझ गरेको
अनि,
म त डाक्टरको बाउ हुं भन्दै
बिर्खे बुरूक्क उफ्रेको पनि सत्य हो।
तँ,
डलरको बाउ हुं भन्दै
जुरूक्क उफ्रेको पनि सत्य हो।
म,
युरोको बाउ हुं भन्दै
तीन हात उफ्रेको त झनै सत्य हो।
थुइक्क ! हाम्रो क्षणिक घमण्ड,
डाक्टर डाक्टर्नीले बिर्खेलाई बिर्सेछन्
कुइरेनीको पोइले तँलाई बिर्सेछ
गोरिनीको पोइले मलाई बिर्सियो
बिर्खेको, तेरो र मेरो तुजुक आज कता हराए ?
हाम्रा सुन्दर सपना कता बिलाए?
कठैबरी,
आज यो बुढेसकालमा
हामी तिनै जनाले
यो वृद्धाश्रममा शरण लिनुपरेको छ।
नक्कली र बनावटी पटक्कै हैन
यो कुरा त झनै ध्रुव सत्य हो ।

***-बानियाँटार, काठमाडौं ।***

# नेपाली समाज र नारी



✍ **शशी श्रेष्ठ**

समय कति बलवान छ । समयको तिव्रताले आज हामी ढुङ्गे युगबाट विकसित भएर विज्ञानको युगमा आईपुगेका छौं । आगो बोकेर हिड्ने मान्छे मंगल ग्रहमा घर बनाउने सोच बुनिरहेछन् । धेरै परिवर्तन भईसक्यो समाजमा, धेरै विकास भईसक्यो तर पनि केही कुरा त्यस्ता छन् । जसमा विकासले पनि भेद गर्छ । समाजमा त्यस्ता पात्र अझै छन् । जसलाई मानव सभ्यताले स्वीकारे पनि यस नेपाली समाजले अझै पूर्ण रूपमा स्वीकारेको छ जस्तो मलाई लाग्दैन र ती पात्र हुन् नारी ।

पुरूष प्रधान समाजमा नारी भएर हुर्कनु आफैमा एउटा चुनौती हो । यस समाजमा एउटी छोरीको जन्म नै सुरक्षित छैन भने त्यसपछिको उसको जीवन अति नै संघर्षपूर्ण हुन्छ । मृत्यु त सबैको निश्चित छ तर नेपाली परिवेशमा एउटी छोरीको एउटी आमाको, एउटी नारीको मृत्यु कहिले र कसरी हुन्छ, केही भन्न सकिदैन । जन्मिन नपाउँदै भ्रूण हत्या हुने ठाउँमा बलात्कार, यौन हिंसा र बेचविखन त जन्मि सकेपछिको कुराहरू हुन् ।

आज पनि समाज नारी भने पछि मौन रहन्छ । नारी जातीलाई सिमित परिधि भित्र खुम्चाएर राख्ने यस संसारलाई थाहा छ, उसको यस समाजप्रतिको भूमिका त्यही पनि यहाँ किन मानिस नारी शब्दबाट तर्सन्छ वा भनौं अन्जान बन्न खोज्दछ ? किन दिनहुँ कयौं आमाको गर्भबाट ती भ्रुणहरू फालिन्छन् ? आफ्नै छोरी मार्ने मानिसको मन कस्तो होला ? अक्षर चिन्ने उमेरमा गाईवस्तुलाई घाँसपात खोज्दै डाँडापाखा धाउने विचरीको यस समाजप्रति कत्रो देन हुन सक्छ ? कसैले यसबारे कल्पना गऱ्यो ? अह गरेन, जीवित पात्रलाई इज्जत नदिने यो समाजले काल्पनिक पात्रहरू प्रति देखावटी आस्था दखाउँदैमा कुनै पूण्य प्राप्त हुन्छ जस्तो मलाई लाग्दैन ।

महिलाले आफू माथि हिंसा भएको बुझ्ने र बोल्न सक्ने भएपनि हाम्रो समाजमा हिंसा पीडितलाई हेर्ने दृष्टिकोण सकारात्मक छैन । प्रत्येक सामाजिक संरचना र संस्थामा हाबी भएका पुरूष जाती प्रमुख स्थानमा रहनाले पनि पुरूषको तुलनामा महिला बढी नै जोखिममा पर्ने गर्छन् । नारीको व्याख्या गर्दा महान नारी व्यक्तित्वको उदाहरण दिइन्छ । मदर टेरेसा, फ्लोरेन्स नाइटिङ्गेल, इन्दिरागान्धी, जुलियर्ट गिलार्ड, एलिजावेद आदि इत्यादि । यस्ता सफल नारीहरूको नाम कण्ठ गर्दैमा, गराउँदैमा यहाँका नारी शिक्षित हुने होइनन् । शिक्षाको पहुँच नपुगेका अति दुर्गम क्षेत्रका कैयौं दिदी बहिनी आज पनि घरायसी काममा अल्झिरहेका छन् । आफ्नो भाग्य लेख्ने कलमले भन्ने कुरा उनीहरूलाई पनि थाहा छ । तर गरिबीको कारणले उनीहरू निरिह छन् । पैसा र पहुँचका भरमा उनीहरू बारबार लुटिन्छन् । पेटको लागि आफ्नो अस्मिता साट्छन् ।

यता समाजका केही संभ्रान्त ठालुहरू आफ्नो श्रीमतीको गर्भको पहिचान गरी छोरीको भ्रुण हत्या गर्दछन् र शानका साथ छिमेकीको छोरी मागेर कन्या पूजा गर्दछन् । मेरी छोरी मेरो जिन्दगीको एक मात्र खुशी हो भन्दै बाबुले छोरीलाई गर्वका साथ अंगाल्ने दिन प्रत्येकको घरमा आए देखि कति सुन्दर संसार हुन्थ्यो होला । नारीको शरीरलाई लिलामीमा होइन मनमा राखेर पुज्ने दिन आओस् । आफ्नी श्रीमतीको हाँसोको कदर गर्न सिकुन् यस समाजका प्रत्येक पुरूषले । नारीलाई पनि पुरूष सरह अधिकार, समानता र अवसरहरू दिइएमा पक्कै पनि नारी अब्बल र सक्षम छन् भन्ने कुरामा कुनै दुईमत छैन ।

नारी विना पुरूष अधुरो छ, यो कुरा प्रत्येक घर परिवार र समाजले बुझोस् । सानो बालक जन्मने बित्तिकै पाइला सार्न उसलाई आफ्नी आमाको हात चाहिन्छ । बाल्य अवस्थामा उसलाई सारा दुःख बाड्न एउटी दिदीको साथ चाहिन्छ । युवा अवस्थामा आफ्ना सपना र लक्ष्यको कुरा गर्न एउटी सच्चा प्रेमीका चाहिन्छ भने बुढेसकालमा माया र सद्भाव जगाउने एउटी असल श्रीमती चाहिन्छ । नारीलाई समाजले सहृदय स्वीकारेस् । उसको आवाजको, कलाको कदर गरियोस् अनि मात्र समाजमा विकास हुन्छ । महिला विना समाज शून्य छ । सामाजिक उत्थानमा महिलाको भूमिका अकल्पनिय छ । ◆◆

# महान दार्शनिक सुकरात



✍ **राजेशमान के.सी.**

सुकरातको जन्म ई.पु. ४७० मा युनानको एक गरिब परिवारमा भएको थियो । उनले बाल्यावस्थामै गणित, ज्यामिती र ज्योतिष विद्याको गहन अध्ययन गरेका थिए । सुकरात सदैव सत्य र ज्ञानको खोजीमा लागिरहन्थे । वास्तवमा उनकै विचार ग्रहण गरेर प्लेटो र अरस्तु जस्ता उनका शिष्यहरू पनि पछि गएर महान् दार्शनिक बन्न पुगेका हुन् । साच्चै भन्ने हो भने उनीभन्दा अघि दर्शन के हो भन्ने कुरा कसैलाई थाहा पनि थिएन ।

सुकरात दार्शनिकमात्र थिएनन् । उनी एक अत्यन्त वीर देशभक्त पनि थिए । आफ्नो देशलाई विदेशी पराधीनताबाट मुक्त गराउन उनले धेरै पटक युद्धमा समेत भाग लिएका थिए । उनका पिता एक कुशल मूर्तिकार थिए र एक मूर्तिकारका पुत्र भएको नाताले आरम्भमा उनले पनि आफ्नो पिताको व्यवसाय नै अंगाले । तर पछि यो पेशालाई चटक्कै छाडेर उनी सेनामा भर्ती हुन पुगेका थिए । यिनै महान् व्यक्तिको जीवनकालमा युनानमा अन्धविश्वासको बोलवाला चलिरहेको थियो । त्यतिखेर परम्परागत एवम् रूढीवादी विचारधाराप्रति असहमति प्रकट गर्ने व्यक्तिहरूलाई अनिश्वरवादी भनेर आरोप लगाइन्थ्यो । सुकरात ईश्वरवादी अवश्य थिए तर अन्धविश्वासी धारणाप्रति भने उनी सदैव असहमति प्रकट गर्ने गर्दथे । अनावश्यक ढोंग र ढर्राले कसैको पनि भलाई हुन सक्तैन भन्ने उनको दृढ धारणा थियो । उनको भनाई थियो केवल ठूला मानिसहरूले भनेको कुनै पनि कुरालाई ग्रहण गरिहाल्नु हुँदैन । आफ्नो स्वविवेकले राम्रोसँग मूल्याङ्कन गरेर मात्र कुनै पनि कुरा सही वा गलत भनेर छुट्याउनु पर्दछ । त्यसपछि त के चाहियो र ? सुकरातको यस भनाइप्रति प्रतिक्रिया जनाउँदै उनका विरोधीहरूले उनलाई परम्परा विरोधी भनी मुद्धासमेत चलाए र बन्दी बनाई कारागारसम्म पुऱ्याए । सुकरातको यस अवस्थाबाट दुःखित बन्न पुगेका उनका कतिपय शुभेच्छुकहरूले उनलाई जेलबाटै भाग्ने सल्लाह पनि दिएका थिए । तर सुकरातले

यस सल्लाहप्रति असहमति जनाउँदै भनेका थिए । म आफ्नो देशको कानूनको अवहेलना कुनै हालतमा पनि गर्न सक्तिन । त्यसपछि अदालतले एकदिन उनलाई मृत्युदण्ड दिने फैसला पनि सुनायो । तर मृत्युदण्ड दिइने दिन (इ.पु. ४००) उनले विषको प्याला पिएर शान्तपूर्वक आफ्नो प्राण अर्पण गरे । यसरी विषको प्याला पिएर आफ्नो जीवनलीला समाप्त पार्नु अघि उनले आफ्ना हितैषीहरूसँग भनेका थिए युद्धमा हतियार फालेर शत्रुको शरणमा जानु कायरता हो भने मृत्युबाट बचन अनैतिक बाटो रोज्नु त झन् अन्यायपूर्ण कार्य हो । विडम्बनाको कुरा, यस्ता महान् दार्शनिककी पत्नी भने अत्यन्त क्रुर र झगडालु स्वभावकी थिइन् । आफ्ना पतिलाई माया र ममता दिनुको साटो उल्टो कुरै पिच्छे क्षुद्र बचन बोलेर दुःख दिने गर्दीथिन् । जसले गर्दा उनको पारिवारिक जीवन कहिल्यै सुखद् रहन सकेन । तर साहस र दृढ संकल्पका धनी सुकरातलाई पारिवारिक कलहले पनि बाधा पुऱ्याउन सकेन । आफ्नो जीवनको अन्तिम घडीसम्म पनि उनी सत्य र न्यायको पक्षमा लडि रहे, लडि नै रहे ।♦♦♦

**कविता**

## उर्वशी



✍ **शान्ती सापकोटा**

म सर्वकाल सुन्दरी बिहान चुम्दछन् रवि
यहीं अनेक जन्मिए प्रसिद्ध राष्ट्रका कवि
कतै चिटिक्क बिम्बमा चमक्क काव्य चम्किए
कतै त सिर्जनाकला खुलेर देश लम्किए ।

छ लाम पाहुनाहरू झलल्ल शैल खुल्दछन्
दियो र फूल थालमा प्रभात मस्त रम्दछन्
म झुप्प झुप्प झुण्डमा बुकी सजाउँदै रहें
धपक्क धप्प राहमा झुकी लजाउदै रहें ।

छपक्क ओखती कतै र अम्लिसो छ मल्किने
म भित्र के छ के छ खै अदम्य शक्ति झल्किने
म बिन्दु मात्र एउटी तथापि इन्दुझैं बलें
परम्परा, रिवाजको अनन्य पथमा चलें ।

लिएर सूर्य अन्तुको पुगूँ कि लिम्पियाधुरा
दिऊँ कि सापटी धरा गरूँ कि देशका कुरा
हिमाल छानु देशको थमाउने बला म हुं
हुं चेतना विकासको म पूर्वको इलाम हुं ।

# नेपालको सन्दर्भमा प्रि मनसुन तथा मनसुन सुरक्षा र पूर्व तयारी



✍ प्र.ना.उ. भुवनेश्वर तिवारी

## १. पृष्ठभूमि

मानव जीवनमा प्राकृतिक र मानव सिर्जित विपद्हरू भयानक र खतरनाक हुन्छन् । कतिपय मानव गतिविधिहरू प्रकोपको जोखिम अभिवृद्धि गर्नमा जिम्मेवार हुन्छन् । COVID-19 विरूद्ध समयमा नै आवश्यक तयारी र उपयुक्त प्रतिकार्यको प्रबन्ध गर्न नसक्दा विश्वमा धेरै जनाको ज्यान गएको कुरा हामीमा विदीतै छ । त्यसैगरी भवन निर्माण संहिता निर्माण गरी लागू गर्न नसकेमा भविष्यमा भूकम्पबाट हुने मृत्युको संख्या बढ्ने निश्चित छ । कतिपय भूभागमा जङ्गलको विनाशले आँधीबेहरीको असरलाई अझ घातक बनाइरहेको छ । विगत २० वर्ष यता ग्रीनहाउस ग्याँस उत्सर्जनमा भएको अभिवृद्धि वा चरम मौसमका घटनाहरू (Extreme weather events) जस्तै अतिवृष्टि, अनावृष्टि, सुख्खा, खडेरी आदिका घटनामा भएको दोब्बर वृद्धिका तथ्यांकहरू स्वभाविक लाग्ने खालका छैनन् । गरीबी र असमानताले पनि मानिसहरूलाई प्राकृतिक विपद्को थप जोखिममा पारेको हुन्छ । आफूमा विद्यमान Optimistic Bias र Danger Habituation ले गर्दा पनि मानिसहरू प्राकृतिक विपद्बाट थप असुरक्षित रहन्छन् ।

भनिन्छ विपत्ति एक्लै आउँदैन र एउटा विपत्ति आएको बेला यसले अन्य विनाशकारी घटनाहरू पनि निम्त्याउन सक्छ । अहिलेसम्म नभएका र भविष्यमा हुन सक्ने अनेक विपत्तिहरू हाम्रा सम्मुख रहेका हुन सक्छन् ।

विपद् जोखिम न्यूनिकरण सम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यालय (UNDRR) का अनुसार विश्वका देशहरूले सामना गर्नुपर्ने पाँच 'प्रमुख विपद्जन्य खतराहरू' यस प्रकार रहेका छन् :-

**क. जैविक (Biological)**

रोगले ठूलो मानवीय क्षति र

आर्थिक अवरोध निम्त्याउन सक्छ भन्ने कुरा COVID-19 ले प्रमाणित गरेको छ । सुक्ष्म कोरोनाभाइरसले पचास वर्षयताको 'सबैभन्दा ठूलो विश्वव्यापी संकट' सिर्जना गरेको छ ।

**ख. वातावरणीय (Environmental)**

प्राकृतिक स्रोत साधनको क्षयीकरणले ठूलो जोखिम निम्त्याउँदछ । मानवीय गतिविधिका कारण हावा, पानी र माटो प्रदूषित बनाईनु अत्यन्त चिन्ताजनक विषय बनेको छ ।

**ग. मौसमजन्य (Meteorological)**

चरम मौसम अर्थात अतिवृष्टी अनावृष्टी, खडेरी आदि बढ्दो अवस्थामा छ । विश्वभरको तथ्यांकलाई हेर्दा बाढीले अन्य प्राकृतिक विपदहरूले भन्दा बढी मानिसहरूलाई विस्थापन गरेको पाईन्छ ।

**घ. भू-भौतिक (Geophysical)**

भूकम्प र सुनामीले चरम मौसम घटनाहरूले भन्दा बढी मानवीय र भौतिक क्षति गर्ने गरेको छ ।

**ङ. प्राविधीक (Technological)**

जिउधनको गम्भीर क्षतिको लागि मानव गतिविधिहरू पनि जिम्मेवार छन् । जसमा औद्योगिक प्रदूषण देखि यातायात दुर्घटना वा पूर्वाधार विफलता समेत पर्दछन् ।

नेपालको सन्दर्भमा पनि उपरोक्त विपद्जन्य घटनाहरूका कारण वर्षेनी ठूलो मात्रामा धनजनको क्षति हुने गरेको छ । उपरोक्त मध्य मौसमजन्य विपद जोखिमको सन्दर्भमा नेपालमा हरेक सालको जेठ अन्तिम वा असारको पहिलो हप्ताबाट मनसुनी वर्षात शुरू हुने गरेको पाईन्छ । यस साल पनि जेठ ३० गतेदेखि नै मनसुन सुरू भईसकेको छ । मनसुन हाम्रो खेतीपाती र जीविकाको लागि अत्यावश्यक छ । तथापि यसले सिर्जित गर्ने भारी वर्षा, बाढी, पहिरो, डुबान, हावाहुरी र चट्याङ लगायतका कारणले ठूलो मात्रामा जनधनको क्षति पनि गर्दै आईरहेको छ । यही समयमा बढी करेण्ट लागि मृत्यु तथा घाईते हुने गरेको पनि पाईएको छ । प्रि मनसुनका समयमा हावाहुरी र चट्याङबाट बढी जनधनको क्षति हुने गरेको पाईएको छ भने मनसुनको समयमा भारी वर्षाको कारण घर गोठ भत्किने, बाढी पहिरो र डुबानका कारण ठूलो क्षति हुने गरेको पाईएको छ । नेपालका कतिपय भागमा माघे संक्रान्ति मनाउँदै गर्दा अब विपद्बाट बचिने हो कि नबचिने हो भन्दै मनाउने र साउने संक्रान्ति मनाउँदै गर्दा अब बाँचियो भनेर मनाउने गरेको पनि पाईन्छ । संगठित रूपमा प्रभावकारी पूर्व सूचना प्रणाली तथा तयारी व्यवस्था विद्यमान रहेको खण्डमा यसको प्रभाव तथा असरलाई २० देखि

१० प्रतिशतसम्ममा झार्न सकिने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । अन्य विपद्को जस्तैः मनसुनी विपत्तिबाट सुरक्षाको सन्दर्भमा यसको इतिहास, विपद्को तिव्रता र यसबाट सिर्जित विनाशको क्षतिको स्तर तथा विपदबाट बच्नको लागि स्थापित पूर्व सूचना एवम् तयारीको अवस्थालाई समग्रमा मूल्याङ्कन गरिनु पर्दछ । साथै विगतका पूर्व तयारी तथा प्रतिकार्यका सबलता तथा कमजोरीबाट पाठ सिक्दै अबको वैकल्पीक परिस्थितिसँग जुध्न र यसबाट सुरक्षित रही सकेसम्म क्षति हुन नदिने वा क्षति हुने परिस्थिति सिर्जना गर्न तम्तयार रहन सहयोगी हुने उपायहरू बारेमा चर्चा गर्नु सान्दर्भिक हुन्छ । यस आलेखमा प्राथमिक रूपमा व्यक्तिगत सुरक्षा सावधानी एवम् उपायहरूका बारेमा चर्चा गरिएको छ ।

**२. नेपालमा मनसुन सम्बन्धी विपद्बाट भइरहेको मानवीय क्षतिको त्रि-वर्षीय तथ्याङ्क :**

नेपालमा वर्षेनी मनसुन सम्बन्धी विपद्का कारण ठूलो धनजनको क्षति हुने गरेको छ । तल प्रस्तुत तथ्याङ्कमा वि.सं. २०७४ देखि २०७६ सम्म तीन वर्षको तथ्याङ्क समावेश गरी तुलना गरिएको छ ।

**क. मनसुन विपद्बाट भएको मानवीय क्षतिसम्बन्धी त्रि-वर्षीय तुलनात्नक तालिका**

**स्रोतः प्रहरी प्रधान कार्यालय, केन्द्रीय परिचालन कक्ष, विपद् व्यवस्थापन डेस्क ।**




| | बि.स. २०७४ | | | | बि.स. २०७५ | | | | बि.स. २०७६ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | पहिरो | चट्याङ | हावाहुरी | बाढी | पहिरो | चट्याङ | हावाहुरी | बाढी | पहिरो | चट्याङ | हावाहुरी | अबिरल वर्षा |
| घटना संख्या | २६१ | ४३९ | २३२ | ६३ | १५१ | ६७२ | २४५ | ८७ | २६८ | ५७५ | ३१९ | १२१ | ६ |
| घाईते | २९ | ९३ | ३२८ | ४४ | २९ | १४० | ३४८ | ३२२ | २३ | १०९ | ३३१ | १४६ | १ |
| मृत्यु | १२८ | ७२ | ९० | ४ | २१ | १०३ | ६४ | ४७ | ८० | ८३ | ८१ | ९ | १ |

विगत तीन वर्षको मनसुनी विपद्का घटनाबाट हुन गएको मानवीय क्षतिको त्रि-वर्षीय तथ्यांकलाई विश्लेषण गर्दा तीन वर्षमा मनसुनी विपद्का ३४४१ घटनामा ६८३ जनाको मृत्यु र १६३३ घाईते भएको पाईएको छ । जसमध्ये पनि तुलना गर्दा उच्च घटना संख्याबाट पहिरोले १६८६ जना, बढी मृत्यु संख्या पहिरोबाट २५८ जना घाईते र चट्याङबाट ७०७ जना रहेको पाईएको छ ।

**ख. वि.सं. २०७४ वैशाख देखि २०७७ साल असार मसान्तसम्म नेपालभर घटेका विपद् घटनाबाट भएको क्षति विवरणको तालिका :**




**स्रोतः प्रहरी प्रधान कार्यालय, विपद् व्यवस्थापन महाशाखा ।**

तर सम्पूर्ण विपद् घटनाको क्षतिको तथ्यांक र मनसुनी विपद् घटनाबाट हुने क्षतिको तुलना गर्दा अन्दाजी दोब्बर रहेको पाईन्छ ।

यस सालको मनसुन पश्चात मात्र बाढी पहिरो र अविरल वर्षाको कारणमात्र निम्नानुसारको मानवीय क्षति भएको छ ।

**ग. वि.सं. २०७७-०२-३० गते देखि २०७७-०४-१२ गते १६ः०० बजे सम्ममा नेपालभर घटेका विपद् घटना सम्बन्धी क्षतिको संख्यात्मक विवरणः-**

| सि.नं | घटना शिर्षक | मृत्यु | घाईते | बेपत्ता |
|---|---|---|---|---|
| १ | बाढी | ६ | १३ | २३ |
| २ | पहिरो | १२६ | १०३ | २४ |
| ३ | अविरल वर्षा | ४ | १८ | ० |
| | जम्मा | १३६ | १३४ | ४७ |

**स्रोतः प्रहरी पधान कार्यालय, केन्द्रीय परिचालन कक्ष , विपद् व्यवस्थापन डेस्क ।**

**३. रोकथाम तथा क्षति न्यूनिकरणमा सुरक्षा तथा पूर्व तयारी -**

मनुसन सम्बन्धी विपद्मा व्यक्तिगत तबरमा गरिएका सुरक्षा तथा पूर्व तयारीका उपायहरू राज्यस्तरबाट गरिएका प्रयास भन्दा प्रभावकारी र भर पर्दा हुन्छन् । यसका लागि रोकथाम तथा क्षति न्यूनीकरणका निम्न उपायहरू अपनाउन सकिन्छ :

**क. पूर्व योजना बनाउने (Planning ahead)**

विपत्तिजन्य घटनाहरू जस्तैः चट्याङ्ग, बाढी पहिरो, डुबान र अन्य खतरापूर्ण अवस्थाबाट बच्ने भरपर्दो उपाय भनेको खतराको समयमा यस्तो खतराको विद्यमानता अत्याधिक रहेका स्थानहरूमा नजानु एवम् तुलनात्मक रूपमा खतरा कम रहेका र सुरक्षित स्थानमा रहनु (Avoid) नै हो । धेरैजसो अवस्थामा घर बाहिर हामी खतरामा पर्न सक्दछौं भने कतिपय अवस्थामा हाम्रो घर स्वयम् नै हाम्रो विपत्तिको कारण बन्न

सक्दछ । कतिपय विपत्तिको हामीले पूर्व अनुमान गर्न सक्छौं । मनसुन सम्बन्धी विपत्तिहरू अन्य भन्दा पूर्व अनुमान गर्न सहज हुन्छन् । जसको लागि सरकार र अन्तर्राष्ट्रिय समुदायले ठूलो लगानी गरेर वैज्ञानिक आविष्कार, मानव स्रोत र पूर्वाधारको व्यवस्था गरेका हुन्छन् भने क्षति भईसकेको अवस्थामा पनि उद्धार, राहत र पुनर्स्थापनाका लागि पूर्व योजना तयार पारिएका हुन्छन् । यसका बाबजुद पनि हामी आफैले तयार गरेको सुरक्षा र पूर्व तयारीका उपायहरू सहितको योजना हाम्रा लागि बढी उपयोगी एवम् हामी र हाम्रो परिवार आफन्तजनको जीउ तथा धनको सुरक्षाको लागि बढी भरपर्दा हुन्छन् र यी तयारीहरू राज्यका प्रयासहरूलाई सबल पार्न सक्षम हुन्छन् ।

विपद् पूर्व तयारीका कुरा गर्दा मौसम सम्बन्धी जानकारी लिनु अत्यन्त जरूरी छ । मौसम सम्बन्धी पूर्व जानकारी निम्न तरीकाहरूबाट लिन सकिन्छ :

- इण्टरनेट तथा टि भी मा मौसम पूर्वानुमान सम्बन्धी सूचना अवलोकन गरेर ।
- रेडियोहरूको समाचारमा मौसम पूर्वानुमान सम्बन्धी विवरण सुनेर
- इण्टरनेटमा चट्याङ्ग र मौसम सम्बन्धी सूचना Subscribe गरेर
- परम्परागत तरिकाः सुरक्षित स्थानबाट बाहिर जानु अघि वरिपरी चारैतिर र आकाशमा बादलको अवस्था अवलोकन गरेर
- ११५५- MFD, ११४९-NEOC र १००- प्रहरी कण्ट्रोलमा फोन गरेर

**ख. विपद आपूर्ति किट (Disaster Supply Kit) तयारी हालतमा राख्ने**

अत्याधिक विषम मनसुनी घटनाहरूमा पूर्व तयारी स्वरूप हरेक परिवारले विपद् आपूर्ति किट तयारी हालतमा राख्नु बुद्धिमत्तापूर्ण हुन्छ । यस्तो बेलामा विद्युत, ईन्धन र पानी सम्बन्धी सेवा अवरूद्ध हुन सक्ने हुँदा उक्त किटमा आफ्नो परिवारलाई ३ दिनसम्म पुग्ने अत्यावश्यक खानेकुरा, पानी, फेर्ने कपडा र पानी वर्षादी लगायतका सामानहरू राख्नुपर्दछ । जसमा :

- हरेक व्यक्ति र पाल्तु जनावरको लागि सफा र बन्द भाँडोमा १५ लिटरको दरले सफा पानी
- प्राथामिक उपचारको सामाना (First aid kit)
- पकाउन र फ्रिजमा राख्नु नपर्ने खाद्य सामग्री संचय
- हलुका ब्याट्रीबाट चल्ने रेडियो, लाईट र थप ब्याट्रीहरू (मैन र तेलको बत्तीबाट आगलागी हुन सक्दछ)
- आफुलाई चाहिने आवश्यक

औषधीहरू

- पावर व्याक-अप र विद्युत सप्लाई चाहिने मेडिकल सामग्रीहरू

**ग. मनसुनी बाढी, पहिरो, अबिरल वर्षा र डुबानबाट सुरक्षा ( Flood, Landslide, Heavy Rainfall and Submerge Safety)**

राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र (NEOC), मौसम पूर्वानुमान केन्द्र (MFD), जिल्ला स्थित जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) लगायतले विपद सम्बन्धी पूर्व सूचना विभिन्न माध्यमबाट जनमानसमा पुऱ्याउने गरेका छन् । राष्ट्रिय, क्षेत्रिय र स्थानीय स्तरमा पनि विपद् पूर्व सूचना र तयारी गरिनु पर्दछ ।

नेपाल प्रहरी लगायतका सुरक्षा निकायहरू पनि विपद् पूर्व सूचना तथा क्षति न्यूनीकरणको लागि खटिएका हुन्छन् ।

नेपालमा पहिरोले पुरेर, बाढी नदी खोलाले बगाएर, पानीमा डुबेर तथा भारी वर्षाको कारण घर गोठ भत्कँदा वर्षेनि ठूलो जनधनको क्षति हुने गरेको छ । कतिपय अवस्थामा चालकहरूले जोखिम मोलेर सवारी साधन पानीमा तार्न खोज्दा खोलाले बगाएर पनि मानिसको मृत्यु हुने गरेको हुँदा खोलामा पानीको वहाव जोखिमपूर्ण अवस्थामा रहेको बेला किनारमा त्यस्तो जोखिमपूर्ण आवतजावत रोक्न प्रहरी खटाउनु परेको अवस्था पनि छ ।

**बाढी पहिरोबाट घरगोठको सुरक्षा (Flood and Landslide Safety for Homes)-**

- यदि तपाई बाढीपहिरो जोखिम क्षेत्रमा हुनुहुन्छ भने Evacuation एबिल बनाउनु पर्दछ ।
- यदि डुबान क्षेत्रमा बस्नुहुन्छ भने बाढीबाट सुरक्षाको लागि एवम् हावाहुरीबाट भएको क्षतिबाट मर्मत गर्ने प्रयोजनको लागि Sandbag, प्लाईवुड, प्लाष्टिक सिट र काठ तयारी हालतमा राख्नु पर्दछ ।
- सामान डुबान हुने तहभन्दा माथि भण्डार गर्नु पर्दछ।
- बाढीले बगाई लाने अत्यावश्यक सामानहरूलाई सुरक्षित राख्नु पर्दछ ।
- डुबान पर्दाको अवस्थामा जानको लागि सुरक्षित स्थानको पहिचान गरिरहनु पर्दछ ।
- बाढी पहिरोबाट हुने क्षतिको Insurance गराउनु पर्दछ Insurance गराएको भए क्षति भएमा Coverage को प्रक्रिया बारे पनि एजेण्टबाट जानकारी लिनुहोस र सरकारबाट पाईने क्षतिपूर्तिको

बारेमा जानकारी राख्नु पर्दछ ।

- भिरालो स्थानमा घर छ भने आफ्नो वरपरको क्षेत्र पहिरोको जोखिममा रहे नरहेको बारेमा निरीक्षण गर्नु पर्दछ र त्यस्तो खतरा रहेमा सुरक्षित क्षेत्रमा अस्थायी रूपमा सरेर बस्ने व्यवस्था मिलाउनु पर्दछ। यसको लागि रेडक्रस वा स्थानीय तहका जनप्रतिनिधि मार्फत सहयोगको लागि समन्वय गर्नु पर्दछ ।
- जिल्ला विपद् व्यवस्थापन समिति वा भू-संरक्षण कार्यालयबाट तारजाली वा प्राविधिक सहायता लिई मनसुन शुरू हुनु अघि नै पूर्व तयारी गर्नु बुद्धिमानी हुन्छ ।

**घ. बाढी, पहिरो र डुवानबाट बच्न अपनाउनु पर्ने सुरक्षा उपायहरू :-**

- खहरे खोला बढेको बेलामा गाडी खोलामा पसाउनु हुँदैन । खहरे खोलाको शक्ति चिन्नु पर्दछ, बढेको खोलामा गाडी पसाउने मुर्खता गर्नुहुँदैन ।
- ठूलो वर्षात पछि बालबालिकालाई जमेको पानी रहेको स्थान र पानीका नाला वरपर खेल्न दिनु हुँदैन ।
- ठूलो वर्षातको बेला पहिरो आउन सक्ने जमीन, भीर मुनि वा बाढीको पानीले बगाउन सक्ने स्थानमा पिकनिक जाने, त्यस्तो स्थानमा यात्रा गर्ने वा जम्मा हुने काम गर्नु हुँदैन ।
- विशेषगरी रातको समयमा चनाखो हुनु पर्दछ । रातको समयमा डुबान भएको चाल नपाउन पनि सकिन्छ ।
- शहरी क्षेत्र (खासगरी तराईका) मा सानो बाढीले पनि ठूलो क्षति गर्न सक्छ । ठूलो पानी परेको बेलामा सवारीको पार्किङ लाईटमात्र बाली सवारी साधन रोकी पानी नरोकिदासम्म कुर्नु पर्दछ ।
- बाढीको बेला पानीको धार तीव्र रहेको स्थानहरू छलेर अन्यत्र स्थान हुँदै सवारी चलाउनु पर्दछ ।
- बाढी आएको बेला खहरे खोला तर्ने प्रयास गर्नु हुदैन।
- वर्षातको बेलामा खोला वा गहिरो खोल्सा भएको ठाउँमा गाडी पार्क नगर्ने ।
- बाढी पहिरो आउने समयमा उच्च स्थानमा बस्ने, खोल्सा, दबेको ठाउँ, छाँगा छहराहरूमा नबस्ने ।
- वर्षाको बेलामा सडकको बाहिरी भाग (जहाँ घाँस उम्रेको हुन्छ) मा गाडी चलाउनु हुँदैन, बाटो भत्किएको र नदेखिने हुन सक्छ ।
- यदि आफु चढेको सवारी डुबानमा फस्यो भने तुरून्त गाडी छोडेर अग्लो स्थानतर्फ जानु पर्दछ ।
- सामान्य मानिस तर्न नसक्ने खोलामा गाडी पनि तर्न सक्दैन ।
- यदि शंका लाग्छ भने जबरजस्ती

नगर्नुहोस बरू सुरक्षित बाटो खोजेर पार हुन सकिन्छ ।

- विपद्का प्रभावबाट खेतीपाती, पशु वस्तु जोगाउनको लागि पनि यस्तै पूर्व तयारी र योजना बनाउनु पर्दछ जसबाट सम्भावित खाद्यान्न संकटबाट जोगिन सकिन्छ ।

**चट्याङबाट बच्न अपनाउनु पर्ने सुरक्षा उपायहरू :-**

चट्याङ्ग परेको बेला घरभित्र जानु सुरक्षित हुन्छ। यदि आकाश गर्जेको सुन्न सकिन्छ भने चट्याङ्ग लाग्न सक्ने ठाउँ रहेको कुरा बुझ्न जरूरी छ । घर बाहिर कुनै पनि यस्तो ठाउँ छैन जहाँ चट्याङ्गबाट सुरक्षित रहन सकियोस । अन्तिम पटक चट्याङ्ग परेको वा गर्जेको ३० मिनेट पछी घरबाट निस्कँदा आँधीबेरीको खतराबाट बच्न सकिन्छ ।

यदि विजुली चम्केको र आवाजको विचमा ३० सेकेण्ड भन्दा कमको अन्तर छ भने प्रकाशको केन्द्र १० कि.मी. भित्र छ भन्ने बुझ्नुपर्दछ । अनुसन्धानहरूले जनाए अनुसार १० कि मी. भित्रको चट्याङ असरदायक हुन्छ । हामीले बुझ्नुपर्ने कुरा के हो भने यदि १० कि.मी. भित्र चट्याङ परिरहेको छ भने हामी सुरक्षित स्थानमा जानुपर्दछ । यद्यपी चट्याङले उत्पत्ति स्थानबाट १६ कि.मी. टाढा सम्म पनि असर गरेको पाईएको छ । यदि कसैलाई चट्याङ लागेको खण्डमा सहायताको लागि तुरून्त प्रहरी कन्ट्रोल (१००) वा नजिकको अस्पतालमा कल गर्नु पर्दछ ।

**घर भित्र रहँदा अपनाउनु पर्ने सुरक्षा उपायहरू-**

- आकाश गर्जेको बेलामा विजुलीका तारहरू कदापि छुनुहुँदैन । आकाश गड्याङगुडुङ हुनु पहिले नै विद्युतीय सामानहरू अनप्लग गरिसकेको हुनुपर्दछ ।
- आकाश गर्जेको बेला टेलिफोन उठाउनु हुँदैन । तर कर्डलेस फोन वा मोबाईल फोन सुरक्षित नै हुन्छ । मोबाईल पनि चार्जमा राखेर कुरा गर्न भने हुँदैन ।
- पानी, धारा, प्लम्बिङको समान पनि छुनु हुँदैन । प्लम्बिङबाट पनि बाहिरबाट घरभित्र विद्युत प्रवाह हुनसक्दछ।
- दिउसो कतै बाहिर जानु पहिले महंगा ईलेक्ट्रोनिक सामानहरू (जस्तैः टि भी, स्टेरियो, कम्प्युटर, मोडेम लाईन अनप्लग गर्नुपर्दछ । किनभने दिउसो वा बेलुका फर्कनु पहिला नै चट्याङ पर्ने सम्भावना हुन्छ ।
- यस्तो बेला बालबालिकलाई टि भी मा जोडेर भिडियो गेम खेल्न दिनुहुँदैन ।

**घर बाहिर रहँदा अपनाउनु पर्ने सुरक्षा उपायहरू-**

आकाश गर्जेको बेला चट्याङबाट घर बाहिरको कुनै पनि स्थान सुरक्षित मानिदैन । घर बाहिर भएको बेला हावाहुरी र चट्याङ एकै पटक जस्तो आउने हुंदा यस्तो परिस्थिति आएमा कुनै घर वा गाडीभित्र जानु सुरक्षित हुन्छ । घरपालुवा जनावर वा पशु वस्तुलाई पनि घर, वा गोठ भित्र लैजानु पर्दछ। किनभने यस्तो बेला बढी जसो घरपालुवा जनावर मर्ने वा घाईते हुने गरेको पाईएको छ ।

**हावाहुरी तथा आँधीबाट सुरक्षा-**

हावाहुरीबाट पनि नेपालमा बर्सेनि जनधनको क्षति हुने गरेको छ। नेपालको तराई क्षेत्र आँधीको जोखिममा पनि रहेको छ । यसबाट बच्नको लागि पनि निम्न अवस्थाहरूमा निम्नानुसारको सुरक्षा तथा तयारी गर्नु पर्दछ ।

**विद्युत तथा सञ्चार सम्बन्धी सुरक्षा :**

हावाहुरी आएको बेला विद्युत र सञ्चार सम्पर्क विच्छेद हुने प्रबल सम्भावना हुन्छ र तत्काल पुनः सम्पर्क स्थापना नहुन पनि सक्छ । यस्तो अप्ठेरो अवस्थाबाट सुरक्षित रहन पनि आवश्यक पूर्व तयारी गर्नु जरूरी छ । मनसुन शुरू हुनु पुर्व नै पावर व्याक अपको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

**घर भित्र रहँदा**

- सकेसम्म घरभित्र रहने
- मोबाईल फोन प्रयोग गर्ने विद्युत आपूर्ति रोकिएको कारण मोबाईल फोन नचले पनि अत्याश्यक अवस्थामा मात्र तार फोनको प्रयोग गर्ने ।
- हावाहुरीको संकेत देखिएमा इलेक्ट्रोनिक सामानहरू अनप्लग गर्ने ।
- विद्युत जानुअघि अन रहेका बत्ती तथा अन्य इलेक्ट्रोनिक सामानहरू अफ गर्ने । एउटा बत्तीमात्र अन गर्दा विद्युत सेवा पुनः सुचारू भएको जानकारी पाउन सकिन्छ ।
- रेफ्रिजेरेटरको ढोका बन्द नै राखेमा ८ घण्टासम्म खाना स्वास्थकर राख्न सकिने हुँदा यो कुरामा ध्यान दिने ।
- चट्याङ पर्ने सम्भावना देखेमा तत्काल महंगा इलेकट्रोनिक समानहरूलाई अनप्लग गर्ने ।

**घर बाहिर रहँदा**

- लत्रिएका विद्युत लाईनदेखि टाढा रहनु पर्दछ । यस्तो देखेमा कसैको ज्यान जान सक्ने हुँदा नजिकको विद्युत कार्यालय वा १०० मा कल गरी जानकारी गराउन सकिन्छ ।

- यदि यस्तो पावर लाईनले तपाईको सवारी साधनलाई छोएको खण्डमा गाडीभित्र नै बस्नुहोस, यो अवश्थामा गाडी भित्र रहनु नै सबैभन्दा सुरक्षित उपाय हो, बाहिर ननिस्कनुहोस, सहायताको लागि विद्युत कार्यालय वा १०० मा कल गरेर सहायता माग्नुहोस । असुरक्षित तरिकाले बाहिर निस्केमा करेण्ट लागि घाईते तथा मृत्यु समेत हुन सक्ने सम्भावना रहन्छ। मोबाईल फोन प्रयोग गरी नेपाल प्रहरीको मोबाईल एपमा जानकारी गराउन पनि सकिन्छ ।

**धुलो सहितको आँधीबेरीबाट सुरक्षा तथा पूर्व तयारी-**

- मनसुन पूर्वका दिनहरूमा नेपालको तराई क्षेत्रमा दिउसो वा अपरान्हतिर अचानक यस्तो आंधीबेरी आउने गरेको छ । जसले एकै छिनमा चारैतिरबाट छोपेजस्तो गरी धुलो सहितको हावाहुरी आई visibility शून्य जस्तै बनाउने, घरटहरा उडाउने र सडकमा गाडी ठक्कर खानेसम्मको अवस्था सिर्जना गरी जनधनको क्षति गराउने गर्दछ ।
- तसर्थ यो सिजनमा यस्तो अवस्था आउन सक्ने बारे सचेत रहनुपर्दछ ।
- यस्तो अवस्थामा गाडी चलाउँदै गरेका चालकले सडकबाट छेउतर्फ गाडी लगि बत्ती निभाउने र पार्किङ लाईट बालेर बस्ने र अवस्था शान्त नहुँदासम्मको लागि कुर्नु पर्दछ ।
- यस्तो अवस्था केही मिनेटमा नै चरम अवस्थामा पुगी सामान्यतया आधा घण्टा भित्र र कहिलेकाहिं सो भन्दा बढी केही समय सम्म कायम रहन सक्छ।

**अत** : सम्भावित प्रकोपको सबैभन्दा खराब अवस्थाको लागि तयारी गर्न सकेमा जनधनको क्षति रोकथाम तथा न्यूनिकरण गर्न सकिन्छ । उत्तम विपद जोखिम प्रशासन (Disaster Risk Governance) को विद्यमानताले जीवन बचाउँछ, विस्थापन र आर्थिक घाटा कम गर्दछ । यसको मतलब प्रकोप जोखिम कम गर्न राष्ट्रिय रणनीतिको विद्यमानता हुनु हो । प्रकोपका प्रभाव र असरहरू स्वभाविक र सहज अनुमानयोग्य हुंदैनन् । यद्यपि सुशासनको मापदण्ड स्वरूप विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना भने तयारी हालतमा राख्न सकिन्छ । प्रकोप जोखिम व्यवस्थापन र न्यूनिकरण गर्न सुशासन (Good Governance) को विद्यमानता अति नै महत्वपूर्ण छ ।

◆◆◆

# २ सङ्घार नाघ्दै गर्दा



✍ **यशु श्रेष्ठ**

चिउरीको बाले हिजो बेलुका केटापक्षको पोङ स्वीकार गर्नुभएको थियो । साँझ अबेर भएकाले उनीहरू चिउरीलाई आफ्नो घर लान आज बिहानै आइपुगे । आमाले चिउरीलाई कोरीबाटी गरिदिनुभयो । ल बाबै दुवै परिवारका नाक राखेर घर खाए ।' टाउकामा हात राख्दै बा, आमाले आशीर्वाद दिनुभयो । चिउरी आमालाई छाद हालेर रोई । केही बेरसम्म त्यहाँ मौनताले राज गर्‍यो । त्यसपछि चिउरी आँखा पुछ्दै केटा पक्षको पछि लागी । बा आमा परसम्म पुर्‍याउन आउनुभयो। घरकी उज्याली चिउरीलाई बिदा गरी दुवै सुकसुकाउदै घर फर्कनुभयो । चिउरी भने सुक्क सुक्क गर्दै लुरू लुरू हिँडिरही हिँडिरही ।

'ऊः आए आए ल्याए ल्याए' चिउरीले परैबाट यो कोलाहल सुनी । 'ल ल सामान ठिक्क पार' एउटा महिलाको स्वर पनि उसले सुनी । ऊ जसको पछि पछि लागेर आएकी थिई, उनीहरूले एउटा घरको आँगनमा पुगी रोकिए । चिउरी पनि रोकिई । उसले देखी आँगनमा चिउरी कुट्ने मुसल सुताएर राखिएको छ । पिँढीमा अलिकति फेहोर बाँकी छ । सफा गर्नका लागि कुचो नजिक राखिएको छ । पिँढी सँगैको घरको सङ्घारको दुवै चौकोसमा धागो बेरिएको छ । सङ्घार नजिकै एक जना केटा मानिस एउटा जखमले भाले समातेर बसेको छ। उसको अर्को हातमा खुकुरी छ । उसले चारैतिर हेरी । केही चिनेका र धेरै नचिनेका मानिसहरू आँगन पिँढीभरी उभिएका छन् । नाङ्गै भुतुङ्गै केटाकेटीहरू सबैभन्दा अगाडि छन् । उसको बाभन्दा पनि अझ बुढा मानिस भित्तामा अडेस लगाएर बसेका छन् । ऊ भन्दा जेठी एउटी महिला ठुलो भुँडी हल्लाउदै फाराक फुरुक गर्दैछिन् । तिनले पिठ्युँमा अर्को शिशु पनि बोकेकी छिन् ।

"ल नानी सङ्घार नाघ्ने बेला भो के के गर्नुपर्ने हो ? थाहै होला । गर्न

थाल त ।" भित्तामा अडेस लागेर बसेका बुढा मानिसले भने । आफ्नो चेवाङ जातिको विहे गर्दाको रित चिउरीलाई थाहा छ । उसले छर छिमेकमा कतिको विहेमा बेहुलीलाई सिकाएकी पनि छ । त्यसैले उसले आँगनमा लडेको मुसल ठाडो बनाई र ओखलमा अड्याई । पिँढीको फोहोर त्यहाँको कुच्चोले बढारी र आँगन बाहिर लगेर फ्याली । सङ्घारमा बाटो छेकेर राखेको धागो नाघेर ऊ भित्र पसी र भित्रबाट धागो चुडालीदिई । धागो चुडाउन मङगलले पनि सहयोग गऱ्यो । "हान् मार हान् एकै चोटमा छिना है । छिनाउन सकिनस् भने जार काट्न पाइदैन रे क्या ।" एक जना पाका मानिसले भने । अघिन खुकुरी र भाले समातेको केटाले सङघारको डिलमा राखेर एकैचोटिमा भालेको गर्दन छिनाल्यो । रगतको छिर्का चिउरीको पैतालासम्म आइपुग्यो । भालेले पखेटा केही बेर फटफटायो । त्यसपछि सदाका लागि शान्त भयो । चिउरीको पछि पछि मङ्गले थियो । चिउरीले देखी ऊ लजाउँदै र रमाउँदै थियो । त्यसपछि अरू पनि घरभित्र छिरे । चिउरीलाई थाहा छ अबदेखि यही घर नै उसको वास्तविक घर हुनेछ । मङ्गलेका आफन्त नै उसको आफन्त हुनेछन् । अघि मार हानिएको भालेको मासुसँगै जाँड भात खाएपछि उसको सङ्घार नाघ्ने रीति पूरा हुनेछ । सबै आ-आफ्ना घर जानेछन् । बाँकी जो यहाँ रहलान् सायद ती सबैसँग चिउरीले आफ्नो वैवाहिक यात्रा थाल्नु पर्ने हुन्छ ।

♦♦♦

## गजल

✍ **खेमराज खनाल**



सच्चा भगवान नचिनेर मन्दिर मन्दिर धाउँछौ हामी
घरको देउता भोकै राखी बाहिर सेखी लाउँछौ हामी

दुई छाक खान नपाएर जन्मदाता भोकै पर्छन्
धर्म कमाउने निहुँमा भजन किर्तन गाउँछौ हामी

बाहिरी ईश्वरभन्दा पनि मनको ईश्वर चिन्नु पर्छ
भित्र पाप बोकी हिंड्छौं के को मुक्ति पाउँछौ हामी

भित्र सबै धोत्रो हुन्छ बाहिर बोक्रो देखाउँछौ
जता आफ्नो स्वार्थ पूरा उतैतिर छाउँछौ हामी

सुख खोज्दै बरालिंदा झनै दुःख हुन सक्छ
घरकै देवता खुसी छैनन् के को सन्तोष पाउँछौ हामी

# विभागीय कारबाही र व्यावसायिक धर्म



✍ **प्र.ना.नि. सुरेश कुमार हायु**

संगठनको दैनिक क्रियाकलाप वा गतिविधि सञ्चालन गर्दा अवलम्बन गर्ने मूल्य, मान्यता र नैतिकताको समष्टिगत रूप नै आचरण हो । सबै जसो ठाउँमा एकैसाथ प्रयोग हुने आचरण र अनुशासन एक अर्काको परिपुरक हुन् । तथापि यसलाई छुट्याएर बुझ्नु पर्दा आचरण शब्दले कर्मचारीले गर्न हुने र नहुने व्यवहारात्मक नियमहरूलाई जनाउँदछ भने अनुशासनले तोकिएको काम नगर्ने कर्मचारीलाई गरिने सजायको प्रक्रियाको बारेमा वर्णन गरेको हुन्छ । यसरी आचरणको कमजोर पालनालाई अनुशासनको उलङ्घन मानी सजायको दायरामा ल्याउने भएकोले यसलाई एकै साथ बुझ्न उपयुक्त हुन्छ । निर्धारित आचरणको कमजोर पालना र अनुशासनको उलङ्घन भएमा विभागीय कारबाही निश्चितप्रायः छ । तर यसरी कारबाही गर्दा न्यायको रोहबाट हेरी प्राकृतिक न्यायको सिद्धान्तमा आधारित प्रतिपादित न्यायका मान्य सिद्धान्त र Due Process लाई स्वीकार गर्नै पर्ने हुन्छ । विभागीय कारबाही कर्मचारीले गरेको आचरणको उलङ्घन, अनुशासनहीन वा गैर व्यवसायिक कार्य र सो वापत नियमावलीमा भएको सजायको व्यवस्थासँग समानुपातिक हुनु पर्दछ अर्थात कसूरको मात्रा अनुसार नै सजाय निर्धारण गरिनु पर्दछ । यसरी समानुपातिक बनाउनु कारबाही गर्ने अधिकारीको व्यावसायिक धर्म पनि हो । यसै सन्दर्भमा नेपाल प्रहरीबाट भएका केही विभागीय कारबाहीका दृष्टान्तहरू प्रस्तुत गर्ने जमर्को गरेको छु ।

**घटना- १**

**प्र.ज.रेखम बहादुर शाही/मुद्दाः ज.ज.क./सेवाबाट अलगः करिब १० वर्ष (२०६४।०२।२२- २०७४।०८।३०)।**

मिति २०६४।०२।२१ गते आफूलाई जबरजस्ती करणी गऱ्यो भन्ने आरोप लागी ज.ज.क.मुद्दा दर्ता भए पश्चात रेखमबहादुर शाहीलाई अञ्चल

प्रहरी कार्यालय महाकालीबाट मिति २०६४।०२।२२ गतेदेखि निलम्बन भयो । जबरजस्ती करणी मुद्धा दायर भई श्री कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६६ । ९ । १ मा ३ वर्ष कैद हुने ठहरी फैसला भएकोमा सो फैसला उपर पुनरावेदन तहबाट सुरू जिल्ला अदालतको फैसला उल्टी भई सफाइ पाउने ठहरी फैसला भएको र मिति २०६९।१२।१९ मा सर्वोच्च अदालतबाट समेत उक्त पुनरावेदन अदालतको फैसला सदर भई मुद्धा अन्तिम भई सकेकोमा निज प्र.ज. रेखमबहादुर शाही वारदात स्थलमा उपस्थित रहेको र प्रतिवादीमध्येका हरेन्द्र चन्दले पीडितलाई करणी गरेको अवस्थामा समेत प्रहरी कर्मचारीको हैसियतले कुनै प्रतिकार नगरेको तथा तत्काल निज प्रहरी जवान पदमा कार्यरत रहेको अवस्थामा कुनै कसैको स्वीकृति नलिई आफूखुसी आफ्नो दाजुको पसलमा गई चाउचाउ पकाई बिक्री गर्ने जस्तो व्यापारिक कार्यमा संलग्न रहेको भनी भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट हटाइयो ।

"कसूरको सम्बन्धमा साधिकार निकाय अदालतबाट सफाइ पाइसकेको अवस्थामा पनि प्रशासनिक रूपले पूर्वाग्राही दृष्टिकोणबाट सोही कसूर लागेको आधारमा अवकाश दिनु सर्वमान्य न्यायको सिद्धान्त विपरीत हुन जाने हुँदा रिट निवेदकलाई पूर्ववत सेवामा पुनर्बहाली गरी बर्खास्त गरिएको मितिदेखि हालसम्मको पूरा तलब भत्ता र वृद्धि भएको तलब लगायतका नियमानुसार पाउने सबै सेवा सुविधासमेत दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ" भनी निवेदक प्र.ज.रेखम बहादुर शाहीको रिट निवेदन उपर फैसला भयो ।

सो फैसला पश्चात सर्वोच्च अदालतको फैसला च्यापी प्याट्ट परेको भुँडी, ढाका टोपीबाट घुम्रिएर चुस्स चुस्स निस्किएको कपाल, सेवामा दश वर्ष पछि फर्किदाको गह्रौ मानसिकता र प्रहरीको आधारभूत र न्यूनतम छनक पनि बिर्सिसकेको अनुहार र आकृति लिएर निज प्र.ज.रेखम बहादुर शाही प्रहरी प्रधान कार्यालय प्रवेश गरेका थिए । नहोस् पनि कसरी ? नियुक्तिको तीन वर्ष नपुग्दै सेवाबाट अलग्गिनुको पीडा, पारिवारिक जिम्मेवारी, आदालतको तारेख अनि दैनिक गुजाराको समस्या उस्तै । अहिले नियुक्तिको झण्डै १५ वर्ष पछि नोकरीको सुरूवाती मज्जा कुनै गण गुल्ममा लिदै छन् उनी ।

**घटना-२**

**प्र.ज.मदन नारायण श्रेष्ठ/मुद्धाः कर्तव्य**

**ज्यान/ज.ज.क./सेवाबाट अलगः करिब** १५ वर्ष (२०६०।०७।२५-२०७४।१२।२१) ।

मेरी श्रीमतीलाई मिति २०६०।७।८ गते राती न्यू लेसपार गेष्ट हाउसको १०६ नं. को कोठामा लगी करणी गरी सोही गेष्ट हाउसमा मदननारायण श्रेष्ठ र विष्णु सिलवालसमेतका व्यक्तिहरूले कर्तव्य गरी मारेको भन्ने किटानी जाहेरी परी अनुसन्धान पश्चात प्रतिवादी मदन नारायण श्रेष्ठले मृतकलाई कर्तव्य गरी मार्नमा संलग्न भई अभियोग दाबी बमोजिमको कसूर गरेको देखिँदा ज्यानसम्बन्धीको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने गरी भएको फैसला र सोही फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट समेत निर्णय भयो । निर्णय पश्चात प्र.ज. मदन नारायण श्रेष्ठ कैद सजाय भुक्तान गरिरहेका थिए । सोही अवस्थामा श्री सर्वोच्च अदालतको मिति २०६९।०२।०२ को पुनरावेदकीय निर्णयले फैसला उल्टी भई अभियोग दाबीबाट निज प्र.ज.ले सफाइ पाए । विना कारण करिब १५ वर्ष जेल जीवन व्यतित गरेको भारी मन र थकित शरीर लिएर एक तह पदोन्नती सहितको सेवा सुविधाको माग गर्दै उनी प्रहरी प्रधान कार्यालय प्रवेश गरे । अदालतले फैसला गरी सक्दा सम्म उनी सेवा निवृत्त भई सकेकोले पुनः प्रहरी सेवामा बहाल हुन सकेनन् र एक तह पदोन्नति सहितको सेवा सुविधाको माग जायजै भए पनि प्रहरी नियमावलीमा त्यस किसिमको व्यवस्था नभएको कारण संगठनले त्यो सुविधा उपलब्ध गराउन सकेन । अहिले उनी न्याय प्राप्तिको लागि गरेको लामो र कठिन संघर्ष, अदालतलको लामो यात्रा र १५ वर्षे जेल जीवन पश्चात प्राप्त उनलाई एकदमै प्रिय लाग्ने पेन्सन पट्टा गोजीमा राखेर एक तह पदोन्नति सहितको सेवा सुविधा पाउने आशमा पुनः अदालतको ढोका चाहार्दै छन् । किनकी अधिकारको प्राप्ति आम मान्छेले सोचे जस्तो त्यती सहज छैन भन्ने कुरा उनले १५ वर्षे लामो जेल जीवनमा राम्रै बुझेका छन् ।

**घटना-३**

**प्र.ह. खुल बहादुर कुँवर**

**प्र.ज. यज्ञ बहादुर बस्नेत/मुद्दाः चोरी (रिभल्वर) /सेवाबाट अलगः करिब ३० वर्ष (२०४५।०७।१५-२०७५।११।२३) ।**

तत्काल मध्यक्षेत्रीय प्रहरी तालिम केन्द्र, काठमाडौंमा कार्यरत रहँदा प्र.ह.खुल बहादुर कुँवर र प्र.ज.यज्ञ बहादुर बस्नेतलाई २ (दुई) थान रिभल्वर चोरी गरेको अभियोगमा प्रहरी विशेष अदालत गठन गरी ४ वर्ष कैद

र १ वर्ष बराबरको तलब जरिवाना गरेकोमा क्षेत्रीय प्रहरी विशेष अदालतले समेत सोही फैसलालाई सदर गर्‍यो । यस बिच आरोपित द्वय खुल बहादुर कुँवर र यज्ञ बहादुर बस्नेतले अनुसन्धानको सिलसिलामा चरम मानसिक तथा शारीरिक यातना भोग्नु पर्‍यो । उनीहरूले निर्णय बमोजिम ठेकिएको कैद र जरिवाना भुक्तान पनि गरे । तर आफू अन्यायमा परिकोले न्याय र अधिकारको लागि उनीहरू सबै ठाउँ गए, प्रहरीकै उच्च अधिकारी, कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, सर्वोच्च अदालत आदि । हातहतियार तथा खरखजाना मुद्दामा पक्राउ परेका घनश्याम अधिकारीले आफूले प्रहरी सेवामा रहँदा करिब २०४४ साल तिर रिभल्वर चोरी गरेको र तत्काल कोतको जिम्मेवारी बुझ्नेलगायतका व्यक्ति निर्दोष हुँदाहुँदै कारबाहीमा परेको कारण पछि पश्चाताप भई मुक्तिको लागि गेरूवस्त्र धारण गरी धर्मकर्ममा लाग्दासमेत मनमा शान्ति नभएकोले प्रहरी कार्यालयमा उक्त हराएको रिभल्वर सहित आत्मसमर्पण गरेको यसै घटनाक्रमसँग जोडिएको आश्चर्यजनक र अपत्यारिलो सत्य उजागर भएपछि सर्वोच्च अदालतले आफ्नो आदेशमा भनेको छ "व्यक्तिलाई राज्यको निकायले कुनै फौजदारी कसूर गरेको अभियोगमा न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा दायर गर्छ भने सो व्यक्तिलाई पक्राउ गर्ने, उक्त अपराधको अनुसन्धान गर्ने, अदालतमा मुद्दाको सुनुवाइ गर्ने तथा फैसला कार्यान्वियनसम्मको चरणहरूमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको अनिवार्य पालना गर्नु पर्दछ । प्रहरी सेवामा रहँदाकै अवस्थामा गलत रूपमा गरिएको अनुसन्धान, अभियोजन एवम् न्याय सम्पादनको परिणाम स्वरूप रिट निवेदक कैदमा बस्नु परी प्रहरी सेवाको पदबाट समेत हटाइएको अवस्था छ । रिट निवेदकउपर भएको अन्यायपूर्ण कार्यको बदलामा कुनै पनि मौद्रिक क्षतिपूर्तिले भरिपूरण हुने अवस्था छैन, परन्तु क्षतिपूर्ति स्वरूप निजहरूलाई उल्लिखित चोरीको अभियोगमा थुनामा राखिएको मितिदेखि अवकाश हुने मितिसम्मको निजहरूले कानून बमोजिम प्रहरी सेवामा रहँदा प्राप्त हुने तलब भत्ता र निवृत्तिभरणसमेतको सुविधा प्रदान गर्दा न्यायपूर्ण हुने देखिएकाले उपर्युक्तानुसार निजहरूले प्राप्त गर्ने तलब, भत्ता र अन्य सुविधा प्रदान गरी निजले कानूनबमोजिम प्राप्त गर्ने निवृत्तिभरणको रकमसमेत यो आदेश प्राप्त भएको मितिले २ (दुई)

महिनाभित्र निवेदकलाई उपलब्ध गराउनु । सर्वोच्च अदालतले गरेको यो सम्मानजनक आदेश नेपाल प्रहरीले प्रभावकारी रूपमा कार्यान्वयन गर्‍यो र निजहरूलाई स-सम्मान उनीहरूले प्राप्त गर्न सक्ने जतिका सेवा सुविधाहरू दिई पठायो। यो अवस्थामा गर्न सक्ने भनेको यती मात्रै थियो । आफूले गर्दै नगरेको अपराधको सजाय व्यतित गरी न्याय र अधिकारको लागि तय गरेको यो ३० वर्षे लामो यात्रा पश्चात प्राप्त पेन्सन पट्टाले उनीहरूलाई विगतले दिएको त्यो चोटहरूमा केही मल्हम लगाए पनि जीवनको उतारचढावसँगै जोडिएका कष्टपूर्ण र दुःखद भोगाइको अनुपातमा ती सुविधाहरू निकै नै न्यून रहेको जो कसैलाई महसुस हुन्छ ।

यी र यस्ता कैयौं घटनाहरू छन् जो विधि र प्रक्रिया विपरित भएकै कारण वर्षौं पछि अदालतबाट बदर भएका छन् । प्रहरी नियमावली, २०७१ जारी भएको ५ वर्ष अघि र पछिका विभागीय कारबाही उपर सम्मानित अदालतबाट सफाइ पाइ आएका मुद्दाहरूको विश्लेषण गर्दा प्रकृतिक न्याय एवम् स्वच्छ सुनुवाईको सिद्धान्त विपरित नोकरीबाट हटाइएको, रितपूर्वक म्याद तामेल नभएको, त्रुटिपूर्ण निर्णय गरेको, कसूरको अनुपातमा सजाय चर्को भएको, एउटै कसूरमा फरक-फरक मापदण्ड अवलम्बन गरेको लगायतको कारणबाट थुप्रै प्रहरी कर्मचारीहरू नोकरीमा पुनर्वहाली भएको तथ्याङ्कबाट देखिन्छ ।




यी त केवल केही नगन्यमात्रामा समावेश प्रतिनिधि घटनाहरू मात्र हुन् ।

विभागीय कारबाही संगठनलाई चुस्तदुरूस्त राख्दै कर्मचारीलाई

निश्चित मूल्य र मान्यताको सीमा भित्र बाँध्ने एउटा महत्वपूर्ण माध्यम हो । यो अपरिहार्य छ पनि । त्यसमा पनि प्रहरी जस्तो अनुशासन, आज्ञापालन र चेन अफ कमाण्डमा चल्ने संगठनमा यसको झनै महत्व हुन्छ । यसो भन्दैमा कारबाही गर्ने अधिकारीले जिम्मेवारीबाट पन्छिने बहानामा वा सस्तो लोकप्रियताका लागि मनोगत रूपमा जथाभावी कारबाही गर्दै जाने हो भने आधारभूत न्यायको मुलभूत मान्यतामा समेत असर पुग्न जान्छ । अनावश्यक तथा स्वेच्छाचारी रूपमा गरिने विभागीय कारबाहीले कार्यालयको कार्य बोझ थप्ने, राज्यलाई आर्थिक व्ययभार बढाउने र कर्मचारीको व्यावसायिक र उर्जावान समयको संगठनले पर्याप्त मात्रामा प्रयोग गर्न नसक्ने हुन्छ । पछिल्लो समय नेपाल प्रहरीमा देखिएका त्रुटिपूर्ण विभागीय कारबाहीले गर्दा अनुशासन, आज्ञापालन, नैतिकता र व्यावसायिकता जस्ता सांगठनिक चरित्रमा ह्रास हुँदै गएको छ । विभागीय कारबाहीलाई आचरण, अनुशासन र आज्ञापालन गराउने हलुको अस्त्रको रूपमा मात्र प्रयोग नगरी कर्मचारीलाई संगठन प्रतिको दायित्वबोध गराई आफ्नो कर्तव्य प्रति जिम्मेवार बनाउने एउटा साधन वा माध्यमको रूपमा विकसित गर्न सकियो भने त्यो फलदायी हुने देखिन्छ ।

आफुले चाहेको पेशा र रोजगारीको छनौट गर्नु नागरिकको संविधान प्रद्धत्त मौलिक अधिकार हो । ती अधिकारहरूको संरक्षण, सम्बर्द्धन र जगेर्ना गरी नागरिक अधिकार प्रत्याभूत गर्नु राज्य तथा राज्यका सबै अंगको अनिवार्य दायित्व हुन आउछ । नेपाल प्रहरीमा विगतमा भएका कारबाहीको दृष्टान्तलाई हेर्दा नागरिकको संविधान प्रदत्त रोजगारीको अधिकार, बृत्ति विकास, प्राकृतिक न्यायको सिद्धान्त र निर्दिष्ट कार्यविधिको पालना गरेको देखिदैन । हामीले बुझ्नै पर्ने हुन्छ कि न्यायको रोहबाट नागरिकको कुण्ठित हक अधिकारको प्रचलन गराउने हामी भन्दा उपल्लो निकाय पनि छ, जसले विभागीय कारबाही गर्दा निर्णय गर्ने अधिकारीले अवलम्बन गरेको विधि, प्रक्रिया, कानूनको व्याख्या, न्यायिक मनको प्रयोग, पूर्वाग्राहीपूर्ण निर्णय, Due Process लगायतका न्याय मर्ने खालका तौर तरिकाहरू अपनाएको देखे वा बुझे न्याय निरूपणको यावत विषयको विश्लेषण गरी विवेकपूर्ण निर्णय गर्ने क्षमता राख्दछ ।

♦♦♦

कथा

# रहस्यबाट उदाएकी आशा



✍ **पुजा मिश्र**

म सधैं बुबालाई सोध्ने गर्थें, "बुबा, मेरो आमा खोई ?"

बुबाले म सानो हुन्जेल भन्नुहुन्थ्यो, "उनी तिमीलाई र मलाई केही जानकारी नदिकन कतै टाढा गइन् जसको बारेमा मलाई केही थाहा छैन ।" म अलि ठूली हुन्जेलसम्म पनि बुबाले मेरो प्रश्नलाई के के कुरा गरेर टारि रहनुभयो । एकदिन मैले सारै जोड गरेपछि वहाँले भन्नुभो, "अहिले तिमी सानै छौ, पछि म तिमीलाई सबै कुरा बताउने छु ।" त्यसपछि मैले यसबारेमा थप कुरा सोधिन ।

वैशाख १२ गते मेरो अठारौं जन्म दिन बुबा म र हाम्रा केही पारिवारिक मित्रहरूको उपस्थितिमा रमाइलोसँग मनाइयो । बेलुकाको कार्यक्रम सम्पन्न भए पश्चात जब पाहुनाहरू गए, बुबाले मलाई एउटा पुरानो डायरी दिंदै भन्नुभो, "तिमी अब ठूली भयौ, तिमीले सोधिरहने तिम्रो आमाको बारेमा मैले यो डायरीमा लेखेको छु, यही पढेर थाहा पाउनु, मार्च ५ पछिको हेर्‍यौ भने तिमीलाई बुझ्न सजिलो हुन्छ ।"

मैले चुपचाप डायरी आफ्नो हातमा लिएँ र आफ्नो कोठामा गएर हतारिएर पढ्न थालें ।

**मार्च ५, २०१०**

लगभग ८/९ वर्ष पछि आज म बुटवल आएँ । बुटवल आइपुग्दा बेलुकाको ९ बज्न लागिसकेको थियो । अँध्यारोमा बलेका बिजुली तथा मानिसहरूको बाक्लो चहलपहलको आधारमा मैले थाहा पाएँ सहरको आकार प्रकार धेरै परिवर्तन भएछ । बुटवलमा मेरो आफन्तहरू कोही थिएनन्, त्यसैले बास बस्नको लागि होटेलमै जानु पर्ने बाध्यता थियो मेरो लागि । मलाई सम्झना भयो म पहिले एक दुई पटक यहाँको एउटा होटेलमा बसेको थिएँ । अरू होटेल कहाँ छन्, कस्ता छन् मलाई थाहा नभएकोले बसबाट ओर्लने बित्तिकै म त्यही होटेल तर्फ लागें।

होटेल पहिले भन्दा ठूलो र

राम्रो बनेको रहेछ । अझै बढी सफा, सुन्दर र भव्य लाग्यो होटेल मलाई । यही होटेल छानेर यहाँ आएकोमा एक किसिमको सन्तुष्टि पनि भयो ।

म होटेलको ठूलो ढोकाबाट प्रवेश गरेर सिधैं रिसेप्सन काउन्टरमा गएँ । काउन्टरमा २८/३० वर्षकी जस्ति लाग्ने साँवला वर्णकी एउटी महिला थिइन् । कालो कोट प्यान्ट्स र सेतो सर्ट लगाएकी, अग्ली, पातली र हँसिलो अनुहार भएकी ती महिलाको व्यक्तित्व प्रखर लाग्थ्यो । म काउन्टरमा पुग्ने बित्तिकै उनले मतिर हँसिलो रूपमा प्रस्तुत हुँदै भनिन्, "तपाईंलाई हाम्रो होटेलमा स्वागत छ, म यहाँकी फ्रन्ट अफिस म्यानेजर हुँ, भन्नुस् म तपाईंलाई के सेवा गर्न सक्छु ?"

मैले आफुलाई एउटा कोठा चाहिएको कुरा बताएँ । उनले भनिन्, "केही समस्या छैन, राम्रो कोठा छ एसी सहितको । औपचारिकताको लागि तपाईंले यो फर्म भर्नुपर्ने हुन्छ, कृपया फर्म भरेर आफ्नो सिग्नेचर गरिदिनुहोला ।"

मैले उनले भने मुताबिक आफ्नो व्यक्तिगत विवरण सहितको फर्म भरें र सही गरिदिएँ । उनले मलाई एउटा इलेक्ट्रोनिक कार्ड दिँदै भनिन्, "यो तपाईंको रूमको चाबी, रूम नं. ३१३ । तपाईंसँग ठूलो लगेज छ भने यहीं राखिदिनुहोला, अहिले बेलब्वाइ छैन, आएपछि म तुरून्तै तपाईंको रूममा पठाइदिनेछु ।"

मैले आफुसँग एउटा ह्याण्ड ब्याग मात्र भएकोले त्यसको जरूरी नपर्ने कुरा बताएँ र रूमतर्फ लागें । म जाँदाजाँदै उनले भनिन्, "शुभरात्री, यहाँको बसाइ सुखद रहोस् ।"

"धन्यवाद, शुभरात्री" भन्दै म रूमतर्फ लागें।

रूम भव्य थियो, ठूलो बेड, सफा सेतो तन्ना बिछ्याइएको, बेडको छेउमा टेबल र टेबलमा चिया कफी बनाउने सामग्री सहितको व्यवस्था, लुगा आदि राख्नलाई साइडमा ठूलो दराज । तर कोठाको सबै भन्दा आकर्षक कुरा भनेको यसको बाथरूम थियो । ठूलो बाथटब सहितको सफा चम्किलो बाथरूम देख्नासाथ मलाई आनन्दसँग टबमा सुतेर तातो पानीमा लामो समय बस्न मन लाग्यो ।

म लुगा खोलेर तुरून्तै बाथरूम प्रवेश गरें र टबलाई पानी र बेइदिङ जेलको फोमले भरेर त्यसभित्र पसें। म आनन्द पूर्वक धेरै बेर टबमा बसें। अचानक मलाई लाग्यो कि बाथरूमको ढोकाबाट मलाई कसैले एकटकसँग हेरिरहेको छ । मैले हत्तपत्त ढोकातर्फ

हेरें, हैट् हैन रैछ, मेरो भ्रम मात्र ! तर फेरि मलाई अचम्म लाग्यो, बाथरूममा प्रवेश गर्नु अघि मैले ढोका त बन्द गरेको थिएँ, फेरि अहिले कसरी खुल्ला छ ? एकछिन अलमल्ल परें म, तर तुरून्तै मैले सम्झें यो पनि मेरो भ्रम हो, एक्लै होटेलको कोठाको बाथरूममा प्रवेश गर्दा पनि कसैले ढोका थुन्छ र ? मैले ढोका लगाएकै थिइन ।

स्नान पछि म एकदम फ्रेश भएँ । शरीरमा बडो रमाइलो आनन्दको सञ्चार भयो । मैले खाना खाइसकेकोले अब केही काम थिएन । बसको लामो यात्रा गरेर आएको हुनाले म थकित पनि थिएँ । त्यसैले तुरून्तै म सुतिहालें।

बडो आनन्दको निन्द्रा आयो । तर राती कतिखेर म एकपटक ब्युँझिएछु । कस्तो अचम्मको अनुभूति भयो, कोही मेरो छेउमा बेडमा सुतिरहेको छ जस्तो । कता कता कसैले सुस्तसँग स्वाश फेरिरहे झैं, बेडमा कोही चल्मलाइरहे झैं लाग्यो मलाई । मैले एकछिन अलि सचेत भएर ध्यान दिएर सुने, तर फेरि त्यस्तो केही लागेन । म पुनः सुतें र तुरून्तै निदाएँ ।

**मार्च ६, २०१०**

बिहान ६ बजे नै निन्द्रा खुल्यो । म उठेर नित्यकर्मको लागि बाथरूम पसें र स्नानादि कार्यहरू सकेर निस्कें। म टावल मात्र बेरेर बाथरूमबाट बाहिर निस्केको थिएँ । लुगा फेर्ने प्रयोजनको लागि म यसो दराज पट्टि फर्केर लुगा निकाल्न खोजिरहेको थिएँ, अचानक मैले फ्रन्ट अफिस म्यानेजरलाई ढोकाको छेउमा देखेर तर्सिएँ । उनले भनिन् "मलाई माफ गर्नुहोला, तपाईंको ढोका खुल्लै रहेछ र म ढोका नढक्ढकाई भित्र पसें। आज बिहानै एक जनाले तपाईंलाई दिनु भनेर यो खाम दिएकोले त्यही पुऱ्याउन म आएकी, लिनुस् यो तपाईंको चिट्ठी, जरूरी जस्तो छ ।"

उनले मलाई खाम दिइन् र मैले केही सोध्न नपाउँदै सरासर हिँडिहालिन् । म भने अचम्ममा परें। पहिलो कुरा मैले ढोका नै खोलेको थिइँन, कसरी खुल्लै भयो त ढोका ? दोस्रो कुरा न मलाई यहाँ कसैले चिन्छ, न म यहाँ आएको कसैलाई थाहा छ, कसरी कसैले मलाई चिट्ठी पठाउन सक्छ ? तर खाम बाहिर मेरै नाम थियो । मैले लुगा नफेरिकन हतार हतार खाम खोलेर हेरें । भित्र एउटा पानामा लेखिएको थियो ।

'उसकी आमालाई लोग्नेले गोली हानेर फरार भयो, ऊ मरी । ८ वर्षकी छोरी गौशालाको अनाथ आश्रममा तपाईंलाई नै पर्खेर बसेकी छ ।'

मेरो आश्चर्यको सीमा रहेन । न चिट्ठी पठाउने को हो खुलेको थियो, न चिट्ठीको भाषा स्पष्ट र बुझिने थियो न यो मसँग कुनै तरिकाले सम्बन्धित जस्तो लागिरहेको थियो । त्यो छोरी को हो ? कसरी गौशाला गई ? त्यसले मलाई किन पर्खिनुपर्ने ? म त रनभुल्लमा परें। कसैले मसँग ठट्टा गरेजस्तो लाग्यो मलाई ।

मलाई आज भैरहवा पुगेर केही कामहरू सम्पन्न गरे पश्चात लुम्बिनी हुँदै तीन चार दिनमा काठमाडौं फर्कनु थियो । त्यसैले त्यो चिट्ठीलाई खासै वास्ता नगरी मेरो प्यान्टको खल्तीमा हालेर म चेक आउट प्रोसेसको लागि तल काउन्टर तर्फ जाने तयारी गर्न थालें। तर कति खोज्दा रूमको चाबी भेटिएन । टेबलमा, ब्यागमा, दराजमा, बाथरूममा, बेडमा सबैतिर खोजे, भेटिएन । अब जे सुकै होस्, त्यही चाबीको पैसा तिराउने होलान्, बरू तिर्छु भनेर म रूमबाट तल झरें ।

काउन्टरमा एउटा केटो थियो, कालो सुट र सेतो सर्टमा । होटेलको युनिफर्म रहेछ त्यो । मैले चेक आउट हुन खोजेको कुरा बताएँ र भने, "रूमको चाबी चैं रूममै कता हरायो, मैले भेटिन । तर त्यो रूम भित्रै हुनुपर्छ किनकी म रूमबाट बाहिर नै गएको छैन ।"

रिसेप्सनिष्टले सोध्यो, "तपाईंको रूम नम्बर कति हो ?"
"३१३" मैले भने।

"होइन, तपाईं झुक्किनुभो, रूम नम्बर ३१३ त अघि नै चेकआउट भईसक्यो ।"

"हैन कहाँ झुक्किनु, मेरो रूम नम्बर ३१३ नै हो, म त्यही कोठामा रात बिताएर त आउदैछु, कस्तो कुरा गर्नुहुन्छ ?"

"मान्नुस् न, तपाईंको अर्कै रूम होला, रूम नम्बर ३१३ को चाबी त यही छ, मैले त अघि एक घण्टा जति अगाडी चेकआउट गरेको ।" रिसेप्सनिष्टले मलाई रूमको चाबी देखायो । हो मेरै त चाबी हो त्यो, त्यसमा अलिकति कोत्रेको जस्तो दाग थियो, मैले चिनिहालें।

"हो यही त हो नि मेरो चाबी" मैले भने ।

"हैन सर, मलाई राम्रो सम्झना छ, मैले नै यो रूमको गेष्टलाई चेक आउट गरेको हुँ, तपाईं कहिले चेक इन हुनुभाको हो ? को थियो रिसेप्सनमा ?" रिसेप्सनिष्टले बिनम्र स्वरमा भन्यो ।

"हिजो सवा ९ बजे बेलुका तिर हो म आको, यहाँ एक जना महिला हुनुहुन्थ्यो फ्रन्ट अफिस म्यानेजर" मैले भने ।

"महिला फ्रन्ट अफिस

म्यानेजर रे ? हाम्रो होटेलमा फ्रन्ट अफिस म्यानेजर नै छैन, फेरि महिला त हाम्रो होटेलमा काम गर्ने हाउसकिपिङ बाहेकको अरू काम गर्ने मान्छे नै छैनन्, उनीहरू पनि बेलुका ६ बजे सम्ममा गई सक्छन् । हिजो बेलुका ९ बजेदेखि १० बजेसम्म त रिसेप्सनमा कोही पनि थिएन, म त्यतिखेर एउटा कामले बाहिर गएको थिएँ, म बाहेक बेलुका रिसेप्सनमा कोही पनि हुँदैन, तपाईं अल्मलिनुभो ।" रिसेप्सनिष्टले बिस्तारमा बतायो ।

अब भने मलाई केही अस्वभाविक कुरा भए जस्तो लाग्यो यो होटेलमा । हिजोदेखि कस्तो कस्तो अस्वभाविक कुराहरू भइरहेका छन्, यसैको श्रृङ्खला जस्तो लाग्यो यो पनि मलाई ।

मैले सोधें, "एउटा कुरा भन्नुस् त, ३१३ मा हिजो राती को बसेको थियो त्यसो भए ?"

"खै एक जना महिला हुनुहुन्थ्यो, नाम सारिका लेखाउनु भाको छ, सारिका सिङ् ।"

अचानक मेरो दिमाग चक्करायो, म आश्चर्यले थचक्कै भुइँमा बसौंला झैं भएँ । जति सक्दो चाँडो यहाँबाट निस्कनु नै मेरा लागि उत्तम हुने ठानेर मैले सोधें, "त्यसो भए म के गरौं त, जाऊँ ?"

रिसेप्सनिष्टलाई म कुनै मानसिक सन्तुलन ठिक नभएको मान्छे जस्तो लाग्यो कि के हो, उसले सजिलै "हुन्छ, जानुस्" भन्यो । म सरासर होटेल बाहिर निस्कें ।

**मार्च ७, २०१०**

मेरो दुई तीन दिन पछि मात्र काठमाडौं फर्कने योजना थियो, तर म सबै काम सकेर आज बिहानैको गाडीमा चढेर काठमाडौं तर्फ लागिहालें। मलाई भित्र कता कता अत्यास लागेर, डर लागेर बुटवल वरपर बस्नै सकिन । कस्तो अनौठो घटना भयो हिजो होटेलमा भन्ने सोचेर मेरो होशहवाश गुम भइरहेको थियो । मलाई एक मनमा नलागेको हैन कि मैले बुटवलमा सारिकाको बारेमा सोधखोज गर्नुपर्थ्यो, के कस्तो हालतमा छ वा छैन यकीन गर्नुपर्थ्यो । तर मनको कुन भागले हो मलाई त्यसो गर्ने अनुमति दिएन र जति सक्दो यहाँबाट भागिहाल्न नै हुटहुटी लगायो ।

म गाडीमा बसेको थिएँ, गाडी तिव्र गतिमा चलिरहेको थियो । तर त्यो भन्दा तिव्र गतिमा मेरो दिमागमा भने अनेक कुराहरू दौडिरहेका थिए । अरू भन्दा पनि मेरो पहिलेको बुटवल बसाइको बारेमा मेरो मन मस्तिष्क चकराइरहेको थियो ।

म ८/९ वर्ष अगाडि, २००२ साल तिर हुन सक्छ, एक महिनाको लागि बुटवल बसेको थिएँ । माध्यमिक

विद्यालयहरूमा अंग्रेजी भाषा शिक्षणको स्तर र प्रभावकारिता बारेमा स्थलगत अध्ययन गर्ने एउटा देशब्यापी कार्यक्रम थियो अन्तर्राष्ट्रिय फण्डिङ्मा सञ्चालन भएको । त्यही कार्यक्रम अन्तर्गत म रूपन्देही जिल्लाको अध्ययन गर्न आएको थिएँ र बुटवल मध्य भागमा पर्ने भएकोले यसैलाई मैले आफ्नो स्टेशन बनाएको थिएँ ।

मेरो काम नै विभिन्न विद्यालयहरूमा जाने, त्यहाँको पाठ्यक्रम हेर्ने, अंग्रेजी शिक्षक शिक्षिकाहरूसँग भेट्ने कुरा गर्ने र आवश्यक कुराहरू नोट गर्ने थियो । यसै शिलशिलामा बुटवल स्थित होराइजन सेकेण्डरी स्कुलमा मेरो भेट सारिकासँग भएको थियो । उनी त्यहाँ अंग्रेजी पढाउँदिरहिछन् । रमाइलो कुरा के थियो भने रूपन्देही जिल्ला भरिमा माध्यमिक तहका विद्यार्थीहरूको अंग्रेजी भाषाको ज्ञान होराइजन स्कुलकै सबै भन्दा उत्तम थियो ।

यो कारणले सारिकासँग मेरो कुराकानी अन्य विद्यालयका शिक्षक शिक्षिकाहरू भन्दा बढी भयो । मेरो र उनको बसाइ पनि बुटवल नै भएकोले र उनी र म दुवै एक्लै भएकाले हामीलाई विद्यालय बाहेकको समयमा कुनै स्थानमा भेट्न, सँगै कफी पिउन वा घण्टौ बसेर कुरा गर्न केही बाधा थिएन ।

हामी बिस्तारै नजिक भयौं । उनको आफ्नो दुःखद कथा रहेछ । उनी छत्तिसगढ भारतकी सम्पन्न राजपुत परिवारकी छोरी रहिछन्। उनले अंग्रेजी साहित्यमा एम.ए. गरिसक्ने बित्तिकै उनको विवाह भएछ, राजपुतको छोरो, अथाह सम्पत्तिको एक्लो वारिस भनेर अपठित भए पनि जबरजस्ति विवाह गरिदिएछन् माइतीले । तर त्यो व्यक्ति अत्यन्त ब्यभिचारी, क्रुर र निर्दयी खालको रहेछ, दैनिक लागूऔषध सेवन गरेर सारिकालाई कुटपिट र हिंसा गर्ने, प्रताडित गर्ने गर्दोरहेछ । माइतीले पनि कुनै वास्ता नगरेपछि दैनिकको हिंसा खप्न नसकेर बाध्य भएर उनी घरबाट भागेर यहाँ आएर बसेकी रहिछन् । उनी भन्थिन्, 'म यहाँ छु भन्ने थाहा पाउने हो भने मेरो ससुराल र माइती कुनै पनि पक्षका मान्छेहरूले मलाई ठहरै मारिदिन्छन् किनकी मैले उनीहरूको इज्जत प्रतिष्ठामा ठूलो धक्का पुऱ्याएकी छु ।'

तर उनी बकाइदा सिन्दूर पोते लगाएर एउटी विवाहित महिलाको रूपमा बस्दिरहिछन् । मैले किन त्यसो गरेको भन्दा उनी भन्थिन्, 'यती गरेन भने त एक्ली महिला यहाँ पनि कहाँ टिक्न सक्छन् र ? भारतीय र नेपाली समाज यस अर्थमा त्यती धेरै भिन्न छैन,

विवाहित भनेपछि अली हच्किँदा रहेछन् । तैपनि हिजोआज मलाई तिम्रो लोग्ने खै भनेर सोधेर हैरान पारिराखेका छन् ।

मेरो बुटवल बसाइ सकिन सकिन लागेको थियो, उनले एक दिन भनिन् "तपाईं जति दिन यहाँ बस्नुहुन्छ, मसँगै बसिदिनुस्न मेरो श्रीमान् भएर । मलाई सजिलो हुन्छ, एकपटक मेरो श्रीमान् यही हो भनेर चिनाए पछि मान्छेहरूले फेरि फेरि मलाई सोधिराख्दैनन् ।"

म अलि अन्कनाएँ अस्वभाविक अनुरोध सुनेर । उनले थप अनुरोध गरिन्, "हैन, तपाईंले डराउनु पर्दैन, म कहिल्यै तपाईंको व्यक्तिगत जीवनमा दखलअन्दाजी गर्दिन, बरू कहिल्यै तपाईंसँग सम्पर्क पनि गर्दिन, बस् मेरो लागि यती गरिदिनुहोला, अहिलेको लागि ।"

मैले उनको अनुरोध नकार्न सकिन । यसरी लगभग दश दिन म उनको श्रीमान् भएर उनैसँग बसें, । एकदिन मैले उनलाई भनेको थिएँ, "केही गरी हाम्रो बच्चा भयो भने के गर्छौ?" उनले सहजै भनिन्, "म त चाहन्छु होस्, म एउटा बच्चा हुर्काउन सक्दिन र? बच्चा भयो भने म पूर्ण हुन्छु, मेरो समय कट्ने मेलो हुन्छ, मेरो साथी हुन्छ ।"

म बुटवलबाट हिंडेपछि सारिकासँग कहिल्यै भेट भएन । अहिलेको जस्तो मोबाइल, फेसबुक वा अन्य सामाजिक सञ्जालहरूको प्रयोग पनि थिएन त्यतिखेर, त्यसैले सम्पर्क टुटेपछि सहजै जोडिएन । केही समयपछि त मैले पनि बिस्तारै उनलाई बिर्सिंदै गएँ, उनले पनि सायद मलाई बिर्सिइन् ।

गाडी दौडिरहेको थियो । म एकतमाससँग पुराना कुराहरूमा हराइरहेको थिएँ । मलाई कसो कसो त्यो अनाथालयमा भएको बच्चालाई जति छिटो गएर हेर्न, भेट्न हतार भएको जस्तो अनुभव भइरहेको थियो । तर मनमा एउटा प्रश्न पनि थियो, के यो साँच्चै होला ? के साँच्चै सारिका मरेकै हो ? आदि ।

**मार्च ८, २०१०**

हिजो गाडीले बेलुकामात्र काठमाडौं ल्याई पुऱ्यायो, त्यसैले मनमा तुरून्तै गौशाला पुग्ने मनको छटपटी भए पनि जान सकिन । आज भने बिहानै म त्यता तर्फ लागें।

मैले सोचिराको थिएँ, कसरी चिन्नुहोला त्यतीका बच्चाहरू बिच त्यो बच्चालाई । फेरि मनमा अर्को सोच पनि आइरहेको थियो, म कुन चैं आधारमा त्यहाँ बच्चा छ भन्ने कुरामा यकीन गरेर त्यता गइरहेको थिएँ, त्यही एउटा रहस्यमय चिट्ठीको आधारमा ?

साँच्चै त्यो होटेलको फ्रन्ट अफिस म्यानेजर भनेर मलाई रूमको चाबी दिने को थियो होला है ? सारिका नै थिई त ?

म ९ बजेतिर अनाथ आश्रम पुगें । १६ जना बच्चाहरू रहेछन् त्यहाँ जसमध्ये पाँच जना छोरीहरू । मलाई सजिलो के भयो भने पाँचमध्ये चार जना छोरीहरू तीन वा चार वर्षका मात्र र एउटी चैं आठ वर्षकी । मेरो ध्यान त्यही आठ वर्षकी नानीतर्फ गयो ।

अगाडिका दुईवटा दाँतहरू झरेर थोती भएकी, केटाको जस्तै छोटो गरी कपाल काटेकी, हल्का काली वर्णकी, खिरिली र चञ्चले स्वभाव भएकी त्यो छोरीमा मलाई कता कता सारिकाको रूपको झल्को आएको हो कि जस्तो लाग्यो । मैले त्यहांको व्यवस्थापन हेर्ने एक जना महिलासँग भेटें र मैले लक्षित गरेकी छोरीको बारेमा सोधपुछ गरें। ती महिलाले भनिन्, "यो नानी यहाँ आउँदा पाँच वर्षकी थिई । एउटा गैर सरकारी संस्थाको माध्यमबाट उनी यहाँ आइपुगेकी हुन्। मैले सुने अनुसार आमा र छोरी मात्र थिए रे, आमालाई एकदिन एउटा अज्ञात बन्दुकधारीले गोली हानेर हत्या गरेछ, बाबुको टुंगो थिएन, यो नानी अनाथ र बेसहारा भए पछि कुनै तरिकाले यहाँ ल्याइएकि हुन् ।

मैले अधीर भएर सोधे, "कहाँ बस्दा रहेछन् त आमाछोरी, मेरो मतलब यो नानीलाई कहाँबाट ल्याएको रहेछ ?"

ती महिलाले भनिन्, "बुटवलबाट ।"

अब कुनै शंका रहेन । मैले जब त्यो नानीलाई बोलाएं र हेरें तिनको अनुहार कता कता मसँग पनि मिल्छ कि जस्तो लाग्यो । मैले भाव विभोर भएर सोधें, "तिम्रो नाम के हो छोरी ?" उनले छोटो जवाफ दिइन्, "आशा"। मैले अचानक सारिकाले हाँस्दै ठट्टा गरेको सम्झें, "छोरी भई भने त म आशा नाम राख्छु उसको, तपाईंको आकास नामबाट आ र मेरो नामबाट सा लिएर ।

ओहो, मेरी छोरी ! मैले उनलाई अंकमाल गरें, मेरो आँखा ढपक्क आँशुले ढाकिए ।

म एकदम उत्सुकता र चाखका साथ बुबाको डायरी पढिरहेकी थिएँ । मलाई थाहा नै थिएन, बुबा त मेरो कोठाको ढोकामा उभिएर मलाई हेरिरहनु भएको रहेछ । अचानक उहाँ बोल्दा म त तर्सिएँ पनि , "आशा, सुतेकी छैनौ ?"

मलाई केही बोल्न आएन, म जुरूक्क उठें, दगुर्दै गएँ र बुबालाई अंकमाल गरें। मेरा आँखाबाट आँशु झरिरहे । ♦♦♦

# शान्ति



✍ **कन्हैया प्रसाद यादव**

प्रत्येक व्यक्तिले कुनै डर, भय र त्रास विहिन वातावरणमा रही खुशीपूर्वक आफ्नो जीवनयापन गर्न सक्ने अवस्था वा स्थिती हो । राज्यद्वारा प्रत्येक मानिसलाई भयरहित वातावरणमा आफ्ना क्रियाकलापहरू निश्चिन्त भएर बिना अवरोध सञ्चालन गर्न सक्ने अवस्था निर्माण गर्नु र यस मार्गमा आउने बाधा, अड्चनहरूलाई हटाएर न्याय प्रदान गर्नु नै शान्ति हो । विकिपिडिया ईन्साईक्लोपेडियाका अनुसार "शान्ति र न्याय एक अर्कालाई चुम्बन गरिरहेका हुन्छन् । युद्ध विरोधी नीति र लडाई निर्मूल गर्ने सिद्धान्त शान्तिवाद हो । विवादलाई साम्य गर्ने माध्यम युद्ध हो भन्ने कुराको अस्विकार शान्तिवाद हो । युद्धबाट होईन शान्तिबाट समाधान निस्कन्छ र निकाल्नुपर्छ भन्ने कुरालाई यसले वकालत गर्दछ । "शान्तिको बाटोमा अनेक व्यवधानहरू रहेका हुन्छन्। यस्ता व्यवधानहरूमा स्वार्थीपना, अर्को व्यक्तिको भावनाको सम्मान नगर्नु, हेप्ने वा धम्क्याउने प्रवृत्ति, घमण्डिपना, रिसाहापन, आरिसे अरूलाई बेवास्ता गर्नु बदलाको भावना आदी कुराहरू पर्दछन् । अंग्रेजीमा Peace को अर्थ गम्भिर शान्त हुनु, आनन्द लिनु, शान्त गराउनु, शान्त हुनु, र आनन्द मग्न हुनु भनी पाँच वटा शब्दलाई मिलाएर शान्तिको अर्थ दिएको पाइन्छ । राज्यद्वारा प्रत्येक नागरिकलाई भयरहित वातावरणमा आफ्ना दैनिक क्रियाकलाप सञ्चालन गर्ने प्रत्याभूति दिलाइन्छ । मार्गमा आउने विभिन्न बाधा, व्यवधानबाट जनतालाई सुरक्षित गर्नु नै शान्ति हो । यो दण्डहिनताको विरूद्धको स्थिति हो । अशान्ति भएर हिंसा गर्ने माथी दण्डित गरी सामाजिक व्यवस्था र सुरक्षाको स्थिति उत्पन्न गर्नु नै शान्ति हो ।

वृहत अर्थमा शान्ति भनेको मानिसले आफ्ना अधिकारलाई कुनै किसिमको अवरोध र डर त्रास बिना वृहत सामाजिक न्यायका रूपमा प्रयोग गरिने अवस्था हो । शान्ति भनेको हिंसालाई रूपान्तरण गर्ने प्रक्रिया पनि

हो । नेपालमा वि.सं.२०५२ सालदेखि चल्दै आएको माओवादीको सशस्त्र संघर्षलाई शान्ति सम्झौताकै मार्फत अन्त गरिएको ज्वलन्त उदाहरण हामी नेपालीको सामु छर्लङ रहेको छ ।

द्वन्दको अवस्थामा जो हिंसान्मुख हुन्छन्, हिंसा विरोधी हुन्छन्, जो यी दुवैका बिचमा रहेका हुन्छन् तिनीहरूले शान्तिको कामना गरिरहेको हुन्छन् । तर यस्तो अवस्थामा शान्ति भनेको के हो भन्ने कुरा उनीहरू बिच समान दृष्टिकोण र धारणा रहेको पाइदैन । उनीहरूको शान्तिप्रतिको आ-आफ्नै किसिमको धारणा रहेको पाईन्छ । शान्तिको समयमा आत्मनिर्भरको अधिकार, मानव अधिकारको सम्मान, आधारभुत आवश्यकताको परिपुर्ती, आत्मसम्मान र शान्तिप्रतिको अविच्छिन सम्मानको सामाजिक अवस्था रहेको हुन्छ । तर द्वन्दकालमा यो स्थिती समाप्त हुन्छ र शान्ति पनि भाडिन पुग्दछ ।

महाभारतले शान्तिलाई युद्ध पछि गरिने व्यवस्थाबाट समाजमा कायम हुन जाने पूर्वस्थितीलाई शान्तिका रूपमा लिएको पाईन्छ । यसका लागि छुट्टै शान्ति पर्व भन्ने खण्ड नै छुट्याइएको छ । रामायणमा पनि लंका युद्ध पछि पुर्नस्थापित शान्तिलाई नै शान्तिको रूपमा लिइएको पाइन्छ । यसले राजनितीमा शान्ति भनेको आत्मिक शान्ति नभएर युद्ध, हिंसा, बल प्रयोग, डर र त्रासबाट मुक्त भइ स्वतन्त्र रूपमा र कानून अन्तर्गत जीवनयापन गर्न पाउने अवस्था नै शान्ति हो । मानव समाजको उन्नति र विकासका लागि शान्तिको आवश्यकता पर्दछ । मानवीय र भौतिक विकासका लागि पनि शान्तिको आवश्यकता पर्दछ । हिंसाको अनुपस्थिती नै शान्तिको अवस्था हो भन्ने कुरा बुझ्न सकिन्छ ।

शान्तिका दुई अवधारणाहरू रहेका छन् । यसमा सकारात्मक र नकारात्मक शान्ति रहेका छन् । नकारात्मक शान्ति भनेको हिंसात्मक बिमती र प्रत्यक्ष व्यक्तिगत हिंसाको अनुपस्थिती हो । युद्ध वा हिंसा रहित अवस्थालाई नकारात्मक शान्तिका रूपमा बुझिन्छ जुन जिवित शान्तिसँग विरोधाभासपूर्ण छ । जिवित शान्तिमा एउटा आदर्श समाजका लागि कल्पना गर्ने विश्वव्यापी सम्पूर्ण अधिकारहरू आर्थिक समुन्नति, पर्यावरणिय सन्तुलन एवम् अन्य आधारभुत तत्वहरू समावेश हुन्छन् ।

युद्ध विरोधी नीति र लडाई निर्मूल गर्ने शान्ति सम्बन्धी सिद्धान्तलाई नै शान्तिवाद भनिन्छ । विवादलाई साम्य पार्ने कुरा युद्ध हो भन्ने कुरालाई शान्तिवादले पूर्ण रूपमा ईन्कार गरेको

पाईन्छ । युद्धबाट होईन शान्तिबाट समाधान निस्कन्छ र निकाल्नुपर्छ भन्ने कुरालाई शान्तिवादले वकालत गर्ने गर्दछ । उदाहरणका लागि गान्धीवाद र क्वाकरवाद(Quakerism) लाई लिन सकिन्छ । विवादका विशेष प्रश्नहरूको हिंसक समाधानको यसले विरोध वा तिरस्कार गर्दछ र यो अवधारणा शान्तिवाद भन्दा केही फरक रहेको पाइन्छ । सन् १९३० मा हिटलर विरूद्ध बेलायत युद्धमा जादा विरोध गर्नेहरू धेरै जसो प्रशान्तवादी र थोरै चाहीं शान्तिवादी थिए ।

मानव सभ्यताको आदिकाल देखि नै द्वन्द र शान्तिका सम्बन्धमा अनेक खालका चिन्तनहरू भएका छन् । प्राचिन सामन्तकालमा द्वन्दको समाधान र शान्ति कायम गर्नको लागि शक्तिशाली राजा तथा राजाको आवश्यकताको सिद्धान्त प्रतिपादन भएको थियो । मनु, भिष्म, कौटिल्य वा वाल्मिकी जस्ता लेखकहरूले दण्डलाई शासनको शान्तिको आधार मानेका छन् । कमजोर शासन भएमा अततायीहरूले टाउको उठाउने र त्यसबेलामा कसैको जिउ धन तथा स्वास्नी मानिसको अस्मिता समेतमा खतरा पर्न सक्ने भनी शस्त्रलाई नै शान्तिको आधार बनाएका थिए । महाभारतमा गाई, बाह्रमण र स्वास्नी मानिसको रक्षाको लागि हतियार उठाउने र ज्यान दिएर भए पनि उनीहरूको रक्षा गर्नुपर्छ भन्ने मान्यता रहेको थियो । तर भगवान बुद्धले शान्ति कायम गर्नको लागि हृदय परिवर्तनको अहिंसात्मक सिद्धान्तलाई प्रतिपादन गरेका थिए । युनान तथा चीन, ईरानका प्राचिन चिन्तनमा पनि शक्तिशाली सेनालाई महत्व दिएको पाईन्छ । कानूनी शासनको आधार दण्ड हुने मानिएको थियो । गीतामा दुष्टहरूको संघार गर्न स्वयम् भगवानले नै अवतार लिएको कुरा उल्लेख गरिएको पाइन्छ । औधोगिक क्रान्तिले युरोपमा नयाँ किसिमका द्वन्दहरू र युद्धहरूको बढ्दो विनाशक प्रवृत्तिले गर्दा शान्तिका लागि अनेक खालका सिद्धान्तहरू प्रतिपादन भएका थिए ।

अति विनाशकारी र जटिल प्रकृतीका हातहतियारहरूको तिव्र विकासको दौडले अहिले उत्पादन भएका हतियारहरू भोली प्रयोग हुने डर बढिरहेको छ । आतङ्कको स्वघोषित सन्तुलनका कारण अहिले आणविक युद्धको सम्भावना न्युन देखिए पनि असम्भव भने छैन । कुनै पनि बेला आणविक युद्ध हुन सक्ने प्रबल सम्भावना बारम्बार विभिन्न देशहरू बीच देखा नै परिरहेको अवस्था छ । वास्तवमा भविष्यमा अकल्पनिय युद्धको खतरनाक सम्भावना सधैं विद्यमान रहेको छ । केही हदसम्म युद्धको बढ्दो तयारी अवस्था वा मिसायल युगमा रहेका

हतियार बोक्ने वाहनहरूका कारण वा बढ्दै गएको बटम संख्याका कारण दुर्घटनावश गलत बटम थिचिएर, हरेक राष्ट्रमा तालिममा रहेको विविधता सुरक्षा व्यक्तिको अन्तर्राष्ट्रियता र सुरक्षा अभ्यासको कारण र खास गरी स्वतन्त्र रूपमा भइरहेको आणविक हतियारको प्रसार यसको प्रमुख कारण हुनसक्ने प्रबल सम्भावना रहेको छ ।

कल्पनाको कमीका कारण राज्यहरू बारम्बार युद्धमा होमिइरहन्छ भन्ने शान्तिपूर्ण समाधान चौथो हामपोथेसिस हो । कुईनिस राईटले युद्धको अध्ययनमा भनेका छन् आधुनिक सभ्यतामा युद्ध बिचारविहिन तर्क र परिणामको लेखाजोखाबिनाको चाहनाको कारण हुने गर्दछ । यस्तो अवस्थामा तटस्थ रहेका राज्यले उपाय र शान्तिको संरक्षणका लागि अस्वीकार गर्न नसकिने परिणामको लेखाजोखा उपलब्ध गराउनु पर्दछ । शान्तिपूर्ण समाधानको परम्परागत सिद्धान्तले स्वार्थी र सन्की नेताको अनुतरदायी कामको परिणाम पनि युद्धको कारण बन्न सक्दछ । त्यस्तै महान विद्वान कान्टले स्थायी शान्तिमा भनेका छन् शासकले युद्धबाट थौरै पनि गुमाउँदैन, उ आफ्नो टेबल, खेल वा आफ्नो मन पर्ने महल र उत्सवमा गइरहेको हुन्छ र उसले सामान्य कारणमा पनि उत्सव वा पार्टी जस्तो युद्धको घोषणा गर्दछ ।

मार्कसदेखि विल्सनसम्मका लेखकहरूले राजा, तानाशाह, कुटनितिज्ञ, सैन्यवादी, व्यापारी र हतियार उत्पादक आदिलाई उनीहरूको तुच्छ स्वार्थका लागि निर्दोष जनतालाई आमसंहारतर्फ अग्रसर गराउने गरेको आक्षेप लगाएको पाइन्छ । विश्वव्यापी लोकतान्त्रिक मूल्य मान्यता वा समाजवादको स्थापना गरी शान्ति र युद्धको प्रश्नबारे जनतालाई नै निर्णय गर्न दिने भन्ने उपाय सबै भन्दा अस्पष्ट र धुमिल खालको उपाय हो । जनता र गरिखाने वर्गले राज्यबीचको विवाद समाधानका लागि स्वभाविक रूपमा पनि शान्तिपूर्ण समाधानलाई नै मन पराउछ । यद्यपि शान्तिपूर्ण समाधान मात्र वर्तमान आधुनिक अन्तर्राष्ट्रियका लागि पर्याप्त छ । शान्ति तथा शान्तिको खोज कुनै नयाँ विषय होईन । दाते, हयुग्रो, सेन्ट पियरे, रूसो, केन्ट तथा टिएच जस्ता विद्धानहरूले संसारमा सदैव शान्ति कायम गर्नका लागि चिन्तनहरू गरेका थिए । वर्तमान अवस्थामा यो निरन्तर शान्तिका विचारकका पक्षधरहरूले युद्धको स्थायी समाप्तीको पुरानो बिचारबाट स्थायी शान्तिको वैज्ञानिक सिद्धान्तको निर्माण गर्न सकिन्छ भन्ने विश्वास गरी यसलाई समर्थन गरेको देखिन्छ ।

दोस्रो विश्वयुद्ध पछी शान्ति आन्दोलन तिव्ररूपमा अगाडि बढेको

थियो । दोस्रो विश्वयुद्धको महासंघारले गर्दा युद्धविरोधी र शान्तिको पक्षमा आन्दोलन बढ्न पुगेको हो । अलबर्ट आइन्सटाइन जस्ता महान वैज्ञानिकहरूले सन् १९४५ मा क्यामब्रिज तथा विश्व भरिका वैज्ञानिकहरूको अशान्ति तथा अभुतपूर्व तनावको सो समय यी वैज्ञानिकहरूले क्षोप व्यक्त गरेका थिए । यसपछि बर्टान र रसेल जस्ता महान गणितिज्ञ र दार्शनिकहरूले सन् १९५५ मा शान्तिपूर्ण समाधानको लागि एक प्रस्ताव तयार गरेका थिए । विभिन्न समयमा शान्तिको लागि विभिन्न कोणबाट प्रयास भएको नै देखिन्छ । सोही प्रयासको फलस्वरूप विश्वमा शान्तिको स्थिती देखिएको छ । शान्तिको स्थिती हुँदाहुँदै पनि कहिलेकाहीँ विश्व समुदायका कारण अशान्ति सिर्जना पनि हुने गरेको पाईन्छ । नेपालमा शान्ति आन्दोलन खास गरी पञ्चायतकालमा मानव अधिकारको आन्दोलनको रूपमा शुरू भएता पनि बहुदलिय व्यवस्थाको स्थापना पछि खुलेका अनेक संगठनहरूले हिंसा र हत्याका विरूद्धमा आन्दोलन मार्फत आवाज उठाएको पाईन्छ । वि.सं. २०५२ सालमा माओवादी सशस्त्र संघर्ष शुरू भएपछि न्यायपूर्ण शान्तिका लागि नागरिक समाजबाट विभिन्न किसिमका शान्ति अभियानहरू सुरू भएको यथार्थ हाम्रो सामु रहेको छ । यो अभियानमा युद्ध नदोहिरिने गरी प्रत्याभुत गर्न, मानवअधिकारको संरक्षण गर्न र वार्तामा दबाब सिर्जना गरि शान्तिलाई संस्थागत गर्न विभिन्न पहलहरू भएको थियो ।

प्रत्यक्ष वा भौतिक तथा अप्रत्यक्ष वा संरचनागत र सांस्कृतिक सबै प्रकारका हिंसाको अनुपस्थिती र सामाजिक संलग्नता र न्यायको उपस्थिती भएको अवस्था शान्ति हो । शान्तिका लागि रक्तपात, काटमार वा हिंसा नहुनु मात्रको अनुपस्थित नभएर शान्तिका लागि संरचनागत र सांस्कृतिक हिंसाको अन्त्य हुनुपर्दछ । साथै सामाजिक न्यायको प्रत्याभूतिले शान्ति हुन सक्दछ । सामाजिक न्यायले संरचनागत वा अप्रत्यक्ष हिंसाहरू मौलाउन दिदैनन् । शान्ति शिक्षाको व्यवस्था र नेतृत्वको भूमिकाले स्थायी शान्ति निर्माणमा सहयोग पुग्दछ । शान्तिका स्थापनाको लागि कार्यकारण सम्बन्ध थाहा पाई यसका कारणहरूलाई उन्मूलन गरेमा नै शान्तिको संस्कृति निर्माण भई स्थायी शान्ति हुने भएकोले यस तर्फ प्रयत्न गर्न जरूरी रहेको छ । अहिले पूरा विश्व समुदाय नै कोरोना भाइरसको विनाशकारी महामारीले अशान्त हुन पुगेको अवस्था रहेको छ । यसबाट विश्व समुदायले कसरी शान्ति पाउन सकिन्छ भन्ने खोज भईरहेको छ ।◆◆

लघुकथा

# सुनको सिक्री

नयाँ विषयवस्तु खोज्ने ध्येयले एक जना साहित्यकार दुर्गम भेगमा गए । त्यहाँ तामाङको बाहुल्यता भएको एउटा बस्ती पाए । बस्तीमा नगन्य मात्रामा बाहुनको बसोबास थियो । एक दिन उनले अचम्मको घटना देखे । एउटा बाहुनले अर्को तामाङ बुढालाई होच्याएर बोल्दा रहेछन् । देख्नासाथ भन्दा रहेछन्- "ओ भोटे के छ ?"

निरीह तामाङ बुढा जवाफ दिंदा रहेछन्- "ठीकै छ बाजे ।"

बाहुनः "जवान छोरोलाई खाडी पठाइहालिस् । अब दुख गरेर बस्न मोरो ।" तामाङ बुढोः के गर्नु बाजे, दुःखियाको कर्मैमा यस्तो ।"

ती दुई बीच सधैं भेट हुनासाथ यस्तो संवाद हुंदोरहेछ । त्यो दृश्य रोचक लागेर साहित्यकार महोदयले रूखमा छेलिएर सधैं हेर्न थाले । एक दिन ती तामाङ बुढाको छोरो स्वदेश फर्कियो । विदेशबाट धन मनग्गे कमाएर ल्याएको थियो । केही उपहार बुबालाई दिएर खुशी पार्‍यो । गाउँमा डुल्न जाँदा अर्को दिन तिनै बाहुनसँग भेट भयो । बाहुनले देख्नासाथ प्रश्न गरी हाले ।

"के हो भोटे, के छ ? विदेशबाट छोरा फर्किएको भन्ने हल्ला सुनेको थिएँ । छोरोले के ल्याइदियो ?"



✍ **रामकुमार पण्डित क्षेत्री**

घाँटीको कमिच सारेर तामाङले सिक्री देखाउँदै भनेः "यी पाँच तोलाको सिक्री लेरायो ।"

बाहुनः "नक्कली सुनजस्तै छ गाँठे ।" तामाङ बुढाः "सक्कली नै हो बाजे ।"

बाहुन छक्कै परे । विश्वासै नलागे जसरी एक चोटी जिब्रो काटे । त्यसपछि फर्किफर्की हेर्दै बाटो लागे । अर्को दिन फेरि उनीहरूको भेट भयो । बाहुनले भने- "ओ हो आस्याङ ! सञ्चै छ ? के छ नयाँ खबर ?"

तामाङ बुढाः "सञ्चै छ बाजे । नयाँ खबर के भन्नु र ? सरकारले यो गाउँमा सडक बनाइदिए देखि मेरो छोरोले गाडी ल्याउँछु भन्थ्यो ।"

बुढाको कुरा सुनेर बाहुन छक्कै परे । एक पटक जिब्रो टोकेर ती तामाङलाई आदरभाव प्रकट गर्दै हिंड्दा

फुसफुसाए: "कुनै दिन काम लाग्छ यो बुढो ।"अर्को दिन फेरि ती दुईको भेट भयो । देख्नासाथ बाहुनले दुई हात ठड्याएर नमस्कार गर्दै भने "सन्चै छ आस्याङ ?" बुढाले आफ्नो पुरानै पारामा जवाफ फर्काए "सन्चै छ बाजे ।"

त्यसपछि अरू संवाद नगरी उनीहरू छुट्टिए । रूखमा छेलिएर यी सबै दृश्य देखिरहेकाले मनमनै भने "ओ हो, ती तामाङ बुढा पहिले जस्तो थिए, अहिले नि उस्तै छन् । फगत् गलाको सुनको सिक्री फरक हो । यत्तिको लागि ती बाहुन त नमस्कारै पो गर्न थाले । चोरचार गरेर भए पनि एउटा किताब लेखेको भरमा प्राज्ञ भएपछि साहित्यका हस्तीहरूले तिनलाई सम्मान गरेको भन्दा त के फरक भयो र यो । कठै, मेरो नयाँ विषयवस्तु ।"

**कविता**

## रक्षार्थ तिम्रो बालीको



✍ **भावना सापकोटा**

तिमीले नै बनाएर राखेका हौ मलाई
रक्षार्थ तिम्रो बालीको
भर्खरै किनेर ल्याएको ब्रान्डेड पहिरनमा
सजायौ आफ्नो शरीर
लगाइदियौ ठाउँठाउँमा च्यातेको
दागैदाग लागेर
तिम्रो इज्जत जोगाउन नसकेको
सेतो सर्ट मेरो शरीरमा
के के श्रृङ्गारमा सजाइदियौ
र उभ्याइदियौ ठिङ्ग एउटा आलिको छेउमा
प्राण विहीन मेरो देहलाई
प्राण भरिएको तिमी हिंड्छौ हिँडिरहन्छौ
दिनदिन भर बेफिक्री
चर्को घाममा जोगाउँछौ छातामा आफूलाई
दर्के पानीमा ओतिन्छौ वर्षादी लगाएर
जाडोमा न्यानो दिन्छौ आफ्नो
शरीरभर बख्खु भिरेर
भोक लागेमा भर पेट खान्छौ बेफिक्री
थाकेमा बिसाइदिन्छौ शीतल
चौतारामाथि शरीर
उभिँदा उभिँदा गोडा गलेमा
बसिदिन्छौ थ्याच्च र
सुस्ताउँछौ लामो सुस्केरा
तिम्रो बालीको सुरक्षा कवज म
जोगाइदिन्छु अन्न पन्छीहरूबाट
दिनरात मान्छे हुनुको भ्रम पालेर
झुक्याइ राख्छु अबोध पन्छीहरूलाई
घाम र पानी, जाडो र गर्मी,
भोक र तिर्खा केही केही नभनी
उभिदिन्छु दिनदिन भर
उभिदिन्छु रातरात भर
डिउटीफुल भएर
तिमी मानव प्राण भएर पनि
प्राणविहीन मजस्तै भएको देख्दा
लाग्छ तिम्रो प्राण भरेर आफूमा
उभ्याइदिउँ आलीको छेउमा तिमीलाई
र निकालूँ एउटा विद्रोही आवाज आफूबाट ।।

कथा

# रित्तो घर



✍ नन्दलाल आचार्य

"हजुर, जे होस्, यहीं केही गरौंला ! चाँडै फर्कनुहोस् !" एकपटक अमेरिकाले मनको उहापोह पोख्तै फोन वार्तामा भनेकी थिई, "हजुरबिना म यहाँ पानी बाहिरको माछो भएकी छु । हरेक रात आँसुले सिरानी भिजाउँछु ।" धन सुखका लागि हो, मनमा अमन चयन छैन भने त्यो धनको काम छैन भन्ने मत राख्थी । हरेक दिन परपर हिंड्दै गरेका मान्छेमा मेरै आकृति भेटेको कुरा गर्थी । भन्थी, "आँखामिच्दै नियालेर हेर्दा पुरूषको आकृतिमा अर्कै मान्छे पाउँछु । हुस्सिँदा आफ्नै गालामा फ्याट्ट हान्छु र चित्त बुझाउने असफल प्रयत्न गरिरहन्छु ।"

उसको कुरा सकिन्नथ्यो । एकोहोरो अतिशयोक्तिपूर्ण कुराहरू बरबराइरहन्थी । म नै निर्दयी मन बनाएर झपार्न खोज्थें । ऊ फोनमै सुक्क सुक्क गरेर रून थाल्दथी । उसको रूवाइमा म कृतिमता पाउदिनथें । मेरो मन पनि पग्लन्थ्यो। उसप्रति सहानुभूति जाग्न थाल्थ्यो ।

"लाटी, बेकारमा किन चिन्ता लिन्छ्यौ ? बेलाबेलामा गफ गरेकै छु । हालखबर आदान प्रदान भएकै छ । कमाएको पैसो सबै पठाएकै छु । त्यसमाथि तिमीलाई साथीका रूपमा छोरो अजयलाई छाडिदिएकै छु ।" म सम्झाउँदै थप्थें, "तिम्रै लागि भनेर उसलाई बोर्डस् गरिदिइनँ । मन बुझाउने आधार नगुमोस् भनेर छाडिदिएको छु । घरमा बस्ने रहर नभएको हैन, ऋणले घरबास उठ्न थाल्यो र पो विदेश भासिएको हुँ ।"

मेरा कुराले उसको चित्त बुझ्दैनथ्यो । बोली सुन्न पाए पनि मुहार हेर्न पाइनँ भन्ने गुनासो हुन्थ्यो । खर्च नगरी धर नहुने काममा मात्रै खर्च गरेर अरू सबै रुपियाँ बैंकमा मुद्धती खातामा राखेको कुरा सुनाउँथी । छोरालाई ट्युशन पढाउन कसलाई लगाउनू, बिग्रिन लाग्यो भन्थी । घर व्यवहारका सारा खबरहरू एकपछि अर्को गर्दै सुनाउँदै जान्थी । भनौं मेरा

सामु समस्याको पहाड ठड्याएर मात्र रूक्थी ।

मेरै सल्लाहले तल्लाघरे रामपुकार बौवा अजयलाई पढाउन घरमा आउन थाल्यो । ऊ गाउँकै पढेलेखेको ठिटो थियो । बिहान बेलुका घरघर गएर बच्चाहरूलाई पढाउँथ्यो । दिउँसो नजिकैको महावीर मा.वि. हनुमाननगरमा निजी स्रोत शिक्षकको रूपमा काम गर्थ्यो । ऊ सबैको प्यारो थियो । सबैले 'बौवा' भन्थे । म भने नाम सहित उच्चारण गरेर भन्थे– रामपुकार बौवा ।

अजयले पनि दिन प्रतिदिन प्रगति गर्दै गएको खबरले मेरो मन तृप्त भयो । अझ फोनमा अघाउँजी कुरा गर्न पाइनँ भन्ने अमेरिकाको गुनासोलाई सम्बोधन गर्न महंगो सामसुङ मोबाइल पठाइदिएँ । त्यही मोबाइलले रामपुकारले आमा छोराको फोटो खिचेर फेसबुकमा हालेछ । धेरै दिनपछि देखेर हो कि किन हो, फोटामा आमा छोरा ज्यादै सुन्दर थिए । राम्रो क्यामेरा भएको मोवाइलले नराम्रा अनुहार भएका मान्छेलाई पनि राम्रै देखाउँछ भनेको सुनेको थिएँ । त्यस्तै हो कि भन्ने शंका लाग्यो ।

"ए बौवा, भाउजूलाई फेसबुक, म्यासेन्जर, भाइबर चलाउन सिकाइदेऊ है ! तिमी छोराको मात्रै हैन, आमाको पनि गुरू बन, ल !" मैले हाँस्दै फोनमा रामपुकारसँग भनेको थिएँ, "एक पटक म्यासेन्जरबाट भिडियो कल गरेर भाउजूलाई देखाई देऊ न ! त्यसपछि ऊ आफैं जान्न र बुझ्न खोज्ली ।"

नभन्दै उसले कुरा गरायो । अमेरिका साँच्चैकी सुन्दर स्त्री लाग्थी । मेरो मनले त ठम्यायो– ऊ ठ्याक्कै रानीमुखर्जी भइछ ! अजय पनि राजकुमार भन्दा कम्ताको लागेन । घर परिवारका अन्य कुराहरू पनि हेर्ने मौका पाइयो । करेसाबारी सागपात र लति लहराले ढाकिएको थियो । खेतबारीमा मकै हलक्क बढेका थिए । गोठमा गाईभैंसी, बाख्रापाठा सप्रेका देखिन्थे । आफू नहुँदा पनि पत्नीले सारा तारतम्य मिलाएको देख्ता मन पुलकित भयो ।

"अमेरिका, तिमीले त जादु नै गरिछ्यौ, सबै कुरा सिस्टमेटिक देखें ।" मैले खुशीका शब्द ओकलेथें, "म नभए पनि तिमीले परिवारको जहाज डुब्न नदिने रहिछ्यौ । अब भने म ढुक्कले रहन पाउने भएँ ।"

"धेरै खुशी नहुनुस् ! सबै कुरा आँखाले देखेको र मनले सम्झेजस्तो हुन्न ।" उसले भनेकी थिई, "हरेक कुरामा शंका गर्ने ठाउँ छ । सीता जस्ती पतिव्रता नारीमाथि त शंका गरियो । यो कलियुग त शंकैशंकाले बनेको छ । यहाँ त आफैं माथि आफैंले शंका गर्नु परेको छ ।"

उसको दार्शनिक सोच सुनेर र अनुहारका गम्भीर भाव पढेर मेरो मन फतक्क गल्यो । जाँगर हराएर गयो । किन त्यस्तो भनेकी भनेर प्रश्न सोध्ने हिम्मत पनि भएन । साँच्चै अब आफैंमाथि अविश्वासी नजरले हेर्ने दिन आयो त ? निकैबेर मन त्यसैमा गडिरह्यो ।

वर्षेनी आएको त्रियुगा र सप्तकोशीको भेलले खेतमा बालुवाको पहाड ठड्याइदिन्थ्यो । खाँडो नदी घरभित्रै पस्थ्यो । मावलीमा भएको सात कठ्ठा खेत पनि बलान नदीको चपेटामा पऱ्यो । खेतबारीमा केही पनि उब्जन छाड्यो । हिउँदमा त बालुवाकै राशमा भए पनि आरामले रात कटिन्थ्यो । वर्षायाम लागेपछि भने त्यही कटेरो पनि छाडेर सरकारी स्कूलतिर रात कटाउन जानुपर्थ्यो ।

अधियाँबटिया गर्दागर्दा हैरान भइन्थ्यो । वर्षभरि खानलाउन नै पुग्दैनथ्यो । साहू कहाँ ऋण काढ्यो । चर्को ब्याज तिर्दा तिर्दा ढाड सेकिन्थ्यो । बरू यसै भएन, उसै भएन भनेर रामी मडर कहाँ घरखेत बन्धकीमा राखी विदेश पसेको हुँ ।

सप्तरीको भारदह क्षेत्रमा जन्मि हुर्की गरेको भएपनि कतारको जस्तो तातो बाफ र गर्मी कहिल्यै खाएको थिइनँ । सप्तकोशीको पानीलाई स्पर्श गर्दै आएको हावाले आँतशितल पार्थ्यो । बेलुकी पख हिमालको चिसो सिधैं आँगनमा आइपुगेको अनुभूति हुन्थ्यो । सानो छँदा आमा बुबाको काख र साथ कहिल्यै छाडिएन । अलिक ठूलो भएपछि साथीहरूसँग लागेर कहिले राजविराज, कहिले कञ्चनपुर त कहिले भारदह पुगेर हिन्दीसिनेमा हेरिन्थ्यो । अलिक ठूलो भएपछि भने सामान किन्न कुनौली र वीरपुर बजार पुगिन्थ्यो ।

मधेस आन्दोलनको दौडानमा ५/६ महिना देश ठप्प हुँदा सामान किन्न र बैंकबाट भारू निकाल्न बाइकमा दरभंगा– समस्तीपुरसम्म पुगेको थिएँ । त्यसबेला डिजेल र पेट्रोलको व्यापार गरेर मनग्यै कमाइयो । तरकारी ओसारेर पनि खान लाउन पुग्थ्यो ।

हामी जस्ता निर्धाले बाँच्ने आधार भेटेका थियौं । यद्यपि दुःख पाउने धेरै थिए । पूरै मुलुक रोएको थियो ।

हडताल टुट्नासाथ असहज स्थिति हटेर गयो । हाम्रो रोजीरोटी पनि गुम्यो । घरपरित्याग नगरी स्वास्नी–छोरो पाल्न नसकिने अवस्था आयो । त्यसैले मन उत्तै छाडेर शरीरमात्र लिएर यता आएको हुँ । छोरो आँखामा नाचिरहेको छ । मनले अमेरिकाको कोमल मुस्कान सुम्सुम्याइरहेको छ । साँझ बिहान चोकका पाटीपौवा र चिया पान पसलहरूमा गफिने गाउँले मित्रहरूको ख्याल ठट्टा कानमै

गुन्जिरहेको छ ।

मोबाइलको घन्टी बज्नासाथ मेरो तन्द्रा भंग भयो ।

अमेरिकाको अडियो कल रहेछ । मन उत्साहित भयो । झटपट ओके बटममा औंला पुगिहाले ।

"हेलो अमेरिका !"

"हजुर, कुशलमंगल हुनुहुन्छ नि !"

"मलाई त ठीक छ, छोरालाई कस्तो छ ? घर-व्यवहार कस्तो छ ? गाउँघरको नयाँ-नौलो के छ ?"

"सबै ठीकै छ ।" उसले थोरैमा सबैको उत्तर दिने हिसाबले भनेकी थिई, "कतै कुनै नौलो परिवर्तन भएको मेरा आँखाले देखेकी छैन । पहिलेझैं अहिले पनि गाउँघर चलिरहेछ ।"

"अनि अरू खास केहीभन्नु छ कि ?" मैले फोन काट्ने मनसायले भनेथैं, "ड्युटीमा जाने बेलाभयो । तयारी गर्नुपर्ने छ । जे छ चाँडो भन ।"

"भन्छु, भन्छु । एक्कै छिन समय दिनुस् । तर..." उसले अक्मकाउँदै भनेकी थिई, "तपाईंसँग सल्लाहै नगरी छोरालाई विराटनगरमा बोर्डस् गरिदिएँ । यहाँ भविष्य बिग्रिने भयो। खर्च त धेरै लाग्यो ।"

"धन्दा नमान, जसो गर्दा उत्तम हुन्छ उसै गर !" मैले पूर्ण अधिकार दिएको आभाष दिलाउँदै भनेको थिएँ, "तिमीले राम्रो बाहेक अर्थोक काम गर्न जानेकी छैनौ । राम्रो गर्न मलाई अग्रिम सोधि राख्न पर्दैन । मात्र यसो गरें, उसो गर्दिनुस् भनिदिए पुग्छ ।"

मेरा कुराले ऊ निक्कै खुशी भएकी थिई। मलाई पनि उसको आनन्द आफ्नै आनन्द लागेको थियो । हुन पनि सारा दुःख आमाछोराकै लागि गरेको थिएँ । छोराकी आमाको नरम र मधुर बोलीमा विश्वास नगर्ने कुरै आएन ।

फोनवार्ताको अन्त्यतिर भनेकी थिई, "बैंकमा राखेको पैसा उठाएर रिन तिरें । ब्याज कत्ति तिर्नु भनेर । बोर्डस् गर्दा फेरि रिन लाग्यो । चाँडै पैसा पठाइदिनू ।"

"हुन्छ, हुन्छ ! धन्दा नमान । म हप्ता दिन भित्रमा साथीभाइसँग रिनपान गरेर दुई लाख पठाउँछु । सबै कुरा व्यवस्थित गर ।" सर्वस्विकार्य भावमा मैले पनि भनेथैं, "र, अर्को पटक भिडियो कल गरेर घरबार देखाऊ । गाउँघर घुमाऊ, हुन्छ ?"

यस्तै यस्तै कुरा गरेथैं त्यसबेला । तीन दिनमै रुपियाँ पठाएर भिडियो कल गरें । उसले शृङ्गारपटार गरेकी थिई । पहिलाकी भन्दा अझ सुन्दर लाग्थी । मलाई उसको मुहार हेरिरहूँ, उसैसँग वातचित गरिरहूँ लाग्यो । यद्यपि मनको कुरामात्र थियो । व्यवहारले त्यसो गर्न अनुमति दिँदैनथ्यो ।

मैले टिपाएको नम्बर टिपी ।

र, मोबाइल काट्न हतार गर्न थाली । मैले घरबार देखाउन भनें, उसले झर्को मानी ।

उसले सुन्दर मुहार कुच्याउँदै भनी, "के देखाउनू ! मरिमरी काम गऱ्यो । वर्षायामको भेलले बालुवा थुपारी दिन्छ । तपाईंको अंश यस्तै छ । छोराको चिन्ता गर्दागर्दै र खेत समाल्दा समाल्दै करेसाबारी नाङ्गै छ ।"

गाह्रो मानी मानी कन उसले करेसाबारी घुमाई । सागपात, लति लहराले ढाकिने बारीमा राजकुमार बनियाका खच्चडहरू पगाहा लगाएको देखें । आँगन छेउ छाउ पनि बढार कुँढार नगरेको निर्जन ठाउँजस्तो देखें ।

खेततिर समेत मोबाइलको क्यामेरा सोझ्याउन लगाएँ । बाली नाली हुने ठाउँमा लगाएको थियो । मन राख्ने ठाउँ भेट्टाएँ । खेतमा काम गर्दा गर्दा करेसाबारी समाल्न भ्याइन होला भनेर चित्त बुझाउने प्रयत्न गरें । तापनि सोधें, "धानखेत त ठीकै लाग्यो । करेसाबारी र घर आँगनको दुर्दशा देख्दा आँखा रसाएर आए । के भन्छ्यौ, अमेरिका ?"

"के भन्नू मैले ! मर्दले गर्ने काम गरेकी छु । आइमाईले गर्ने काम छाडेकी छु । दुइटै काम एउटैले गर्न सकिएन ।" उसले झिँजो मान्दै थपेकी थिई, "धन्दा नमान्नुस् । पैसो चाहिँ पठाउँदै गर्नुस् । म यहाँ सबै कुरो सिस्टममा राख्दै जान्छु । सानातिना कुरामा किच किच नगर्नु के !"

उसले राख्छु पनि नभनी मोबाइल राखिदिई । म सोचमा परें- श्रृङ्गारमा चासो नराख्ने मान्छे, त्यता लहसिन थालिछे । चाँडो घर फर्किनुस् भनेर हर्दम जिद्दी गरिरहने बानीलाई फेरेर चाँडो पैसा पठाउनुस् भन्ने भइछे । केही नगरी एकै क्षण नबस्ने बानीलाई आर्यघाट पुऱ्याएर घर आँगन नै मान्छेबिनाको जस्तो पारिछे । घण्टौं रसिला कुरा गरेर नथाक्ने अमेरिका चाँडै फोन काट्ने भइछे । अझ बोल्न पनि पैसा परेजस्तो कन्जुस्याइँ गर्दी रहिछे ।

मेरो मनमा शंकाको आगो दन्कन थाल्दछ र आफैं सेलाएर जान्छ । गाउँका अरू कसैसँग बोलबाल गर्न सम्पर्क सूत्र नै थाहा थिएन । सबै आ-आफ्नै धुनमा थिए । सोझा सिधा गाउँलेहरूलाई अरूको सोधीखोजी गरेर समाचार देश विदेश पुऱ्याउने फुर्सद पनि थिएन । ज्ञान पनि भएन । दुई-चार अक्षर पढेको म त कसैको चासो राख्तिनँ ।

सोच्छु, जे भएपनि अमेरिका अजयकी आमा हो । आमाले छोराको भविष्य माथि प्रश्न चिन्ह लगाउन सक्तैनन् । म निर्दोष मान्छेमाथि

बिनाकारण बज्रपात बर्साउन सक्तैन। आजसम्म मैले कसैको बिगार गरेको छैन, तसर्थ कसैले पनि मेरो बिगार गर्न सक्तैन ।

अनायास मित्रजनका कुरामा गएर मन अडिन पुग्छ ।

"भाउजू कस्ती स्वभावकी छिन्, कुन्नि ! हेक्का राख्तै गर मित्र ! नत्र बेघर बनौला ।" उसले खबरदारीको स्वरसमेत निकाल्न भ्याएको थियो, "विदेशमा पति कमाउने, पत्नी स्वदेशमै मस्तीमा उडाउने ! यस्तो हालतमा नेपाल/भारतका कैयौं युवाहरू परेका छन् । त्यसैले विश्वासलाई पनि अविश्वासी नजरले हेर्न सक्नुपर्छ ।"

मैले जवाफमा भनेथें, "के भन्छौ हौ, मित्र ! बरू खोजिमेली गर्दै जाँदा सति सावित्री र जानकीमाताको पतिव्रतामा प्रश्न चिन्ह लगाउन सकिएला । मेरी अमेरिकाको निश्चल आदर्श प्रेममा प्रश्न राख्ने ठाउँ नै छैन ।"

"एक त हाम्रो सामाजिक सांस्कृतिक परम्पराले पतिलाई नै परमेश्वर मान्नुपर्छ भन्ने संस्कार सारा स्त्री जातिलाई दिएको छ, अर्कातिर केवल एक पत्नी हुनुपर्छ भनेर पुरूषहरूलाई पाठ पढाएको छ ।" मैले समाजका आदर्शहरू ओकल्दै भनेको थिएँ, "मेरी अमेरिका शिक्षित छे, सुसंस्कृत छे, मलाई नै पाठ सिकाउँछे, मैले कसरी शंका गर्नू ?"

"अन्धो नबन हौ, मित्र । विश्वासमै अविश्वासले जन्म लिन्छ । अविश्वास भित्र विश्वासको बीज अङ्कुराउन सक्दैन ।" मेरा कुरा काट्दै उसले पनि भनेथ्यो, "एक पटकको विश्वास, समय बित्दै जाँदा अविश्वासमा परिणत हुन सक्छ । तसर्थ सुझबुझ राखेर काम गर्नु नै बुद्धिमानी हुन्छ ।"

त्यसबेला मलाई उसका कुरा बिझाएका थिए । पति पत्नीबीचको गाढा सम्बन्धलाई भत्काउन जताततै मानिसहरू सक्रिय हुँदा रहेछन् भनेर म रिसाएको पनि थिएँ । उसका हरेक शब्दले मलाई नै गिज्याए जस्तै लाग्थ्यो ।

निकै दिनसम्म ऊसँग मन खोलेर कुरा गरिनँ ।

मैले घर आइपुग्ने तिथि मिति अमेरिकालाई बताएको थिएँ । उसले पनि बाटो खर्च राखेर कमाए जति सबै पैसा पठाइ दिन आग्रह गरेकी थिई ।

"बाटोमा हराउन सक्छ, चोरिन सक्छ, पसिनाको कमाइ कसैले ठग्न सक्छन् । बरू म कहाँ पठाए, काममा आउँथ्यो । आज भए पनि भोलि भए पनि म कहाँ नै आउने त हो नि !" उसको कथन थियो, "चाँडो आए, साहूलाई बुझाउन हुन्थ्यो, ब्याज पनि कट्थ्यो । जरिवानाबाट पनि बँचिन्थ्यो ।"

उसको नम्रपनमा मोहनी थियो । उसकै कुरामा लागेर मैले सबै पैसा पठाएको थिएँ । विश्वास पनि कसरी नगर्नु र ! धर्मपत्नीलाई अविश्वासले हेरेर कसलाई विश्वासी नजरले हेर्नु र ?

अझ ऊ केही पैसा उबारेर विराटनगरमा घडेरी जोड्ने कुरा गर्थी । म पनि मख्ख परेको थिएँ- जे सोच्छे मेरी अमेरिका छोराकै हितका लागि सोच्छे । भविष्यप्रति यती संवेदनशील मान्छेमाथि म बेक्कारमा शंका गरिहिँड्छु । म आफैं नालायक छु र अरूलाई पनि त्यस्तै देख्छु ।

नभन्दै भनेकै दिन गाउँ पुगें । परैबाट घर ठिङ्ग उभिएको देखें । अमेरिकाको चाल चुल देखिनँ । पाइला अघि बढाउँदै गएँ । आँगनभरि झार उम्रिएको पाएँ । कलुवा मरिकका सुँगुर पसेर जुठेल्ना र करेसाबारी खनखान पारेको भेटें । छिमेकी शौकती मयाँका कुखुराहरू घरको छहारीमा शितल तापिरहेको देखें । छक्क पर्दै भऱ्याङ नजिकैको बेञ्चमा झोला झ्याम्टा बिसाएँ ।

माथितिर हेरेको भऱ्याङ माकुराको जालोले पुरिएको थियो । भऱ्याङको शिरमा घोप्टे लगाइएको थियो । वरपर सुनसान थियो । गुहाली तिर नजर लगाएँ । चार पाँच महिना अघि गोब्रयाएको गोबर सुकिसकेको थियो । बाख्राको टाट्नामा सिउरेको घाँस सुकेर घँसेटा मात्र झुण्डिएको थियो । घरभित्र मुसाका बच्चाहरू च्याँच्याँ र चुँचुँ गरिरहेका थिए । मानौं, ती भोकाएका हुँदा हुन्, आमाले दूध चुसाउन ढिलो गरेकी हुँदी हो ।

वरपर हेरेको बनर भुलावाली मौसी मेलाबाट आइरहेको देखें । उनी मेरी आमालाई 'दिदी' भन्थिन् । उनको माइत बनरझुला भन्ने ठाउँमा थियो । गाउँलेहरू 'बनरझुलावाली'भनेर बोलाउँथे । म भने उनलाई 'बनरभुलावाली मौसी' भन्थें । मलाई देखेर उनी आइन् ।

"हैन ए मौसी ! हिजै मात्र कुरा गरेकी अमेरिका आज त घरमा देख्दिनँ त !"

"खूब कुरा गऱ्यौ तिमीले ! अमेरिकाले घर छाडेको दुई महिना बितिसक्यो । खेतीपाती त्यागेको वर्ष दिन भइसक्यो । वस्तुभाउ र बाख्रापाठा बेचेको ६/७ महिना बितिसक्यो ।"

"विराटनगरको अरनिको स्कूलमा छोरालाई बोर्डस् गरिदिएकी छु भन्थी त ! यती विघ्न उपद्रो मच्चाएर कहाँ गइछे मोरी !" मैले मनको पोको खोल्दै भनेथें, "मेरो निर्दोष आँसुले त्यसलाई पिरोल्ने छ ।"

"सबै झुट हो । तिमीसँग ठाडै झुटो बोलिछे ।"

"अनि साँचो चाहिँ के हो त !" मैले मन समाल्दै सोधेथें, "मेरो

विश्वासको हत्या गर्ने हिम्मत नहुनु पर्ने हो ।"

"घर त खोलेर हेर, अनि थाहा पाउँछौ ।"

भऱ्याङ उक्लेर माथि चढ्न लाग्दा मुखैभरि माकुराको जालो लाग्यो । पन्छाउँदै अघि बढें । दैलोमा चुकुलमात्र लगाएको थियो । खोलेर हेरेको त, घर ह्वाङ्गै थियो । खाटमा थोत्रे कपडा थुप्रेका थिए । मकैका घोगाले भरिएका तीन वटा बोरा ठडिएका थिए । अलिक महंगो भाँडावर्तन केही थिएन । धानको भकारीतिर चियाएको मुसाका दर्जन जति बच्चामात्र यताउता दगुरेको देखिए । धानको एक दानो पनि थिएन ।

म पुर्पुरोमा हातलगाएर धुलाम्मे सिकुवामा थ्याच्चै बसें । भित्रैदेखि मन मरेर आयो । आँखासामु छोराको निर्दोष मुहार नाच्न आइपुग्यो । मित्र जनकको वाणी सम्झन पुगें । उसका शब्दशब्दले मलाई नै खबरदारी गरेका रहेछ भन्ने थाहा पाएर भुतुक्क भएँ । हरेक कुरामा विश्वास गरिहाल्ने आफ्नो बेहोसी बानीलाई धिकारें ।

तल फलेकमा बसेकी मौसी भन्दै गइन्- छोरालाई मामाघरमा लगेर सरकारी स्कूल हाल्देको वर्ष दिन बित्यो । भएको जग्गा जमिन सुधभरनामा आशाराम चौधरी, हरेराम यादव र तल्लाघरे अर्याल बाजेलाई दिएकी छे । के-कतिमा दिई उही जानोस् । मडर साहूको रिन त के ब्याज पनि तिरेकी छैन । खाली राम पुकार सँगसँगै रहन्थी । हामी जहिले पनि उसलाई यही सिकुवामा भेट्थ्यौं । कहिले भित्र जिस्किरहेको आवाज सुनिन्थ्यो, कहिले सिकुवामै हात हालाहाल समेत गर्थे । बानी बेहोरा पूरै परिवर्तन भएको थियो ।

"त्यो कता गई ? अहिले कहाँ छे ?" म सत्य कुरा छिटो जान्न खोज्छु, "नहिच्किचाईकन र अप्ठ्यारो नमानीकन बताउनुस् । मेरो जीवन उजाड भएको विवरण एक-एक सुनाउनुस् ।"

"के सुनाउनू, त्यसले घर छाडिछे । त्यसै दिनदेखि गाउँबाट रामपुकार पनि बेपत्ता छ । गाउँलेहरू त दुवैले मिलेर रतुवालाई थाङ्नामै सुताए भन्छन् । दैव जानून् ।" उठ्दै मौसी बोलिन्, "जे भयो, भई गयो । हाम्रा कहाँ आऊ । अरू छिमेकीसँग पनि कुरा बुझ ।"

उनी गइन् । म कतै पनिजान सकिनँ । कसैसँग थप कुरा बुझ्ने साहास पनि रहेन । मानिसहरू आए । आ-आफ्नो सुझबुझ अनुसारका कुरा सुनाए । कसैले यताजाऔं भने । कसैले उता घुमौं भने । म भने चुपचाप रित्तो घर रूडेर बसिरहें, बसिरहें । ♦♦♦

# गर्विलो इतिहास बोकेको नेपाल प्रहरी



✍ प्र.ज.उमेश अवस्थी

राज्यद्वारा निर्मित कानून कार्यान्वयन गर्न, नागरिकको जिउधनको रक्षा गर्न, समाजमा शान्ति सु-व्यवस्था कायम गर्नको लागि गठन भएको संस्था नै प्रहरी संगठन हो । अपराध नियन्त्रण गरी समाजमा शान्ति सुरक्षा, अमन चयन कायम र सफल अनुसन्धान गर्नु प्रहरीको मूल दायित्व हो । नेपाली शब्दकोषका अनुसार "प्रहरी भनेको प्रहर-प्रहरमा बदली आउने हो ।" अर्थात हरेक प्रहरमा पहरा दिएर नागरिकको जीउधनको सुरक्षा दिने भएकाले प्रहरी भनिएको हो। Police शब्दको उत्पत्ति ग्रिक भाषाको Politeia शब्दबाट भएको हो, जसको अर्थ नागरिक प्रशासन भन्ने थियो । Politeia शब्द बाटै Police शब्दको उत्पत्ति भएको हो र यसको अर्थ कानून कार्यान्वयन र सु-व्यवस्था कायम गर्नु थियो । French Police भनेर Police शब्दको प्रयोग प्रथम पटक भएको पाईन्छ । सर्वप्रथम फ्रान्सका राजा लुईस चौधौंले सन् १६६७ मा प्रहरी सम्बन्धी शब्दको प्रयोग गरेका थिए । त्यसै अनुरूप विश्वमा नै आधुनिक प्रहरीका पिता भनेर बेलायती तत्कालिन गृहसचिव Sir Robert Peal लाई मानिन्छ । Sir Robert Peal गृहसचिव भएका बेला सन् १८२९ मा उनले लण्डन महानगरीय प्रहरीको गठन गरेर प्रहरीको कामको सुरूवात गरेका थिए । सामान्यतयाः प्राचिन समयमा राज्यको दण्ड व्यवस्था अथवा अपराधीलाई सजाय गर्न धर्मग्रन्थहरूलाई आधार बनाईन्थ्यो र सोही आधारमा दण्ड गर्ने व्यवस्था थियो । हाल सोही अवस्थाको आधुनिकीकरणको स्वरूपमा प्रहरी संगठनको स्थापना भएको पाइन्छ । कुनै पनि राज्य व्यवस्थामा प्रहरी संगठन राज्यको प्रमुख अङ्ग अथवा मेरूदण्डको रूपमा रहेको हुन्छ भने राज्यले पनि प्रहरी संगठनलाई सोहि अनुरूप विकास गरेको हुन्छ । सन् १८२९ मा उनले लण्डन महानगरीय प्रहरीको गठन पश्चात सन् १८५७ बाट बेलायतका सबै शहरहरूमा प्रहरीको बिस्तार भएको पाइन्छ ।

त्यसैगरी अमेरिकामा सन् १८८४ मा स्थानिय पुलिस (Local Police) स्थापना भएको थियो । आधुनिक कालमा यसरी प्रहरीको विस्तार भएता पनि प्राचिन इतिहासमा समाजलाई सुरक्षित राख्न र समाजमा हुने अपराधलाई नियन्त्रण गरी अपराधीलाई कारबाही गर्ने चलन परापूर्व कालमा पनि प्रयाप्त पाइन्छ । यसै अनुरूप नेपालको परिप्रेक्ष्यमा प्रहरीको बिस्तारलाई हेर्ने हो भने 'सत्य सेवा सुरक्षणम्' मूलमन्त्रलाई आत्मसाथ गर्दै शान्ति, सुरक्षा,अमन चयन कायम गर्ने, अपराधको नियन्त्रण तथा निष्पक्ष अनुसन्धान गर्ने, नागरिकको जिउधनको रक्षा गर्ने जस्ता गहन जिम्मेवारीको भूमिका निर्वाह गर्दै आइरहेको छ ।

नेपाल प्रहरी काम र जिम्मेवारीका हिसाबले एक महत्वपूर्ण संस्था तथा राज्यको प्रमुख अगंको रूपमा स्थापित भएको छ । कठिन परिस्थितिको सामना गर्दै देश र नागरिकको निमित्त विभिन्न कालखण्डमा आफ्नो ज्यानको आहुती दिँदै सभ्य, शिष्ट र सुरक्षित समाज निर्माण गर्ने कार्यमा नेपाल प्रहरी सदा लागि परेको कुरा इतिहासमा स्पष्ट नै छ तर यदाकता नेपाल प्रहरीका एकाध सदस्यको त्रुटिपूर्ण कामले नेपाल प्रहरी विवादमुक्त रहन भने सकेको देखिँदैन । यसका लागि विगतमा भएका कमी-कमजोरीलाई सच्याउँदै र त्यसलाई एउटा शिक्षाको रूपमा ग्रहण गर्दै आगामी दिनमा त्यस्ता कमिकमजोरीलाई नदोहोऱ्याउने प्रतिबद्धताका साथ नेपाल प्रहरी अगाडी बढेको कुरा समेत आज समाजमा स्पष्ट नै छ । नेपाल प्रहरीका सकल दर्जाका कर्मचारी प्रतिबद्ध भएर लागि परेका र आन्तरिक शान्ति सुरक्षा र अपराध नियन्त्रणको क्षेत्रमा मियोको रूपमा नेपाल प्रहरी संगठन निर्विकल्प रूपमा अगाडी बढेको कुरा पनि स्पष्ट देखिएको छ ।

भारतको गुप्तकालमा उल्लेखित दण्डिक, चौरधरणिक, दण्डपाणिक जस्ता पदहरू प्रहरीसँग सम्बन्धित थिए भने इतिहासका अनुसार नेपालको तत्कालिन सुरक्षा व्यवस्था पनि यसै सँग सम्बन्धित थियो । प्राचिन भारतमा दण्डनायक, महादण्ड नायक, चाट र भाट, चौरिख, उमराब, काजि, कोटवाल, दरौगा जस्ता शब्दहरू प्रहरी प्रशासनका सन्दर्भमा प्रयोग भएका थिए र यसको प्रत्यक्ष प्रभाव नेपालको तत्कालिन व्यवस्थामा समेत परेको पाइन्छ । इतिहाससँग लिपिबद्ध गर्ने हो भने नेपाल प्रहरीको इतिहास कहाँबाट सुरू गर्ने भन्ने कुरामा दुविधा नै रहेको छ । अध्ययनको लागी नेपाल प्रहरीको विकासक्रमलाई तीन भागमा विभाजन गरिएको छ जुन यस्तो छः

**१. नेपाल प्रहरीको प्राचिन स्वरूप ।**
**२. नेपाल प्रहरीको मध्यकालिन स्वरूप ।**
**३. नेपाल प्रहरीको आधुनिक स्वरूप ।**

**१. नेपाल प्रहरीको प्राचिन स्वरूपः**

नेपाल प्रहरीको प्राचिन स्वरूप अन्तर्गत नेपालमा लिच्छवी शासनको सुरूवाती देखि जंग बहादुर राणाको उदय हुनु पुर्वको समयलाई लिइन्छ । त्यतिबेलाको समयमा अहिलेको जस्तो प्रहरी नै भन्ने नभएता पनि विभिन्न विद्वानहरूले हिन्दू समाजका लागि विभिन्न धार्मिक ग्रन्थहरू लेखी नियम कानूनहरू समेत प्रतिपादन गरेका थिए । ती नियमहरूबाटै राज्यका राजादेखि राज्यमा बसोबास गर्ने रैतिसम्मका सबै मानिसहरू र मानव समुदाय समाज समेत निर्देशित थिए । ती नियमहरूको कार्यान्वयन गर्ने त्यस्ता संस्थाहरू नभएपनि केही व्यक्तिहरूले केही पद पाएका थिए । तत्कालिन अवस्थामा सर्वदण्डनायक, दण्डनायक, महाप्रतिहार, प्रतिहार, दौवारिक तथा द्वारे, अधिकरण, चाटभाट, अन्तरासन, परमासन, स्थानिय प्रशासन, विषय, प्रति, गौल्मिक, चौतारा, कोतवाल, उमराव जस्ता पदहरू थिए । यी पदहरूमा बसेर काम गर्ने व्यक्तिहरूमा कतिपयले राज्यको सुरक्षा गर्दथे त कतिपयले समाजमा शान्ति, सु-व्यवस्था कायम गर्ने, अपराधको नियन्त्रण गर्ने तथा अपराध गर्ने अपराधीलाई कारबाही गर्ने कार्य गर्दथे । यी विभिन्न पदहरूले आफ्ना-आफ्ना स्तरबाट राज्यको शान्ति सुरक्षा एवम् सु-व्यवस्थाका लागि आफ्नो-आफ्नो तवरबाट महत्वपूर्ण भूमिका निर्वाह गर्दथे । धर्मग्रन्थहरूमा प्रहरी तथा दण्ड व्यवस्थाका सम्बन्धमा विभिन्न कुराहरू समेटिएको भएपनि यसलाई प्रमाणिक स्तरमा समावेश नगरिएकाले तत्कालिन समयमा प्रहरी व्यवस्था त्यति स्पष्ट भने थिएन । हाल प्रहरीले गरे जस्तै गरी यी पदहरू रहने व्यक्तिहरूले कार्य सम्पादन गर्ने गरेकाले यसलाई नेपाल प्रहरीको प्राचिन स्वरूपका रूपमा लिईन्छ ।

नेपाल बाइसे चौबीसे राज्यमा विभाजित भएको थियो । नेपाल प्रहरीको प्राचिन समयमा पृथ्वी नारायण शाहले नेपालको एकिकरण गरेका थिए । यो समयमा पनि प्राचिन प्रहरीसँग सम्बन्धित व्यक्ति र पदहरूमा आबद्ध व्यक्ति तथा फौजहरूले नेपाल राज्य एकिकरण गर्नको लागि उहाँहरूले महत्वपूर्ण योगदान गर्नु भएको थियो । इतिहासकार महेश चन्द्र रेग्मीका अनुसार नेपाल एकिकरण कार्य अगाडि बढिरहेको समयमा एकीकृत प्रदेशको थुम थुम र नाका नाकामा उमरावहरू शान्ति सुरक्षा कायम गर्न खटिएका देखिन्थे यिनिहरूले महत्वपूर्ण ठाउँहरूमा आवत जावत गर्ने संकास्पद व्यक्तिहरू माथि चेकजाच गर्ने, चोरी गर्नेलाई पक्राउ

गरी कारबाही गर्ने र शंकास्पद व्यक्तिहरूको सुराकी गरी राज्यपक्षलाई सहयोग गर्ने कार्य गर्दथे । जुन कार्य आज आएर राष्ट्रिय अनुसन्धान विभाग तथा नेपाल प्रहरीले गर्ने गरेको छ । उत्तर मध्यकालमा वर्तमान नेपाल राज्य ५४ वटा स-साना राज्यहरूमा विभाजित थियो । कुनै कुनै राज्यहरू त नाम मात्रका थिए । यसप्रकार ती स-साना राज्यहरूमा पनि आफ्नो देश र जनताको शान्ति सुरक्षा कायम गर्न स्थानिय भौगोलिक रूप अनुसारको आवश्यक प्रहरी संगठन गरिएको पाइन्छ । अर्कोतिर त्यसबेला आजको जस्तो छुट्टै प्रहरी कार्यालय नभै एउटै पदाधिकारी वा कार्यालयद्वारा सैनिक तथा प्रहरीको कार्य गरिएको देखिन्छ ।

**२. नेपाल प्रहरीको मध्यकालिन स्वरूपः**

नेपालमा जंग बहादुर राणाको उदय पश्चात नेपाल प्रहरीको विधिवत रूपमा स्थापना हुनु पूर्वको समयलाई नेपाल प्रहरीको मध्यकालिन स्वरूपको रूपमा लिइन्छ । जंग बहादुर राणाको उदय सँगै भारतमा शासनरत ईष्ट ईण्डिया कम्पनीको सिको गरेर नेपाल प्रहरीमा विभिन्न पद तथा निकायहरूको गठन गरेको पाईन्छ । जंग बहादुरले मुलुकको कर्मचारी प्रशासनलाई सुधार गर्ने उद्धेश्यले विं.स.१९०५ सालमा मुलुकी किताबखाना स्थापना गरी केही कर्मचारीहरूको अभिलेख राख्ने काम गरेका थिए, जसमा प्रशासनिक कर्मचारीहरूसँगै नेपाल प्रहरीसमेत थियो । बुच कमिशनको रिपोर्ट अनुसार जंग बहादुरको पालामा देशभित्र शान्ति सुरक्षा गर्न प्रहरी व्यवस्थाको थालनी भयो । उक्त रिपोर्ट अनुसार जंग बहादुरले बाह्र सवाल शिर्षकको एक नियम जारी गरी सबै नागरिकहरूले पालना गर्नुपर्ने कुराहरू उल्लेख गरी त्यसको उलङ्घन गर्ने माथि सजाय गर्ने गरी देश भित्र शान्ति सुव्यवस्था कायम गर्ने व्यवस्था मिलाएका थिए । जंग बहादुरको समयमा विराटनगरमा ३, सप्तरीमा २ र महोत्तरीमा १ चौकी स्थापना गरिएको थियो । जंग बहादुरकै पालामा नेपाल प्रहरीमा ठूलो परिवर्तन आएको र प्रहरी व्यवस्थाको सुदृढिकरण गरी प्रहरी व्यवस्थाको नयाँ तवरले संचालन गरिएको थियो । यस कालखण्डमा पनि प्रहरीसँग सम्बन्धित विभिन्न पदमा रहेर कार्य गर्ने थुप्रै व्यक्तिहरूले राष्ट्रको विकास, कानून कार्यान्वियन र समग्र समाजमा शान्ति सुरक्षा अमन चयन कायम गर्ने क्रममा आफ्नो ज्यान आहुती दिएको पाइन्छ । यो समयमा विभिन्न ठाउँमा प्रहरी चौकीदेखि मिलिसिया सम्मको स्थापना र ट्राफिक प्रहरीदेखि कोतवाली, अमिनी, पुलिस इन्सपेक्टरको दरबन्दी स्थापना हुनुका साथै आइजिपी पद र

अफिसको पनि स्थापना भएको थियो । जसअनुसार नेपाल प्रहरीका प्रथम आइजिपी तोरण शम्शेर जबरा हुनु सफल हुनुभयो ।

**३. नेपाल प्रहरीको आधुनिक स्वरूपः**

देशमा घटेका विभिन्न घटनाहरूको सामना गर्दै देश र नागरिकलाई आतंकित हुनबाट बचाउनका साथै समाजलाई सुरक्षित र शान्तमय बनाउनका लागि नेपाल प्रहरी सदा लागि परेको छ । नेपाल प्रहरीको विधिवत रूपमा स्थापना भए सँगै आजको समयलाई नेपाल प्रहरीको आधुनिक स्वरूपका रूपमा लिइन्छ । प्रहरी ऐन २०१२ जारी भएपछि नेपाल प्रहरीको आधुनिक काल सुरू भएको मानिन्छ । प्रहरी ऐन २०१२ जारी भए पश्चात आन्तरिक तथा संगठनात्मक रूपमा प्रहरीको काम, स्वरूप, नियुक्ति, सरूवा, बढुवा, तालिम, कारबाही जस्ता विभिन्न कुराहरूलाई  व्यवस्थित गरेको छ भने समाजमा शान्ति सुरक्षा, अमन चयन कायम गर्न तथा अपराधको नियन्त्रण गरी सभ्य समाजको निर्माण गर्नमा समेत प्रहरीले महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपाल प्रहरी संगठनले आधुनिक कालमा प्रवेश गरेसँगै नेपाल राज्यभित्र र नेपाल राज्य बाहिरसमेत विभिन्न कार्यहरू गरी प्रशंसा समेत बटुलेको छ । आधुनिक कालमा प्रवेश गरेसँगै नेपालले विश्वका प्रहरीहरूको अन्तर्राष्ट्रिय संगठन इन्टरपोलको सदस्यता पाएको हो ।

यसका साथै नेपाल प्रहरीले संयुक्त राष्ट्र संघमा समेत आफ्नो बलियो छवी बनाएको इतिहास छ । यस अन्तर्गत दक्षिणी सुडान, हाइटी, कोसोभो, युगोस्काभिया, पूर्वी टिमोर,डार्फर लगायतका मुलुकहरूमा शान्ति स्थापनाका लागि महत्वपूर्ण योगदान दिंदै आएको छ ।  यसैगरी नेपाल राज्यभित्र शान्ति सु-व्यवस्था कायम गरी समाजमा  अमन चयन कायम गर्नुका साथै प्रहरी र नागरिक बीचको सम्बन्धलाई सरल एवम् भावनात्मक बनाउनका लागि 'समुदाय प्रहरी सेवा केन्द्र', 'मुस्कान सहितको प्रहरी', 'प्रहरी मेरो साथी', 'टोलमा टोलमा प्रहरी','समुदाय-प्रहरी साझेदारी' जस्ता विभिन्न कार्यक्रमका साथ नागरिकको घर दैलोमा पुगेको छ । यसका साथै अहिले विश्व परिवेश इन्टरनेट तर्फ धकेलिएकोले इन्टरनेटबाट हुने विभिन्न किसिमका अपराधहरूको नियन्त्रण गर्नका लागि साइबर ब्यूरोको स्थापना गरी सबै नागरिकमा सचेतना जगाइरहेको छ । यसरी विभिन्न समयमा समयको माग अनुसार आफूलाई पूर्ण रूपमा नागरिकमुखी बनाउदै देश र नागरिकको सेवामा समर्पित नेपाल प्रहरी संगठनको सांगठनिक इतिहास गर्विलो रहेको छ । ♦♦♦

कविता

# छिमेक



✍ दीपक शर्मा समीर

सखारै नहिँडोस् भन्छ, बोकी अक्सिजन
मेरै छाती टेकी नाक भएर बहने हावा
र भन्छ आकाशमा उडी जाने चराले
नबिस्ट्योस्, नउम्रीयोस् बर र पीपल
सुन्छु, दक्षिणबाट चलेको सिरेटो
ठोकिन्छ उत्तरतिर
र आमाको आँसुझैं पग्लि रहन्छ सगरमाथा।

अनि हडप्न खोज्दैछ रे
सिमा व्यापारी र तिर्थाटनका नाईकेहरू
सुस्ता, कालापानी र लिपुहरू
र लागिरहेछ
केही झुकेझै शिर
केही रोकेझै श्वास
केही खुम्चिएझै छाती
त्यसैले, आगो ओकल्दै सकुनि पखेटा
छेक्न खोज्दैछ,
मेरै घरको छानो भएर उदाउने घाम।

लगाउन खोज्दैछ,
हात्तिलाई माउतेले
लगाउने अकुशझैं
अनि पो उम्रीएका हुन छातिका भित्ताहरूमा
कठोर र राष्ट्रवादी तिखा सुईराहरू
र पो भन्न मन लाग्छ ?

छोडिदेउ सौतेनी आमाझैं प्रगतिमा
डाहा गर्नेहरू
मलाई मेरै नेपाल बन्न देऊ
मलाई मेरै नेपाल भन्न देऊ
म नेपाल हुँ नेपाल
रत, सुस्ता, कालापानी र लिपु हुँ
र पो नेपाल हुँ
बनेको हो पुर्खाहरूकै शिरबाट सगरमाथा
अस्तिपञ्जरबाट पहाड
मांसपेशीबाट तराई
के भनौ ?
मिसिएको छ यही माटोमा नाभिको गन्ध
र पो ब्युझिएका हुन
धमिलो सपनाभित्र डुबुल्की मार्दै
सुस्ता, कालापानी र लिपुहरू।।

*घोराही, दाङ ।*




एक पटक एउटा मानिस बोटिङ् गर्दागर्दै नदीमा खसे छ । बिचरा पौडिन नजानेकोले डुब्न पुगेछ । डुब्दाडुब्दै उसको हातमा एउटा माछा परेछ माछालाई समाएर बाहिर बाटोमा फाल्दै भनेछ । “मलाई त बचाउने कोही भएनन् ल त ज्यान जोगा ।”

♦ ♦ ♦

**समोसा र पानीपुरी**

**सीता** : ओई ! आज बाहिर गएर केही खाँऊ न है ।

**रीता** : हैन के खाने ?

**सीता** : समोसा र पानीपुरी ।

**रीता** : हुन्छ ।

**सीता** : तैले, किन समोसाभित्रको आलु र पानीपुरी भित्रको पानी मात्र खाएको ?

**रीता** : मलाई आमाले बाहिरको नखानु भन्नु भएको छ ।

♦ ♦ ♦

**अफिस जान हतार भएका बाबालाई प्रश्न गर्दै ।**

**छोरी** : बुबा तपाईलाई थाहा छ, सगरमाथा कहाँ पर्छ ?

**बुबा** : हतारमा त्यतैतिर होला हेर्न, तेरी आमाले कता राखेकी होली ।

♦ ♦ ♦

**हरि** : मेरो बुबाले त एक हातले ट्रक रोकिदिनु हुन्छ ।

**श्याम** : त्यसो भए तिम्रो बुबा पहलमान हुनुहुन्छ होला होईन ?

**हरि** : हैन, मेरो बुबा त ट्राफिक प्रहरी हुनुहुन्छ क्या ।

**सङ्कलनः- प्र.ह.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- प्रहरी कल्याण कोषले २०४० साल असार ६ गतेबाट होजियारी तथा पेट्रोल पम्प सञ्चालनमा स्वीकृति पाएको थियो ।
- २०४१ जेठ १ गतेबाट प्रहरी केटाको लागि गुल्मको स्थापना गरिएको थियो ।
- नेपाल प्रहरीमा कम्प्युटर प्रणालीको आरम्भ २०४३ कार्तिक ८ गतेबाट कम्प्युटर शाखाको स्थापना भई, उक्त शाखा हाल कम्प्युटर निर्देशनालयमा स्तरोन्नति भएको छ ।
- वि.सं. २०४६ सालमा काठमाडौंमा इन्टरपोलको दसौं एसियाली क्षेत्रीय सम्मेलन सम्पन्न भएको थियो ।

**सङ्कलनःप्र.ना.नि. संगीता कार्की**

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४५ साल अङ्क, ३ को **द्वैमासिक पुलिस प्रकाशनमा** प्रकाशित प्रहरी महानिरीक्षक हेमबहादुर सिंहद्वारा लिखित **नेपालमा शान्ति सुरक्षाको व्यवस्था र नेपाल प्रहरीको विकास** ' शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

– *सम्पादक*

समाजमा अपराध नियन्त्रण र घटित अपराधको अनुसन्धान गर्नु, शान्तिमय वातावरण कायम राख्नु, नागरिकलाई सुरक्षा प्रदान गर्दै सेवा पुऱ्याउनु प्रहरीका मौलिक कर्तव्यहरू हुन् । यी कर्तव्यहरू पुरा गर्ने क्रममा प्रहरी पूर्वबाट पश्चिममा, तराईबाट हिमालमा छिटोभन्दा छिटो पुगी कार्य सम्पादन गर्नु पर्दछ । यसका लागि प्रहरीले प्रत्येक स्थानको शान्ति सुरक्षा स्थिति दैनिक थाहा पाइरहनु पनि पर्छ । यी कार्यहरू पूरा गर्न यातायात र सञ्चार उपकरणले ठूलो सघाउ पुऱ्याएको हुन्छ । आजको वैज्ञानिक चमत्कारपूर्ण युगमा यातायात र सञ्चार साधनले हरेक क्षेत्रमा प्रधान्य भूमिका खेलेको छ । वास्तवमा भन्ने हो भने यातायात सञ्चारको साहायता विना कुनै पनि क्षेत्र उद्देश्य प्राप्तिमा तुलनात्मक रूपमा पछि परेको हुन्छ । झन् समयमै पुग्नु पर्ने अधिराज्यको शान्ति सुरक्षा व्यवस्था दैनिक रूपमा पल-पलमा ज्ञान गरिरहनु पर्ने प्रहरी संगठनको निम्ति प्रभावकारी यातायात र सञ्चार साधन उपलब्ध हुन अनिवार्य छ ।

**सञ्चार व्यवस्था**

नेपाल प्रहरीमा सञ्चार व्यवस्थाको ऐतिहासिक जानकारी लिने हो भने नेपाल प्रहरी यस दिशामा शुरूमा आत्मनिर्भर थिएन । २००२।०३ सालतिर प्रहरी इकाईहरूले कुनै जरूरी कुराको जाहेरी पठाउनु परेमा हुलाकको भर पर्नु पर्थ्यो । हुलाक व्यवस्था नभएको ठाउँमा पैदलै गएर पनि खबर आदान प्रदान गर्ने गरिन्थ्यो । त्यस बेला नेपाली डाँक र अंग्रेजी डाँक नामाङ्कन गरिएका दुईवटा डाँक व्यवस्था भएको पाईएको छ । बहादुर सुपरिन्टेण्डेन्ट अफिसरबाट खबर पठाउँदा हाम्रो डाँकबाट र अंग्रेजी डाँकबाट पठाउँनु परेमा अंग्रेजी डाँकबाट पठाउँनु पर्ने व्यवस्था थियो भने जरूरी कुराहरू सरकारी आ.वा.बाट खबर गर्ने गरिन्थ्यो । त्यस्तै टेलिफोनको सुविधा भएको स्थानबाट पठाउँदा नजिकको टेलिफोन अफिसलाई लेखी पठाइने गरिन्थ्यो ।

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**रविप्रताप राणासमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं समेत, मुद्धाः- उत्प्रेषण परमादेश ( ने.का.प.२०७०, अंक ७, निर्णय नं.९००३२)**

योग्य देखिएको भन्ने आधारमा बढुवाको लागि सिफारिश गरिएको कानूनले तोकेको निश्चित शर्त उल्लंघन गरेको प्रमाणित नभएसम्म तथा मूल्याङ्कन गर्दा कसैका उपर बद्नियत चिताएको भन्ने स्पष्ट तथ्ययुक्त प्रमाणबाट स्थापित गरेमा बाहेक अङ्कको आकार सानो वा ठूलो हुँदैमा बद्नियत अनुमान गर्न नमिल्ने। शैक्षिक योग्यता र कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अङ्क दिने यान्त्रिक आधार र बढुवा समितिले तजबिजीरूपमा अङ्क दिन सक्ने आधारमा उस्तै देखिन आए पनि यान्त्रिक आधारको घेरा सीमित र सङ्कुचित हुन्छ । परन्तु, तजबिजी मूल्याङ्कनको आधारलाई सीमित घेरामा सङ्कुचन गर्न नसकिने । तजबिजी अधिकारको मूल्याङ्कनमा र यान्त्रिक मूल्याङ्कनबापत दिइने अङ्कमा समानता हुनुपर्छ भन्न मिल्ने हुँदैन । नियन्त्रित अधिकार तजबिजी अधिकारको परिभाषामा समायोजन हुन नसक्ने।

**यादव अधिकारी विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार समेत मुद्धाः उत्प्रेषण र परमादेश ( ने.का.प. २०७१, अंक ९, निर्णय नं. ९२४८)**

जुन निर्णयले Merit लाई नै मान्यता दिँदैन, त्यो निर्णय न्यायपूर्ण भएको भनी अदालत चुप लाग्ने हो भने सङ्गठनको मनोबल व्यक्तिपरक मात्र हो भन्न पर्ने हुन्छ । त्यस्तो मनोगत कथनलाई आफूलाई संस्थागत बनाउन आफैंले निर्माण गरेको मापदण्डलाई सो खेलको नियममा मैले किन सहमत भइन भन्न यसको नियम म आफैंले नै बनाउने अधिकार राख्छु, त्यसैले कसैले छानबिन नगर्नु भन्नु न्याय र सद् विवेकसमेत परित्याग गर्नु हो । त्यस्तो अवस्थामा सरकारले आफ्नो औचित्य समाप्त गरेको भन्नपर्ने भएकाले न्यायपूर्ण विवेकको प्रयोग गर्ने राज्यको अर्थ कसैले पनि समाप्त भएको मान्न नपर्ने र राज्यको उत्तरदायित्व बोध गरेको देखिनुपर्ने । सुस्पष्ट कानूनको परमाधिकारी कानून मात्र हो, कसैको तजविजी होइन, तसर्थ समान अवस्थामा प्राप्त अङ्कको गणना भै रहेको नं. १३ को हकसम्ममा विशेष दरबन्दी सिर्जना भएकोमा सो भन्दा अधिका अङ्कमा देखिएकाहरूलाई त्यस्तो सुविधाबाट वञ्चित राख्नु न्यायपूर्ण हुन नसक्ने ।

**सङ्कलनःप्र.स.नि. जनक आचार्य**